# तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन

(काठमाण्डौ, नागार्जुन नगरपालिका भिमढुङ्गा क्षेत्रका तामाङसमुदायको समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि

प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका लागि

पृथ्वीनारायण क्याम्पस पोखरामा

पेश गरिएको

शोधपत्र


शोधकर्ता

गंगा लामिछाने

रोल नं. ८०/२०७२

परिक्षा रोल नं.४८०३७५/२०७५

रजिष्ट्रेसन नं.५-१-४८-२९५७-२००४

समाजशास्त्र तथा ग्रामीण विकास विभाग


२०७९


तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन

गंगा लामिछाने

२०७९

**त्रिभुवन विश्वविद्यालय**

# पृथ्वीनारायण क्याम्पस

## (समाजशास्त्र तथा ग्रामीण विकास विभाग)

**पोखरा**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा छात्रा गंगा लामिछानेले **तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन** शीर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः २०७९/०३/०१

..........................

उप प्रा. रामचन्द्र बराल

(शोध निर्देशक)

समाजशास्त्र तथा ग्रामीण विकास

विभाग

पृथ्वीनारायण क्याम्पस पोखरा,

**त्रिभुवन विश्वविद्यालय**

# पृथ्वीनारायण क्याम्पस

## (समाजशास्त्र तथा ग्रामीण विकास विभाग)

**पोखरा**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिका लागि आंशिक पूर्तिका निम्ति शोध छात्रा गंगा लामिछानेले **तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन शिर्षकको शोधपत्र** उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

..............................

रामचन्द्र बराल

(शोध निर्देशक)

..........................

नेत्र नारायण पौडेल

वाह्य परीक्षक

.............................

शिव वहादुर थापा

विभागीय प्रमुख

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति :२०७९/०३/१०

# कृतज्ञता ज्ञापन


त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि प्रस्तुत गर्नुपर्ने अनुसन्धानात्मक शोधपत्रमा मैले काठमाण्डौ जिल्लाको नागार्जुन नगरपालिका भिमढुंगा क्षेत्रका **तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन** शीर्षकमा शोधपत्र पेश गरेकी छु ।

शोधपत्रको तयारीको क्रममा मेरो शोधकार्यमा शुरुदेखि अन्त्यसम्म उचित सल्लाह, सुझाव, निर्देशन, प्रदान गरी कमीकमजोरीलाई सच्याउन आफ्नो अमूल्य समय दिई मलाई सहयोग गरिदिनु भएकोमा मेरो शोध निर्देशक आदरणीय गुरु रामचन्द्र बराल ज्यूप्रति विशेष कृतज्ञता ज्ञापन गर्न चाहन्छु । समाजशास्त्र तथा ग्रामिण विकाश विभागका विभागिय प्रमुख शिव वहादुर थापाज्यूप्रति पनि आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराउन बिशेष सहयोग गर्नुहुने नागार्जुन नगरपालिका वडा नं.८ भिमढुङ्गाका वडाध्यक्ष शुक्र वहादुर तामाङज्यू तथा वडाका सम्पूर्ण कर्मचारी परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रलाई यस रुपमा ल्याउन सहयोग गर्नुहुने सबै प्रति हृदयदेखी नै धन्यवाद दिन चाहन्छु ।

यसरी नै आर्थिक र व्यवहारिक समस्यासँग संघर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चिएर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने मेरा .जिवनसाथी ऋषि राम चपाई प्रति कृतज्ञता प्रकट गर्दछु । अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र विभागमा पेश गर्दछु ।

मिति :-२०७९/०३/०१


..........................


गंगा लामिछाने

सामाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस पोखरा,

## विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | |
| स्वीकृति पत्र | | |
| कृतज्ञता | | |
| चित्र/तालिकाहरुको सूची | | |
| **अध्याय एक : परिचय** | | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्व | ६ |
| १.५ | अध्ययनको सिमा | ६ |
| १.६ | अध्ययनको संगठनात्मक ढाँचा | ७ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको समीक्षा** | | |
| २.१ | भिमढुङ्गाका तामाङ जातिको सामाजिक इतिहास | ८ |
| २.२ | सैद्धान्तिक समिक्षा | ९ |
| | २.२.१ सामाजिक-सांस्कृतिक परिवर्तन सम्बन्धी अवधारणाहरू | ९ |
| | २.२.२ सामाजिक अनुकुलता सम्बन्धी प्रकार्यवादी सैद्धान्तिक समीक्षा | १२ |
| | २.२.३ संरचनात्मक प्रकार्यात्मक सिद्धान्त र तामाङ समुदाय | १५ |
| २.३ | तामाङ विवाह सम्बन्धी अभ्यासहरू | १६ |
| **अध्याय तिन : अनुसन्धान विधि** | | |
| ३.१ | अध्ययन क्षेत्रको छनौट र औचित्य | २० |
| ३.२ | अनुसन्धान ढाँचा | २१ |
| ३.३ | तथ्याङ्कहरूको स्रोत र प्रकृति | २१ |
| ३.४ | नमुना छनोट | २१ |
| ३.५ | तथ्याङ्क सङ्कलनका विधि | २२ |
| ३.६ | तथ्याङ्कको प्रशोधन तथा व्याख्या | २२ |
| **अध्याय चार : अध्ययन क्षेत्रको सामाजिक जनसांख्यिकी** | | |
| ४.१ | अध्ययन क्षेत्रको सामाजिक परिचय | २३ |
| ४.२ | अध्ययन क्षेत्रको जनसांख्यिकी विवरण | २४ |
| ४.३ | तामाङ बस्तीका घरधुरीगत विवरण | २६ |
| **अध्याय पाँच : विवाह संस्कारमा आएका परिवर्तनहरू** | | |
| ५.१ | चलन र विश्वासमा आएको परिवर्तन | ३४ |

५.१.१ प्रचलित विवाहका प्रकारहरूमा आएको परिवर्तन ३४
५.१.२ 'ल्हो' र ल्होको 'खाम' का तत्वहरूको सम्बन्ध र मान्यतामा आएको परिवर्तन ३४
५.१.३ मामा-फुपू चेलाचेली विवाह सम्बन्धमा आएको परिवर्तन ३९
५.१.४ विवाह कार्य सम्पन्न हुने स्थानहरूमा आएको परिवर्तन ४१
५.१.५ विवाह गर्ने उमेरमा आएको परिवर्तन ४२
५.१.६ विवाह कार्यका मुख्य-भूमिकाका व्यक्तिहरुको भूमिकामा आएको परिवर्तन ४३
५.१.७ विवाह भयका स्थानहरूमा आएको परिवर्तन ४५
५.१.८ विवाह पोशाकमा आएको परिवर्तन ४६
५.१.९ विवाह उमेरअन्तरमा आएको परिवर्तन ४७
५.२ विवाहका चरणहरूमा आएको परिवर्तन ४८
५.२.१ मगनी अगाडिका कार्यहरूमा आएको परिवर्तन ४९
५.२.२ मगनीका चरणहरूमा आएको परिवर्तन ५२
५.२.३ विवाह कार्यका चरणहरूमा आएको परिवर्तन ५७
५.२.४ विवाह पश्चातका कार्यहरूमा आएको परिवर्तन ७२
५.३ आर्थिक पक्षमा आएको परिवर्तनहरू ७३
५.३.१ मागीविवाह खर्चमा आएको परिवर्तन ७३
५.३.२ मागीविवाहमा दाइजोमा आएको परिवर्तन ७४
५.४ मागीविवाह परिवर्तनका कारणहरू ८१
**अध्याय छ : अध्ययनको सारांश र निष्कर्ष**
६.१ सारांश ८१
६.२ मुख्य प्राप्ति ८२
६.३ निष्कर्ष ८५
**सन्दर्भग्रन्थ सूची ८७**
**अनुसूची ८९**

## चित्र/तालिकाहरुको सूची


| तालिका नं | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.१ | अध्ययन क्षेत्रका जातिगत अवस्थिति विवरण | २४ |
| ४.२ | अध्ययन क्षेत्रका तामाङ समुदायको वस्तीको अवस्थिति विवरण | २५ |
| ४.३ | अध्ययन क्षेत्रका तामाङ समुदायको घरधुरीगत विवरण | २६ |
| ४.४ | अध्ययन क्षेत्रका तामाङ समुदायको उमेरगत जनसंख्या विवरण | २७ |
| ४.५ | अध्ययन क्षेत्रका तामाङ समुदायको धार्मिक अवस्थागत विवरण | २८ |
| ४.६ | अध्ययन क्षेत्रका तामाङ समुदायको साक्षरता विवरण | २८ |
| ४.७ | अध्ययन क्षेत्रका उत्तरदाताहरुको शैक्षिक योग्यता विवरण | २९ |
| ४.८ | अध्ययन क्षेत्रका उत्तरदाताहरुको भाषागत पहुँच विवरण | ३० |
| ४.९ | अध्ययन क्षेत्रका उत्तरदाताहरुको पेशागत विवरण | ३१ |
| ४.१० | अध्ययन क्षेत्रका उत्तरदाताहरूको पारिवारिक थरको विवरण | ३१ |
| ४.११ | अध्ययन क्षेत्रका उत्तरदाताहरूको पारिवारिक संरचना विवरण | ३२ |
| ४.१२ | अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैवाहिक विवरण | ३३ |
| ५.१ | अध्ययन क्षेत्रका तामाङहरूको विवाहका प्रकारको विवरण | ३८ |
| ५.२ | अध्ययन क्षेत्रका तामाङहरूको वैवाहिक सम्बन्ध कायममा भएको विवरण | ४० |
| ५.३ | अध्ययन क्षेत्रका तामाङहरूको विवाहकार्य सम्पन्न हुने स्थानहरूको विवरण | ४१ |
| ५.४ | अध्ययन क्षेत्रका तामाङहरूको उमेरगत विवाह विवरण | ४२ |

| | | |
|---|---|---|
| ५.५ | अध्ययन क्षेत्रका तामाङहरूको विवाह कर्मकाण्डका सहजकर्ता विवरण | ४५ |
| ५.६ | अध्ययन क्षेत्रका तामाङहरूको विवाह सम्बन्धका स्थानहरूको तुलना | ४६ |
| ५.७ | अध्ययन क्षेत्रका तामाङहरूको विवाह पोशाकको तुलना | ४६ |
| ५.८ | अध्ययन क्षेत्रका विवाहमा हुने उमेरअन्तर विवरण | ४८ |
| ५.९ | अध्ययन क्षेत्रका तामाङहरूको विवाहमा जोडी छनौटको आधार | ५० |
| ५.१० | अध्ययन क्षेत्रका मागीविवाहमा लमीको भूमिका विवरण | ५२ |
| ५.११ | अध्ययन क्षेत्रका मागीविवाहमा पोङमालैजाने सामानहरूको तुलनात्मक विवरण | ५४ |
| ५.१२ | अध्ययन क्षेत्रका मागीविवाहमा निम्ताउने तरिकाको तुलनात्मक विवरण | ५७ |
| ५.१३ | अध्ययन क्षेत्रका मागीविवाहमा प्रचलित बाजाहरूको विवरण | ५८ |
| ५.१४ | अध्ययन क्षेत्रका मागीविवाहमा सिँदुरपोते प्रचलनको विवरण | ७० |
| ५.१५ | अध्ययन क्षेत्रका मागीविवाहमा हुने खर्चको तुलनात्मक विवरण | ७४ |
| ५.१६ | अध्ययन क्षेत्रका मागीविवाहमा आएको परिवर्तन र परिवर्तनका कारणहरू | ७५ |
| वृ.न ५.१ | विवाहमा छनौटआधारको संख्या विवरण वृत्तचित्र | ५१ |

# अध्याय : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनैपनि जातीको आफ्नो पहिचान भनेको उसको संस्कृति हो । त्यही संस्कृति अन्तर्गत जन्मदेखि मृत्युसम्मका कृयाकलापहरू सम्पन्न हुन्छन् । त्यही संस्कृति भित्रका संस्कारबाट नै समाजमा कुनैपनि जाती विशेषको अस्तित्व रहन्छ । यस अर्थबाट बुझ्दा संस्कृति मानवजीवनको मानवीय सचेतना, रूप र रङ्गको महत्वपूर्ण पक्ष हो । त्यसैगरी परम्परागत रुपमा चलिआएका चलन र त्यसलाई वर्तमान समाजले पनि स्वीकार गरी निरन्तरता दिएको खण्डमा यो एउटा पुस्ता हस्तान्तरणको प्रक्रिया पनि हो । संस्कृति र त्यसभित्रका संस्कार र व्यवहारलाई कुनैपनि देशको सामाजिक, आर्थिक, राजनैतिक, भौगोलिक, शैक्षिक तथा कानुनी र वातावरणीय पक्षले ठुलो भूमिका खेलेको हुन्छ ।

कला र संस्कृति कुनैपनि जातीको पहिचान मात्र नभै राष्ट्रको निधि पनि हो । जातीय कुल मर्यादाअनुरूप मानवकेन्द्रित कृत्यलाई सामाजिक संस्कार भनिन्छ । जसले व्यक्तिलाई सामाजिकीकरण गर्न सहयोग गर्दछ । सम्बद्धता-असम्बद्धता, आदान-प्रदान र सहयोगक्षेत्रको परिभाषा गरेर त्यो समाजलाई ऐक्यवद्धताका साथ नियमित र निर्देशित गर्दछ । यसर्थ जातीयताले भाषा, संस्कृति, परम्परा र पुर्ख्यौली थलोको आधारमा एउटा निश्चित जनसमुदायको मनोभावलाई बुझाउँछ । एउटै भाषा, संस्कृति, परम्परा र पुर्ख्यौली स्मृतिले गर्दा जातियताले एउटा विशिष्ट चेतना प्रदान गर्दछ । त्यसैले जातियता ऐतिहासिक अनुभवमा आधारित साझा संस्कृति र भावनात्मक आफ्नोपन हो(**डेशेन र वन्त, २०१७ : ९२**) ।

यसरी विभिन्न जातजाति, भाषाभाषी र संस्कार-संस्कृतिले सम्पन्न नेपालका बिभिन्न जातजातिहरू मध्ये प्राचीन मङ्गोल नश्लको 'तामाङ' जाति पनि एक हो । जातीय विभाजनमा १२५ जातजाति रहेकाछन् । भाषिक विविधतामा १२३ भन्दा बढी भाषा वोल्ने गरीन्छ । धार्मिक विविधतामा ५ भन्दा बढी सम्प्रदाय रहेकाछन् । तसर्थ प्राचीन इतिहास र सभ्यताको खानीका रूपमा सुसम्पन्न यो प्राचीन हिन्दुराष्ट्र मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्टिकोणले अध्ययन तथा अनुसन्धानको लागि महत्वपूर्ण स्रोतस्थलका रुपमा मानिन्छ । संसारभरिका जुनसुकै जाती, जनजाति वा समाजमा

प्रत्येकको आ-आफ्नै संस्कृतिहरू छन् । त्यसमा पनि नेपाल विविधता बिचमा पनि विभिन्नता भएका मानिसहरूको बसोवास क्षेत्र भएकाले यहाँ एउटै भाषा, एउटै धर्म, एउटै जाति बिचपनि संस्कार, रीतिरिवाज र परम्पराहरू फरक-फरक रहेको पाइन्छ । यी सबै स्थानीय संस्कृतिको सामूहिक रुप नै राष्ट्रिय संस्कृति भएकोले स्थानीय संस्कृतिहरूको अध्ययन महत्वपूर्ण मानिन्छ । आजको राजनीतिक विभाजनमा मेचीदेखि महाकालीसम्मको भु-भागलाई नेपाल अधिराज्य भनिन्छ । यसै भु-भाग भित्र बस्ने समस्त जनता नेपाली कहलाउँछन्(**शर्मा, २०७७ : १**) ।

वर्तमान अवस्थामा आफ्नो अस्तित्व भएका बिभिन्न जातजातिहरूको पेशा, धर्म, संस्कार, परम्परा तथा मूल्यमान्यताहरूमा ह्रास आई संरक्षण तथा सम्वर्द्धनमा समेत असर पुगेको पाइन्छ । जसको फलस्वरुप नेपाली समाजको आन्तरिक संरचना र संस्कृतिलाई नखलबल्याई अक्षुण्ण र व्यवस्थित बनाइराख्ने कार्यमा जटिल अवस्था सिर्जना भएको छ ।

यस्तो परिस्थितिमा **"तामाङजातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन"** सम्बन्धि बिषयमा तामाङजातीमा प्रचलित विवाहहरू, प्रचलित विवाहमध्ये मागी विवाह र मागी विवाह गर्ने मौलिक पद्धति तरिका आदि विषयका अतिरीक्त परिवर्तनका कारणहरू र जसबाट देखिएको असर लगायतका आवश्यक विषयहरूमाथि पनि अध्ययन तथा अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

आदिवासी जनजातिहरूको मौलिक पहिचानहरू भाषा, संस्कृति, धर्म र इतिहास जसको संस्थागत र राजनैतिक संरचना हुन्छ । मौलिक र परम्परागत व्यवस्था, ज्ञान, प्रणाली र विशिष्ट मूल्यमान्यताका कारण आदिवासी जनजातिहरूको समुदाय अन्य समुदाय भन्दा पृथक हुन्छ । विश्वभरि आदिवासी जनजातिको उपस्थिति छ र तिनलाई सम्बोधन गर्ने साझा शब्द छैन । नेपालको सन्दर्भमा भने आदिवासी जनजाति शब्दको प्रयोग भएको पाइन्छ । विश्वका आदिवासी जनजातिहरूको संख्या ७० करोड भन्दा बढी छ । जुन विश्वको जनसंख्याको ५ प्रतिशत हो । आदिवासी जनजातिहरूका सबैभन्दा बढी ७, ००० भाषा तथा ५, ००० संस्कृति रहेका छन् । आदिवासी जनजातिको पहिचानमा विशिष्टता र विविधता भएकाले अन्तर्राष्ट्रिय कानुनमा पृथक पहिचान् तथा सामूहिक अधिकारहरू प्रदान गरिएका छन्(**राष्ट्रिय मानवअधिकार आयोग, २०७५**) ।

परिवर्तन प्राकृतिक नियम हो । जसमा पुराना संस्था, परम्परा, मूल्यमान्यता, चालचलन, व्यवहार र सम्बन्धको अन्त्य र नयाँपनको थालनी हुन्छ । एक अवस्थाबाट अर्को अवस्थामा मानवीय सम्बन्ध, चालचलन, व्यवहारमा आउने फरकपन नै परिवर्तन हो । संस्कार, सभ्यता, मूल्य, मान्यता, रीतिरिवाज र परम्परा हुनुबाट नेपालमा बसोवास गर्ने जातजाति, भाषाभाषी र धर्मबीचका आफ्नै मौलिक विशेषता पाइन्छ । कुप्रथा, रुढीवादी, कुसंस्कार र भेदभाव तथा अमान्य सामाजिक बेथितिलाई परिवर्तन गरी समयसापेक्ष र समावेशी बनाइनु सान्दर्भिक हुन आउँछ । तर कतिपय अवस्थामा परिवर्तनका कारणहरूले गर्दा विविधखाले इतिहासका वाहक  सभ्यता र पहिचानका आधारहरू मेटिने डरमा नभएका भने होइनन्  ।

नेपाल संस्कृतिको दृष्टिले धनी तथा सम्पन्न छ जहाँ ५९ वटा भन्दा बढी आदिवासी जनजातिहरूको छुट्टा-छुट्टै संस्कार तथा सभ्यताहरू रहेकाछन् । यधपि ति संस्कार तथा संस्कृतिहरूलाई जीवन्त राख्नु आजको दुनियाँमा चुनौति बन्दैगएको छ । आज विश्वव्यापिकरण, आधुनिकीकरण, हिन्दुकरण, पश्चिमीकरण र इसाईकरण प्रत्येक नेपाली समाजको पाइला -पाइलामा छ । जसले हाम्रा मौलिक संस्कारहरूबाट हामीलाई विच्छेद गर्न खोज्दैछन् । अनि हामीपनि आधुनिकताको नाममा पश्चिमी सभ्यता र संस्कृतिलाई सिको गर्दै आफूलाई मेटाउन खोजिरहेका छौँ । युग-युगदेखि अनेक जातीको सम्मिश्रणबाट नेपाली समाजको सृष्टि भएको पाइन्छ । अतः रक्त र संस्कृतिको दृष्टिले सबै जातीको देन आजको नेपाली समाजमा छैन भन्नु अनुपयुक्त हुनेछ । यही मिश्रित वस्तु आजको नेपाली समाज हो र यसैको रक्षा गर्नु आजको समस्त नेपाली समाजको कर्तव्य पनि हो(**शर्मा, २०७७ : ४७**) **।**

विभिन्न संस्कार, परम्परा र पद्धतिको मूलधारमा समाजको विकास तथा सामाजिक आयामहरूमा परिवर्तन हुन्छ । मानवसमाजको उत्पतिको अवस्थामा  विवाहरूपि संस्थाको कुनै अस्तित्व थिएन । अन्य जीवहरू जस्तै मानिसको पनि जैविक आवश्यकताको रुपमा रहेको यौनक्रियाकलापलाई व्यवस्थित गर्न विवाह संस्थाको उत्पत्ति भएको हो । मानव पक्षका विकासहरूसँगै विवाह संस्थामा पनि परिवर्तन भयो । सुरुका अवस्थामा रक्तसम्बन्धमा आधारित भएको विवाह पद्वतिमा परिवर्तन हुँदै समुह विवाह, बहुपति / बहुपत्नी विवाह साथै वर्तमानमा एकलगामी विवाह पद्धतिसम्मका विवाह संस्कार पाइन्छ । अझैपनि कुनैकुनै जातिविशेषमा मामाकी छोरी विवाह गर्ने प्रचलन कायम रहेको भएपनि धेरैजसो समुदायमा नातेदारबीच विवाहलाई विस्तारै

हटाउँदै लगेको पाइन्छ । यसरी विकासक्रममा विवाह संस्थामा परिवर्तन हुँदा संसारका सबै समाजहरूमा एकैनासले भएको पाइदैन । कुनै छोटो समयमा धेरै परिवर्तन भए भने कुनै समयमा खासै परिवर्तन भएनन् । आधुनिक समयसम्म आइपुग्दा सुरुको यौन साम्यवादी समाजको तुलनामा धेरै परिवर्तनहरू देख्न र भोग्न पाइरहेका छौ । परिवर्तन गतिशील हुनुले एकठाउँमा आएको परिवर्तन सबैतिर प्रसारण भई नै हाल्छन् जसको फलस्वरुप विवाह संस्कारमा पनि धेरै परिवर्तन भएका छन् । नेपालीसमाज बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक हुनुले यहाँ समाज, धर्म, जात, संस्कृति अनुसारका विभिन्न किसिमका विवाहसंस्कार पाइन्छन् ।

मानवलाई मानव बनाउने पक्ष नै संस्कृति हो । तसर्थ मानवको रक्तकणमा संस्कृति प्रवाहित भइरहेको हुन्छ । अंग्रेजी भाषामा एउटा भनाई छ **"सभ्यता यस्तो चिज हो जुन हामी सित हुन्छ तर संस्कृति त्यो गुण हो जुन हामीमा व्याप्त छ"** । संस्कृतिको सम्बन्ध कला र बुद्धिसँग हुन्छ भने सभ्यताको सम्बन्ध भौतिक पदार्थसँग हुन्छ । तामाङहरु संस्कृतिलाई **'ङ्विमठिम'** भन्छन् भने आजभोलि सभ्यताको रुपमा **'म्हारमिन्छन्ना ङ्विमठिम'** मान्दछन् । 'ठिम' भित्र 'ह्युलठिम' (गाउँसमाज चलाउने नियमकानुन) 'म्हिठिम' (मानिसको व्यक्तिगत जीवनलाई व्यवस्थित बनाउने कानुन) र 'छ्योयिठिम' (धर्मसंस्कृतिलाई व्यवस्थित वनाउने नियम) गरी संस्कृतिलाई व्यवस्थित बनाएको हुन्छ(**गोले, २०७२ : ३७) ।** तसर्थ सभ्यता र संस्कृतिलाई अन्तर्निहित ढङ्गले डोर्याउनु तामाङ संस्कृतिको पहिचान पनि हो । यस्तैखालका संरक्षणको खोजीमा पुगेको मौलिकता र पहिचानको संवाहक तामाङ जातिलाई पनि आफ्नो परम्परा, संस्कार र संस्कृति संरक्षणमा सङ्क्रमणको अवस्थामा पाउन सकिन्छ ।

यस जातीको संस्कार र संस्कृति प्रकृतिवाद वोनधर्ममा आधारित थियो । आठौं शताव्दीमै तिब्बतमा लामा बौद्धधर्मको विकास भएपछि तिव्वति धर्मग्रन्थको आधारमा कर्मकाण्ड गर्ने एउटा वर्गको जन्म भयो जसलाई **'लामा'** भनिन थालियो । 'लामा' तामाङ जातिको एउटा थर हुनपुग्यो तर यो थर नभै पदवि मात्र हो । विस्तार-विस्तार तामाङसमाजमा लामा बौद्धधर्मको स्थापित भयो । हिन्दुहरुसँगको सामिप्यको कारण वर्तमानमा आफ्ना चाडपर्वहरूमा हिन्दुसंस्कारका राम्रा-नराम्रा पक्षहरु भित्राएको पाउन सकिन्छ । झन् हाल धर्मनिरपेक्ष गरेर राज्यले आफ्ना नागरिकहरूमा धार्मिक स्वतन्त्रता प्रदान गरेपनि केही तामाङहरुको समाज नै आफ्नो धर्म छाडेर क्रिश्चियन धर्ममा प्रेरित र अनुयायी भएको पाइन्छ । यसरी वर्तमान समयसम्म आइपुग्दा तामाङ जातिका आफ्ना आदिम

पुर्खाहरूले मौलिक चिन्तनबाट निर्माण गरेका संस्कृति र संस्कारहरूमा प्रदुषण मात्र नभै विचलन आएको पाइन्छ(**तामाङ, २०७२ : ८०**) ।

विश्वमा अनान्य जाति-उपजाति सरह तामाङजाति र यसको इतिहास, कालखण्ड, कुलधर्म, परम्परा, भाषा, भेषभुषा, संस्कार र गित सङ्गीतको धनी मानिन्छ। वर्तमानमा जुन प्रकारको तिव्रगतिको विकास र वैज्ञानिक यन्त्रहरूको कारणले तामाङ जातिमा पनि अन्तर्विवाह चलनले प्रभाव पारेको फलस्वरुप दिन-दिनै तामाङजातिको भाषा र परम्परामा ह्रास आएको देखिन्छ। **तामाङ व्रेलसाङ्ला व्हाई** (२०७७) मा उल्लेख भएअनुसार प्रारम्भिककालमा **'मामा-फुपू छोरा-छोरी'** विचमा विवाह गर्ने चलनले तामाङ समाजमा भाषा र संस्कार दिगो रहोस् भन्ने मान्यता पाइन्छ।

यि भिन्नखाले आयातित संस्कार र व्यवहारले ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक मौलिक पृष्ठभूमि बोकेको तामाङ जातिमा पनि असर नगरेको तथा नगर्ने चाँहि होइन । तामाङ जातिभित्रका संस्कारहरूमा पनि केही कुसंस्कारहरू नभएका पनि होइनन् र जे छन् ति सबैलाई जस्ताको तस्तै शिरोधार्य तथा सिको गर्नुपर्छ भन्नेचाहिँ होइन। बरु दुर्वल पक्षलाई छाड्ने, परिवर्तन वा परिमार्जित गर्ने र सवल पक्षलाई सम्वर्द्धन गर्नुपर्ने हुन्छ। एक समुदायमा भएका राम्रा र मिल्दा पक्षलाई अर्को समुदायले आदर तथा सिको गर्नुले सामञ्जस्यता कायम हुने देखिन्छ। विवाहसंस्कारमा आएको परिवर्तन अध्ययनमा नेपालका आदिवासी जनजातिहरूमध्ये प्रमुखजाति **तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तनबारे** शोध अध्ययन गरिएको छ । जसबाट परिवर्तनका कारणहरू र त्यसको असरका आधारमा विवाहसंस्कारमा परिवर्तनबारे विशेष जानकारी हुनेछ।

### १.३ अध्ययनको उद्देश्य

अध्ययनको सामान्य उद्देश्य तामाङ जातिहरूले गर्ने मागी विवाह संस्कृति, त्यसमा आएको परिवर्तन र यसका कारणहरू पत्ता लगाउनु रहनेछ ।

**विशिष्ट उद्देश्यहरू**

१) तामाङ जातीको मागी विवाह संस्कृतिमा आएको परिवर्तन पत्ता लगाउनु,

२) तामाङ जातीको मागी विवाह संस्कृतिमा आएको परिवर्तनका कारणहरू पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

कुनैपनि विषयको अध्ययन गरिन्छ भने त्यसको महत्व रहनेहुँदा यसमा **"तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तन"** बारे अध्ययन गरीयको छ। जसबाट नेपालमा रहेका सम्पूर्ण जातिहरूको संस्कार तथा संस्कृतिमा भएको परिवर्तनलाई समेत प्रतिनिधीत्व गर्न सक्नेछ ।

यस शोधअध्ययनले परिवर्तनका कारकहरूले कसरी संस्कार तथा संस्कृतिमा प्रभाव पारेको छ भन्नेबारेमा जानकारीमूलक हुनेछ। जसले गर्दा संस्कार तथा संस्कृति परिवर्तन विषयमा कामगर्ने सरकारी, सामाजिक तथा जातीय सङ्घसंस्थालाई उपयोगी हुने मानिन्छ । यसअलावा तामाङसमाजका नयाँपुस्तामाझ जानकारीमूलक र गैरतामाङ जो तामाङ जातिको बारेमा जान्न, बुझ्न र अध्ययन गर्न चाहन्छन् तिनीहरूको लागि पनि स्रोत हुनेछ ।

समाज गतिशिल संस्था हो र परिवर्तन यथार्थ पनि हो। जसले परम्परागत समाज जटिलता तर्फ धकेलिँदै गएको छ। समयसापेक्ष र सान्दर्भिक परिवर्तनले समाजको विकास त हुन्छ नै तर मौलिकतामाथि ह्रास आउने वा परिवर्तनबाटै मूलरूप नै नासिने हुन्छ। जसलेगर्दा विगत वर्तमान र भविष्यसमेतको ख्यालगरी मौलिक संस्कार संस्कृति माथि हुने परिवर्तन दौरासुरुवाल ढाकाटोपी बाट कोट पाइन्ट र छत्रेवाला टोपीको संस्कार-संस्कृति तर्फ नपुगोस् भन्नेकुरामा ध्यानदिनु जरुरी छ ।

## १.५ अध्ययनको सिमा

अध्ययनको लागि अत्यावश्यक स्रोत, साधन र समयको सीमितता लाई ध्यानमा राख्दै यस विषयमाथि अध्ययन गर्दा निम्न सीमाहरू लाई समेत अवलम्बन गरीएको छ ।

(क) यो अध्ययन काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं.८ भिमढुङ्गामा रहेका तामाङ जातिहरूको मात्र रहेको छ ।

(ख) यो अध्ययनमा सो ठाउँका तामाङ जातिको मागी विवाह संस्कार गर्ने तरीका के-कस्तो रहेछ, के-के परिवर्तन भए र त्यसरी परिवर्तन हुनुका पछाडि कस्ता-कस्ता कारणहरू रहेछन् भन्ने कुरालाई मुख्य विषयको रुपमा राखिएको छ ।

(ग) यो अध्ययन स्नातकोत्तर तहको समाजशास्त्र/मानवशास्त्र विषयको लागि आंशिक कार्य परिपूर्तिको लागि तयार पारिएको हुँदा अनुसन्धान गर्दा समय, स्रोत र साधनलाई मध्यनजर गर्दै अध्ययन गरीएको छ ।

(घ) यो अध्ययन काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं.८ भिमढुङ्गामा रहेका तामाङ जातिमा केन्द्रित भई गरिएको हुनाले यसबाहेक नेपालका अन्यक्षेत्रका तामाङ जातिहरूको प्रतिनिधित्व नगर्न पनि सक्नेछ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

यस अध्ययनलाई जम्मा ६ वटा अध्यायमा राखी विभिन्न विषयवस्तुहरू समावेश गरिएको छ । अध्याय एक परिचय खण्ड अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको संगठनात्मक ढाँचा गरी समावेश गरिएकोछ । अध्याय दुई सन्दर्भ साहित्यको समीक्षा खण्ड अन्तर्गत भिमढुङ्गाका तामाङ जातिको सामाजिक इतिहास, सैद्धान्तिक समीक्षा र तामाङ विवाह सम्बन्धी अभ्यासहरू गरी समावेश गरिएको छ । अध्याय तिन अनुसन्धान विधि अन्तर्गत अध्ययन क्षेत्रको छनोट र त्यसको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, नमुना छनोट, तथ्यांक सङ्कलनका विधि र तथ्याङ्कको प्रशोधन तथा व्याख्या गरी समावेश गरिएको छ । अध्याय चार अध्ययन क्षेत्रको सामाजिक जनसांख्यिकि खण्डमा अध्ययन क्षेत्रको सामाजिक परिचय, जनसांख्यिकि विवरण र सो अन्तर्गतका विवरणहरु लाई समावेश गरिएको छ । अध्याय पाँच विवाह संस्कार खण्डमा विवाह सम्बन्धका विभिन्न विषयवस्तुहरू लगायत मागि विवाहका विभिन्न चरणहरू, संस्कारगत पक्षहरू र आएको परिवर्तन जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । भने अध्याय छ अध्ययनको सारांश, मुख्य नतिजा र निष्कर्ष खण्डमा अध्ययनको सारांश, मुख्य नतिजा तथा अध्ययनबाट प्राप्त निष्कर्षलाई समावेश गरी प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ भिमढुङ्गाका तामाङ जातिको सामाजिक इतिहास

तामाङ जातिको इतिहासलाई हेर्ने हो भने तामाङ जातिको उत्पत्ति र विकास सम्बन्धमा विभिन्न प्रकारका तथ्यहरू रहेका पाइन्छन् । नेपालमा रहेका विभिन्न जातजाति मध्ये तामाङजाति आफ्नै छुट्टै पहिचान र इतिहास भएको नेपालको प्राचीन जातिको रुपमा रहेको पाइन्छ। नेपाल देशभित्रका अधिकांश भु - भागहरू का अतिरिक्त देश बाहिर भारत, चिन, भुटान आदि देशहरूमा समेत तामाङ जातिहरू रहेको पाइन्छ। प्राचीन तामाङ राज्यहरू र सो सम्बन्धका इतिहासलाई हेर्ने हो भने पनि विभिन्न कालखण्डमा स्थापित तामाङ राज्यहरू आफ्नै नियम र थितिमा सञ्चालन भएको पाइन्छ । तामाङहरू आफूलाई काठमाडौका मूलबासिन्दाका रुपमा मान्दै आएका कुराहरूमा तथ्यगत प्रमाणहरू पनि नभएका होइनन् । यसरी हेर्दा तामाङहरू काठमाडौका मूल बासिन्दा रहेको र काठमाडौमा पनि पहाडि भु-भाग जहाँ अझैपनि तामाङहरूको बाक्लै वस्ती रहेको पाइन्छ। विभिन्न संस्कारित कार्यहरूमा टोटोलाको फुलको प्रयोगमा अनिवार्यताका साथै विवाहपछि पनि छोरी चेलीको थर परिवर्तन नहुनु तामाङ जातिको अन्य जातिको भन्दा पृथक संस्कार रहेको पाइन्छ ।

काठमाडौमा रहेका विभिन्न जनजातिहरूमध्ये तामाङजाति प्राचीन जातिको रुपमा रहेको पाइन्छ। काठमाडौ जिल्लाका विभिन्न स्थानहरू मा झै ना.न.पा.८ भिमढुङ्गामा पनि तामाङ जातिको बसोवास रहेको कुरा वर्तमानमा पनि देखिन्छ। यस स्थानमा रहेका तामाङ जातिहरूको पनि आफ्नै परम्परा रीतिरिवाज र संस्कार हुनुले यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको पाइन्छ । यस क्षेत्रमा रहेका तामाङ जातिको सामाजिक इतिहासलाई निम्नानुसार उल्लेख गरिएकोछ ।

यस स्थानमा तामाङ जातिको उत्पत्ति सम्बन्धमा यथेष्ट लिखित प्रमाण भेटिँदैन । बाजेबज्यै, बाबुआमा र छोराछोरी हुँदै पुस्तागत रुपमा हस्तान्तरण हुँदै आउने स्मृतिका कुराहरूमा स्मरणशक्ति र प्रयोगका अभावमा धेरै पुस्ताका घटनाहरू जस्ताको तस्तै प्राप्त गर्न सकिदैन फलस्वरुप तिथिमिति जस्ता कुराहरू झनै सम्भव देखिदैन । बूढापाका र केही जानकारहरूबाट

प्राप्त हुनआएका कुराहरूको आधारमा यहाँ रहेका तामाङ जातिहरू काठमाडौका विभिन्न स्थानहरू गोकर्ण, फर्पिङ, वालाजु तथा नजिकका अन्य जिल्लाहरू सिन्धुपाल्चोक, धादिङ र नुवाकोट वाट बसाइसराइ गरी विगत ५-७ पुस्ता अगाडिदेखि यस स्थानमा बसोवास गर्दै आएको भन्ने कुरा मात्र पाइन्छ । सोहीकुरामा वर्तमानमा समेत आफ्नो कुलपूजा हुँदा आफ्ना पुर्खाहरूको आदिथलोमा नै गएर पुजा गर्ने विधि भएबाट ति स्थानहरूलाई यकिन गर्न सकिन्छ । र सोही बमोजिम सन्तान वृद्धि भई तिनैका सन्तानहरूले यस स्थानमा वर्तमान समयसम्म आफ्नो जातीय पहिचान र विकास गरेको कुरा पाइन्छ । यहाँ रहेका तामाङ जातिको मुख्य धर्म बौद्ध र भाषा तामाङ भाषा नै रहेको पाइन्छ भने मुख्य पेशा कृषि रहेको देखिन्छ ।

सामाजिक कार्यमा सामूहिक भावनामा एकजुट भइ कार्य सम्पादन गर्नु र आफ्नो धार्मिक तथा संस्कारित कार्यमा लामा तथा ताम्वाको भूमिकामा ति कार्यहरू सुसम्पन्न गराउनु यहाँका तामाङ जातिहरूको पनि सामाजिक तथा सांस्कृतिक विशेषता रहेको पाइन्छ । यहाँका तामाङमा तामाङ जातिको प्राचीन पोशाकलाई आफ्नो प्रमुख चाड ल्होसार लगायत अन्य चाडपर्व र मेलापर्व तथा विभिन्न उत्सव कार्यमा प्रयोगमा ल्याएको पाइन्छ । कुलपूजा, भूमिपूजा तथा अन्य देविदेवताको पूजाआजा लगायत मेला पर्व र उत्सवमा सेलो गाई नाचगान र रमाइलो गर्ने गरेको पनि पाइन्छ । विगतमा चोहो प्रणालिमा आधारीत सामाजिक नियममा भने वर्तमान अवस्थाका पिँढीहरू विस्तारै भुल्दै गएको देखिन्छ भने परिवर्तन सँगै संस्कारित सामाजिक तथा धार्मिक कार्यमा समेत परिवर्तन भएको पाइन्छ ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ सामाजिक-सांस्कृतिक परिवर्तन सम्बन्धि अवधारणाहरू

नेपालको सामाजिक र सांस्कृतिक इतिहासलाई हेर्ने हो भने नेपाली समाज र संस्कृतिको उपज नै बसाइसराइको इतिहास हो । किनकि प्राचीनकालमा नेपालको पूर्वी हिमालयबाट बौद्धिष्ट धर्म पृष्ठभूमि र मङ्गोल शारीरिक विशेषता भएका मानिसहरू तिव्बतो - चिनियाँ संस्कृति र सभ्यता लिएर नेपाल पसेका थिए भने हिन्दुत्व पृष्ठभूमि र आर्यन शारीरिक विशेषता भएका मानिसहरू नेपालको दक्षिण-पश्चिम हुँदै इण्डोहिन्दु संस्कृति र सभ्यता लिएर नेपाल पसेका थिए । प्राचीनकालमा तिब्बत र भारतको व्यापारिकमार्ग काठमाण्डौ उपत्यका भएको र हिन्दु र बौद्धिष्टको आपसी

सम्पर्कका माध्यमले उपत्यकामा तिनै व्यक्तिको वादी भएको तर हालमा यि समूहहरू भन्दा भिन्न समूहहरू र प्राचीन आदिवासी समूहहरू पनि छन् । यसर्थ नेपालको जनसंख्या संस्कृति, समाज र सामाजिक-सांस्कृतिक परिवर्तनको इतिहास भन्नु नै बसाइसराइ एवम् स्थानान्तरणको इतिहास हो( **शर्मा, २०५७ : ७०)** ।

समाजशास्त्रको आधारभुत मान्यताअनुसार समाज गतिशील अवधारणा हो । हिजो जे थियो दुनियाँ आज त्यो अवस्थामा छैन र भोलिपनि हुनेछैन । संस्कृति सामाजिक र आर्थिक संरचनाको प्रतिविम्ब हो । मानवजातिले भौतिक र मानसिक श्रममा सृजना गरेका सबै मूल्यवान वस्तुलाई व्यापक अर्थमा संस्कृति मानिन्छ । संस्कृति रूपान्तरणको प्रक्रियालाई आधार र अधिरचनाको सम्बन्धका धारबाट बुझ्न सकिन्छ । अर्थतन्त्र समाजव्यवस्थाको धार हो भने यसअनुरूप बनेको माथिल्लो बनोट अधिरचना हो । प्रत्येक आर्थिक संरचनाको निश्चित संस्कृति हुन्छ । सामाजिक-आर्थिक संरचनाको धारमा उत्पादन पद्धति निहित हुन्छ र भौतिक उत्पादनको सिलसिलामा मानिसका बिचमा रहेको सम्बन्ध अर्थात् उत्पादनसम्बन्ध आर्थिक समाजको संरचनाको सारतत्तव हो । सामाजिक-आर्थिक संरचनामा उत्पादन सम्बन्धद्वारा निर्धारित अधिरचना पनि समावेश भएको हुन्छ । अधिरचनाभित्र राजनीति, कानुन, नीति - नैतिकता, दर्शन, कला-साहित्य र त्यससम्बन्धी संगठन र प्रतिष्ठानहरू पर्दछन् । साथै अधिरचनाभित्र परिवारको प्रकार रहन-सहन आदि समावेश रहेका हुन्छन । संस्कृति मानिसका सृजनात्मक शक्ति र योग्यताको त्यो स्तर हो जुन समाज विकासको ऐतिहासिकमा निर्धारित हुन्छ । यो स्तर मानिसहरूले निर्माण गरेका भौतिक र आत्मिक, गुणात्मक उपलब्धि वा मूल्यमा व्यक्त हुन्छ(**चापागाई, २०६७ : १५**) ।

नेपाली संस्कृति भन्नासाथ नेपालीले आफ्नो समाज र सभ्यताको इतिहासमा प्राप्त गरेका विश्वास, प्रथा, रीतिथिति, कला, साहित्य, विचारधारा र व्यवहारलाई बुझाउँछ । नेपाली समाजको संस्कृतिमा एकातिर सत्तासंस्कृतिको धारा छ भने अर्कोतिर लोकसंस्कृतिको धारा निरन्तर छ । सत्तासंस्कृति मूलतः अर्धसामन्ती अर्धपुँजीवाद चरित्रको छ भने लोकसंस्कृति जनवादी एवम् प्रगतिशील प्रवृत्तिको छ । परस्परको सम्बन्ध सहचार्य तथा वस्तु साटफेरका लागि भाव सम्प्रेषणको एक साधनको रुपमा भाषा प्रयोग गर्दै मानिसले आफूले आफूलाई अरुसँग समायोजन गर्दछ । समाजको सापेक्षतामा संस्कृतिको रूप र सारको आकार र अवधारणा निर्माण हुन्छ । प्रत्येक संस्कृतिको निजत्व हुन्छ र त्यो कुनै अर्को संस्कृतिसँग केही मात्रामा भएपनि मिल्दोजुल्दो हुन्छ ।

समाजको विकासले भौतिक संस्कृति प्रकट गर्दछ। सामान्यतया जातीय प्रवृत्तिभित्र रमाउने सोच र संस्कारले अन्तर्जातीय हित र प्रवर्द्धन गर्न सक्दैन । यसप्रकार संकीर्णतावाट कुनैपनि राष्ट्रका बासिन्दाहरू एकात्मक पहिचानकासाथ विश्वसभ्यताको गतिशील प्रवाहमा अघि बढ्न सक्दैनन् । तसर्थ बजारअर्थतन्त्रको भूमण्डलीकरणमा स्वदेशी संस्कृति निर्दो बनिरहेको छ । विश्वपुँजिवादले आधुनिकताको नाममा संस्कृतिलाई व्यापारिकरण गरेको छ(**प्रभात, २०६८ : १३०) ।**

सामाजिक परिवर्तन नै समाजशास्त्रको जग हो । परिवर्तन भनेको पुरानोसमाज र सामाजिक सम्बन्धको अवसान र नयाँको जन्म वा निर्माण हो। सबैखालका सबै व्यक्ति, समाज र सामाजिक सम्बन्ध ऐतिहासिक रूपले निर्माण हुन्छन्। सामाजिक परिवर्तनका तह र आयाम कार्य-कारण सम्बन्धमा गाँसिएका हुन्छन्। एकतहमा भएका परिवर्तन अर्कोतहको परिवर्तनको कारण बन्छ। व्यक्तिमा भएको परिवर्तनको छाल परिवार समुदाय हुँदै मुलुक र विश्वमा ठोकिन्छ। त्यस्तै मुलुक र विश्वमा भएका परिवर्तनको छाप विभिन्न तह हुँदै व्यक्तिमा पर्छ अनि व्यक्ति पुनर्गठित हुन्छ। व्यक्तिभित्र समाज छ अनि समाज नभई व्यक्ति हुदैन त्यस्तै कार्यकारण सम्बन्ध समाजका विभिन्न आयाम (आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, औधोगिक र सञ्चार सम्वन्धि आयाम) विचको सम्बन्धमा पनि हुन्छ(**मिश्र, २०६७ : ४६) ।**

रूपान्तरण त्यो सामाजिक प्रक्रिया हो जहाँ समाजका सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक प्रणालीमा परिवर्तन भई जन्मजात व्यवहार, सम्बन्ध, पेशा, भूमिका र स्थितिका स्थानमा आर्जित गुणहरूको प्रभाव क्रमशः बढ्दैजाँदा समाजमा परिवर्तन देखिन्छ। यसैले रूपान्तरण पूर्णरुपमा सामाजिक परिवर्तनसँग सम्बन्धित छ। समाजको रूपान्तरण केही समयमा भैहाल्ने र सकिने छोटो प्रक्रिया होइन। लामो सामाजिक अभ्यासपछि सामाजिक परिवर्तनका रुपमा समाजमा यसका प्रभावहरू देखिन्छन्। यसरी स्थानीयसमाज यस प्रक्रियामा विश्वसमुदायमा जोडिन सक्छ। यो रूपान्तरणको तह सबै समाजमा एकैप्रकारको हुँदैन। सामाजिक रूपान्तरणलाई बुझ्दा समाज एक जटिल अवधारणा भएकोले अनेकौं इकाईहरूका क्रियाको प्रभाव समाज विकासको प्रक्रियामा पर्दछ। मानवसमाज स्थिर अवधारणा पनि होइन। यो जहिलेपनि निम्न स्तरबाट उच्च स्तरतर्फ बदलिरहन्छ। यही प्रक्रियामा सामाजिक रूपान्तरण हुने गर्दछ(**आचार्य, २०७५ : २) ।**

सामाजिक रूपान्तरणलाई व्याख्या एवम् विश्लेषण गर्ने विभिन्न सैद्धान्तिक दृष्टिकोणहरू छन् । जसअन्तर्गत वर्तमान अवस्थामा बढी मात्रामा देखिएको **पश्चिमीकरण** लाई निम्नानुसार उल्लेख गरिएको छ ।

**पश्चिमीकरण** पश्चिमी राष्ट्र तथा युरोपमा भएको जीवनशैलीलाई अनुकरण गर्नु हो । आफ्नो मौलिक जिवन पहिचानलाई हटाउँदै भुल्दै पश्चिमा संस्कृतिमा विलिप्त हुँदै जानु हो । यसरी पश्चिमा संस्कृतिको ग्रहण तथा अनुशरण गर्दै जानुले सामाजिक-सांस्कृतिक परिवर्तन हुने गर्दछ । पश्चिमा पहिरन, खानपान, भाषा, प्रविधि, बोलिचाली, चिन्तन, व्यवहार, नाच, गितसंगित आदिको नक्कल ले आफ्नो समाज र संस्कृति पश्चिमीकरण प्रक्रियामा गाँजिदै गएको छ । यसमा राज्य तथा स्वयम् समाजका व्यक्तिको हात र सहयोग रहेको छ । नेपाल आर्थिकरुपमा पश्चिमा मान्यता, सामाजिकरुपमा जातीय मान्यता एवम् स्वरुपवाट पश्चिमा मान्यताको वर्गीय स्वरूपमा रूपान्तरण हुँदै गइरहेको छ । वास्तवमा यो पश्चिमीकरण हुनु आधुनिक हुनु होइन, सभ्य र सुसंस्कृत हुनु होइन, र यसमा बदलिँदै जानु विकास पनि होइन तसर्थ समाजको हित अनुकुल राम्रो चिज छनोटको आधारमा विनिमय गर्नु राम्रो कुरा हुन्छ ।

सामाजिक मुल्य-मान्यता र विचारधाराहरूमा परिवर्तन हुँदैजाँदा तिनमा पनि फरकपन देखाएको छ । संस्कृतिका विभिन्न पक्षमा पश्चिमी संस्कृतिको सम्पर्कबाट आउने परिवर्तन पश्चिमीकरण हो । आज विश्वको प्रत्येक कुनामा यसको असर कुनै न कुनै रुपमा परेको छ । नेपाली समाजमा परापूर्वक कालदेखि चलिआएको विवाहप्रणालीमा परिवर्तन आई अदालतीविवाह, प्रेमविवाह, मन्दिरविवाह, ढिलोविवाह आदिजस्ता प्रचलनमा आएका छन् । भने पारपाचुके लाई पनि पश्चिमा सभ्यता कै रूप मानिन्छ(**अधिकारी र घिमीरे, २०५८ : ३०२) ।**

### २.२.२ सामाजिक अनुकुलता सम्बन्धी प्रकार्यवादि सैद्धान्तिक समीक्षा

सामाजिक तथा सांस्कृतिक परिवर्तनलाई अध्ययन तथा व्याख्या विश्लेषणमा थुप्रै पद्धति, नियम, तथा सिद्धान्तको प्रयोग भयको पाइन्छ । यस सिद्धान्तलाई सर्वप्रथम मानवशास्त्री दुर्खाईमले प्रयोग गरेका थिए । समाजको स्थिरतालाई जोड दिई परिवर्तनको सन्दर्भमा समाजलाई कसरी सन्तुलन अवस्थामा ल्याउने भन्ने कुरामा यस सिद्धान्तले जोड दिएको हुन्छ । तसर्थ सामाजिक एकाइका कार्यहरू र ति

कार्यबीचको सम्बन्धका बारेमा अध्ययन गर्न यस सिद्धान्त महत्वपूर्ण मानिन्छ(**दाहाल र खतिवडा, २०७७ : २४**) ।

प्रकार्यवादसँग सामाजिक संरचनाको पक्ष जोडिएर आउने हुँदा संरचना र प्रकार्य शब्दहरू आफैमा अन्तर्सम्बन्धित रहने गर्दछन् । संरचना भन्नाले कुनै चिजको विभिन्न भागहरू मिलेर बनेको समग्रता हो र संरचना हुनको लागि ति भागहरूको मेल र कार्य गर्ने स्वरुप हुनुपर्दछ । तसर्थ समाजका विभिन्न एकाइहरूका प्रकार्यको एकीकृत रूप नै संरचना हो र सम्पूर्ण एकाइहरूको कार्यात्मक एकताले नै एउटा सङ्गठित समाजको निर्माण गर्दछ(**उपाध्याय र अन्य, २०६७ : ६०**) ।

संरचनात्मक प्रकार्यवाद भनेको प्रकार्यवाद र संरचनावादको एकीकृत रूप हो, समाजका अनेक प्रकार्यहरुको संरचित र सिङ्गो रूप संरचना हो । प्रकार्यलाई संरचनाको सापेक्षतामा हेर्ने दृष्टिकोण वा सिद्धान्त संरचनात्मक प्रकार्यवाद हो । सामाजिक प्रक्रिया, सामाजिक व्यवस्थाको गठन, एकीकरण र प्रकार्यात्मक सम्बन्ध जस्ता पक्षहरूको विश्लेषणका साथै समाज र संस्कृतिको विश्लेषण गर्ने क्रममा संरचनात्मक प्रकार्यवादी अध्ययनको क्रम अगाडि बढेको  पाइन्छ । व्यवस्था एउटा संरचना हो जसभित्र आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक तथा सांस्कृतिक व्यवस्थाहरू रहेका हुन्छन । व्यवस्थाहरू सञ्चालन गर्ने व्यक्ति, समुह, जातजाति, पद, भूमिका, उद्देश्य तथा पद्धति हुन्छन । शरीरका समस्त अंगहरू झैं समाजका अङ्गहरू पनि प्रकार्यरत हुन्छन र एक अङ्गको अकार्य वा नकार्यको प्रभाव अन्य अंगको कार्यमा समेत पर्न जाने हुँदा समाजका सबै अंगको  सन्तुलित सहकार्यको अपेक्षा संरचनात्मक प्रकार्यवादले गर्दछ । समाजलाई निरन्तर रुपमा गतिशील गराउन निश्चित नियम र मुल्यहरुको आवश्यकता पर्दछ । समाज  व्यवस्थाका तत्त्वहरू स्थिर र यसका कार्यहरू भने गतिशील मानिन्छन(**ढकाल र कोईराला, २०६८ : १५०**) ।

संरचनात्मक प्रकार्यवादको चर्चा गर्ने क्रममा Talcott Parson को AGIL model लाई लिन सकिन्छ । उनका अनुसार कुनै सामाजिक व्यवस्था अस्तित्वमा आउनको लागि समायोजन, लक्ष्य पुरा गर्ने कार्य, प्रणालीका तत्त्वहरू वा एकाइहरूबीचको एकता र तनाव स्वरुप व्यवस्थापन कार्यलाई मुख्य रुपमा व्याख्या गरेका छन् । उनका अनुसार सामाजिक प्रणाली अस्तित्वमा आउनको लागि AGIL प्रकार्यात्मक पूर्वशर्तहरू पुरा हुनुपर्दछ । पार्सन्सका अनुसार प्रणालीभित्र पनि उपप्रणाली हुन्छन र ति प्रत्येक उपप्रणालीले सिङ्गो प्रणालीको पूर्वसर्त वा AGIL पुरा गरिराखेको हुन्छ (**ओझा,**

२०७३ : १०९) । Talcott Parson को AGIL model अनुशार तामाङ जाति समुदाय भित्रका विभिन्न कुराहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### १ Adaptation (अनुकुलन)

अनुकुलन त्यो अवस्था हो जसमा कुनैपनि व्यक्ति वा समुह अर्को कुनै समूहसँग समाहित हुन्छ । पार्सनस् का अनुसार समाज व्यवस्थामा विभिन्न प्रणालीहरू रहेका हुन्छन र ति प्रणालीहरू बिच आपसी सम्बन्ध रहेको हुन्छ । जसमा वाह्य तत्वहरूले प्रणालीलाई खलबल पुर्याउन सक्ने हुन्छ जसबाट सामाजिक व्यवस्थामा असर पुग्न जाने हुन्छ । कुनै एक समुह अर्को समुहसँग आफ्नो सामाजिक ऐक्यवद्धतामा मिलावट हुनका लागि कुनै न कुनै रुपमा सामञ्जस्य राख्ने हुनाले सो क्रममा आफ्ना विचार भावना तथा व्यवहारलाई पनि सोहीअनुरूप बनाउने गर्नुपर्ने हुन्छ । नेपाली समाज विभिन्न जातजाति, भाषाभाषी र धर्मका व्यक्तिहरूको साझा समाज यो अर्थमा मानिन्छ जहाँ अनुकुलनका लागि एकअर्का समाजका विभिन्न संस्कार तथा संस्कृतिलाई उपयोग र अनुशरण समेत गरेको पाइन्छ । यहिकुरा तामाङ समुदायमा पनि रहेको देखिन्छ । किनकि बदलिदो परिवेशमा समाजमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेसँगै अन्य जातजातिका मानिसहरूसँग अनुकुलनमा रहि आफूलाई सोहीअनुरूप समाहित गरेको पाइन्छ ।

### २ Goal Atenment (लक्ष्य प्राप्ति)

कुनैपनि समुह वा समाजका व्यक्तिहरूको निश्चित लक्ष्य पुरा गर्नका लागि सामाजिक नियम र पद्धतिमा रहेर निरन्तर कार्य गरिरहेका हुन्छन । लक्ष्य प्राप्तिमा विभिन्न तत्त्वले फरक पार्ने हुन्छ । आफ्नो सामूहिक पहिचान र अस्तित्वको लक्ष्य प्राप्तिका लागि समाजमा रहेका विभिन्न जातजातिका मानिसहरूको भाषा, भेषभुषा, रहनसहन र चालचलन ले फरक पार्ने भएपनि तामाङ जातिले आफ्नो जातीय पहिचानयुक्त कुराहरूमा वर्तमान समयसम्म निरन्तर अँगालेको देखिन्छ ।

### ३ Integration (एकिकरण)

पार्सन्सका अनुसार समाज व्यवस्थाभित्र रहेका मानिसहरूको एकीकृत धारणाले उक्त समाजलाई एकीकरण गर्ने हुँदा सामाजिक विशेषताको रुपमा समाज एकीकरणलाई लिइने हुन्छ । यसै सन्दर्भमा तामाङ जातिभित्रको सामाजिक एकीकरणको अवस्थालाई हेर्ने हो भने तामाङ समाज अध्यक्षात्मक (चोहो) प्रणालीमा आधारित हुनु तामाङ समाजको विशेषता हो । किनकि चोहो समाजको प्रमुख

मानिस रहने र निजले नै सामाजिक नीति नियमबाट समाजलाई व्यवस्थित र नियमित बनाएको हुन्छ । समाजमा हुने विभिन्न कार्यहरूमा आफ्नो समाजिक नियम र पद्धतिमा चोहोबाट निर्देशित क्रियाकलाप हुनुले तामाङ समाज सामाजिक एकीकरणमा अब्बल मानिन्छ ।

**४ Latency (तनाव व्यवस्थापन जुक्ति)**

यसको अर्थ समाज व्यवस्थामा हुन आउने विभिन्न विचलनहरूमा समाजले गर्ने कार्यका रुपमा हेर्न सकिन्छ । किनकि समाज सँधै र सबैजसो अवस्थामा उही र उस्तै रुपमा हुँदैन । र समाजभित्र रहेका कतिपय व्यवस्थामा समेत बेलाबेला खटपट र अस्वस्थ अवस्था सिर्जना हुने हुँदा सो अवस्थामा समाजले कसरी त्यसलाई व्यवस्थापन गर्दछ भन्ने कुरामा सामाजिक नियम र अभ्यासले फरक पार्ने हुन्छ । यही आधारमा तामाङ समुदायलाई हेर्ने हो भने तामाङ समाजभित्र उत्पन्न हुने विभिन्न तनावपूर्ण अवस्थालाई निराकरण गर्नको लागि तामाङ समाज आफैले त्यसलाई विगतका अभ्यास र सामाजिक नियमद्वारा व्यवस्थित गरेको देखिन्छ ।

### २.२.३ संरचनात्मक प्रकार्यात्मक सिद्धान्त र तामाङ समुदाय

प्रकार्यवादि सिद्धान्तलाई तामाङ समुदायमा पसेर हेर्ने हो भने तामाङ समाजलाई संरचना मानेर त्यसभित्र रहेको संस्कारलाई महत्वपुर्ण भाग तथा त्यसबाट निर्देशित सामाजिक-सांस्कृतिक मुल्य-मान्यतालाई उपभोग र एकाइहरू मानी संस्कारहरूले बोकेको सामाजिक र सांस्कृतिक अर्थलाई संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण वाट हेर्दा तामाङ समाजका विभिद खाले संस्कार र संस्कारभित्रका पद्धति, नियम र परम्पराको आपसी अन्तरक्रियात्मक प्रकार्यले तामाङ संस्कारलाई मात्र नभएर तामाङ समाजको संरचनालाई सामाजिक र सांस्कृतिक पक्षबाट सङ्गठित एवम् मजबुत बनाएर राखेको पाइन्छ । तसर्थ तामाङ समुदायभित्रका संस्कारको सामाजिक र सांस्कृतिक प्रकार्यले तामाङ समाजको पछिल्लो पुस्तालाई समेत त्यही सामाजिक-सांस्कृतिक पद्धतिमा अढ्नको लागि बलियो मान्यताको विकास हुन जान्छ । जसले गर्दा तामाङसमाजको संरचनात्मक पक्ष निकै बलियो मानिन्छ । विशेषतः तामाङ संस्कारलाई तामाङसमाजको महत्वपूर्ण भाग मानिरहँदा ति संस्कार भित्रका चरहरुको आपसी प्रकार्य, पारस्परिक प्रकार्यले महत्वपूर्ण अर्थ राख्दछ । संस्कारभित्रका विभिन्न चरहरु प्रभावित हुँदा त्यसको प्रभाव संरचना अर्थात् सिङ्गो तामाङ समाजमा पर्न जान्छ । त्यसलाई समायोजन गर्न तामाङ समाजमा छुट्टै सामाजिक र सांस्कृतिक मूल्य र मान्यताको विकास

भएको देखिन्छ । जसमा तामाङसमाजका सामाजिक र सांस्कृतिक चरहरुले समाजलाई विखण्डन हुन दिँदैनन र एउटा निश्चित प्रणालीमा रहेर सामाजिक एकाइबीच प्रकार्य भई समाजलाई सहमतिमा ल्याउन महत्वपूर्ण रहन्छ । यसअर्थमा समाज आफैमा सामाजिक सहमति वा सामूहिक सहमतिको प्रारुप हो । जसले संघर्ष भन्दा सहमतिमा जोड दिन्छ भन्ने संरचनात्मक प्रकार्यात्मक सिद्धान्तलाई महत्वपूर्ण आधारको रुपमा समेटेको छ । यस्तै संरचना र प्रकार्यविचको अन्तर्सम्वन्धले तामाङ समाज एउटा व्यवस्थाको रुपमा मान्न सकिन्छ ।

त्यसैगरी **आचार्य २०६५** मा उल्लेख भएअनुसार तामाङ समुदाय भित्रको संस्कार र संस्कृतिलाई प्रतिकात्मक तथा संस्कार उपागमका रुपमा हेर्ने हो भने कुनैपनि स्थानहरूमा त्यहाँको स्थानीय रूपका फरक-फरक संस्कारहरु रहने गर्दछन् । जुन अन्य ठाउँमा नमिल्ने वा एउटै अर्थ नलाग्ने हुनसक्छ । स्थानीय परिवेशअनुसार तामाङ समुदायको आफ्नो भाषा तथा संस्कार र प्रतिकहरु रहनुले त्यसको अर्थ यही जाति वा समुदायले मात्र लगाउन सक्छ । अरुले बुझ्न र अर्थ लगाउन सक्दैन भन्नुको अर्थ प्रत्येक संस्कार तथा संस्कृतिमा निजत्व हुन्छ जसको अर्थ अरुबाट बुझ्न सकिदैन भन्नु नै हुन जान्छ ।

## २.३ तामाङ विवाह सम्बन्धी अभ्यासहरू

गृहस्थ जीवनको आधारशिला नै विवाह भएकोले तामाङ जातिमा पनि विवाहले महत्वपूर्ण स्थान ओगटेको छ । कुनैपनि तामाङ पुरुष वा स्त्रीको विवाह चारदाम रीत गरेपछि मात्र आफूलाई त्यस समाजभित्र रहेको वा बाँधिएको एक जिम्मेवार व्यक्तिको रुपमा स्विकार्छन् । विभिन्न जातिको झैं तामाङ जातिमा पनि आफ्नै परम्परा, रीतिरिवाज र चालचलन भएबाट वैवाहिक संस्कार पनि त्यहीअनुरूप पाइन्छ । भौगोलिक र परिवेशीय कारण लगायत अन्य कारणले यिनिहरूको संस्कारमा फरकपन नभएको मानिदैन । तामाङ समाजमा मागीविवाह, चोरीविवाह, प्रेमविवाह, विधवा-विदुरविवाह, जारीविवाह, अन्तर्जातीय विवाह प्रचलनमा रहेका पाइन्छ । यि प्रचलनमा कुन विवाह पद्धतिलाई अपनाउने भन्नेकुरा सामान्यतयाः पारिवारीक परम्परा, सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक अवस्था तथा धारणामा भर पर्छ ।

विवाहमा मामाचेलाचेली-फुपूचेलाचेली दुवै विवाह गर्ने चलन भएपनि केटा र केटीहरू आपसी भेटघाट, खेलवाड र मायाप्रीति बसाउनुमा स्वतन्त्र हुनाले आफ्नो जातसँग जोकोही सँगमा

बिहे गर्न सक्छन् । उमेर पुगेका केटा र केटी प्रायशः मायाप्रीति बसाएर विवाह गरेको पाइन्छ । तामाङ मध्यका १२ जाते तामाङहरू आफूलाई परिष्कृत सम्भने हुँदा सकभर बिहेवारी लामा परिवारभित्रै गर्न खोज्छन्(**पाण्डेय, २०६० : ३६**) ।

२ भिन्दाभिन्दै हाड मातृपक्ष र पितृपक्षका सम्बन्धवाट मात्र कुटुम्ब प्रणाली बन्दछ । तामाङहरू पितृवंशानुगत परम्पराका मानिसहरू हुन् । विवाह प्रायः नजिकै घरगाउँमा र सानैउमेरमा हुनेगर्दछ । विवाहित जोडीमा केटीको उमेर बढी भएको पनि हुन्छ । त्यस्तै केटापट्टिकोले केटीपट्टिकोलाई भुक्नुपर्ने मान्यताले केटीखोज्ने काम पनि केटापट्टिको नै हुन्छ । तिनीहरूको विवाह पद्धतिको सारतत्तव मामा-फुपू चेला-चेली नै हो । यसोहुनुमा तामाङ विवाह निर्णयमा छोरीको विवाहको अन्तिम टुङ्गो गर्ने अधिकार स्वास्नी मानिसमा निहित हुनुले विवाहमा मामाको छोराले महत्व पाएको आधार पाइन्छ । केहिगरी मामाको छोरो हुँदाहुँदै फुपूको छोरी अन्यत्र दिएमा बाटो बिराएको मानी दण्ड तिराउने चलन पनि छ । तामाङ विवाहमा लिनेपक्षले दिनेपक्षको खर्च बुझाउनुपर्ने चलन पनि छ । विवाह सम्बन्धले स्वास्नी मानिसको थर परिवर्तन नहुनु भनेको तामाङ परम्पराअनुसार स्वास्नी मानिसको हाड उसको बाबुको हाडवाटै बनेको हुन्छ भन्ने मान्यता हुनु हो । तामाङ विवाहमा मिल्दो पुस्तालाई प्राथमिकता दिइन्छ । तामाङहरूले पहिलो विवाहमा प्रतिबन्धित कुरालाई कहिल्यै छुट दिदैनन् भने दोश्रो विवाहलाई आमा र छोराको सम्बन्धवाट बनेको चौथो पुस्तापछि मात्र विवाहवारी चलाउन सक्छन् । तामाङ समुदायमा विधवा विवाहले पनि मान्यता पाएको देखिन्छ । विधवाले आफ्नो लोग्नेको भाईसँग विवाहगर्न सक्छन् तर जेठाजुसँग विवाह गर्न सक्दैनन् । कतिपय अवस्थामा दाजुको मृत्यु भएपछि भाउजू व्योहर्न देवरलाई समाजले नै प्रोत्साहित गरेको पाइन्छ । तामाङजातिमा दाजु मरेपनि भाइले भाउजू व्यहोर्ने चलन भएकोले केटीले बिधुवा भएर जीवन गुजार्नुपर्ने अवस्था हुँदैन । र पैतृकसम्पत्ति र घर टुक्रिने डरपनि हुँदैन । तर दाजु हुँदाहुँदै अनैतिक सम्बन्ध गर्ने देवरलाई समाजले नै कारवाही गर्ने गर्दछ । मगर र गुरुङहरूमा जस्तै तामाङसमाजमा पनि फुपूको छोरी मामाको छोरासँग विवाह हुनु र अविवाहित देवरले विधवा भाउजूलाई पत्नी बनाउन सक्ने जस्ता कुराहरूमा तिब्बत - बर्मेली अन्य जातीमा जस्तै सामीप्यता पाइन्छ(**शर्मा, २०४५ : ४५**) ।

तामाङसमाजमा सानै उमेरमा मामा - फुपू चेलाचेली बिचमा पोङ लगाएर मगनी गर्ने चलन भएको पनि पाइन्छ । त्यस्तो मगनीमा यौवनावस्थामा केटा वा केटीले मन नपारेमा दण्ड

तिरेर अर्कै कोहीसँग विवाह गर्ने चलन पनि थियो। तामाङसमाज विवाह मामिलामा खुला र स्वतन्त्र देखिन्छन् । यिनीहरू यौनसम्बन्धमा पनि उदार देखिन्छन् । विवाह अगाडि नै यौनसम्बन्ध राख्ने गरेको पाइन्छ। बाबुआमाको स्वीकृति वेगर पनि कुनै केटासँग छोरीचेली भागेर जाने र बाबुआमा तथा माइतीलाई चित्त नबुझेमा फर्काएर अर्कै केटासँग विवाह गरिदिने चलन पनि छ। तामाङ विश्वासमा चेलीबाट जायजन्म नभएसम्म जुठो भएको मानिदैन । यिनिहरुमा कसैले विवाहअघि कसैको गर्भ लिएपनि अर्को केटो खोजेर विवाह गराइदिन्छन् । जवान पुरुषले आफूभन्दा जेठी, विधवा/पार-पाचुके भैसकेकी स्वास्नी मानिस तथा गर्भिणी अविवाहिता कुमारी केटीलाई सजिलै अपनाएको पाइन्छ । अविवाहित कुनै केटीले गर्भ लिएमा तामाङहरू असहज मान्दैनन् जोसँगको रसबस थियो निजले स्वीकार नगरेपनि अर्को कसैसँग विवाह गराई दिन्छन्(**तामाङ, २०५१ : १३५**)।

यही उदार दृष्टिकोण पारपाचुकेमा पनि छ । विवाहित दम्पतीमा कसैले पारपाचुके गर्न रोकतोक छैन। पारपाचुकेपछि अर्कोविवाह गर्नमा समाजले हेला मान्दैन। जारीप्रथा पनि यिनिहरुमा सरल छ। कसैको स्वास्नीले अर्कैसँग सम्बन्ध राखी जायजन्म भएमा पञ्चकृते दण्ड तिरे पुग्छ र सो रकम तिरेपछि उसले नै सकार्न सक्छ। बहुपत्नी व्यवस्था भएपनि घरज्वाइँ बसेको केटाले अर्को स्वास्नी राख्न भने पाउँदैन। र यदि ल्याएमा पहिलेको स्वास्नी सँगको हक स्वतः टुट्न जान्छ(**शर्मा, २०५२ : ४६**) ।

तामाङभाषाको **'ब्रेल'** जसकोअर्थ **'अलगअलग दुई चिजवस्तु आपसमा टाँसिनु' वा 'गाँठो पर्नु'** हो जसको क्रियारूप ब्रेल्वा (विवाह) हो । 'हुईप्रथामा' आधारित यो समुदायमा विवाह गर्नहुने 'कुटुम्ब' तथा नहुने ('दाजुभाइ' वा 'ङारु/स्वाँगे') भन्ने हुन्छन् । कुटुम्ब 'हुई' कै भएपनि केटा र केटीका आमा र बा, हजुरआमाहरू दिदीबहिनी परेमा विवाह वर्जित मानिन्छ। 'ब्रेल्वा'लाई प्राकृतिक रुपमा वैधता दिनेकाम समाजमा प्रचलित छ । जसको मुख्य अधिकार ताम्वालाई हुनेछ । तसर्थ विवाहमा ताम्बाको भूमिका महत्वपूर्ण हुन्छ। ताम्बाले नै सृष्टिदेविको कहानी बताउँदै स्त्री र पुरुषका 'ब्रेल' (सम्मिलन संसर्ग) लाई वैधानिकता गरिदिने प्रचलन छ। 'ताम्बा'ले नै 'चङ्छर र म्याछर' ( वेहुला-बेहुली) लाई जीवनसंस्कार साथै जीवन र जगतका बारेमा शिक्षादिँदै आएका हुन्छन्(**मोक्तान, २०७५ : ९९**) ।

- एउटै थरभित्र र सगोत्रीय थरभित्र विवाह गर्न निशेध छ। (स्वाँगे थरभित्र विवाह वर्जित)

- तामाङहरू प्रायः कार्तिक, चैत्र र श्रावण महिनामा, जन्ममहिनामा र जन्म वर्ष (ल्हो) मा मागी विवाह गर्दैनन् ।

- जेठीसासू र ज्वाइँको विवाह, जेठाजु र भाइबुहारीको विवाह निषेध ।

- अन्तर्जातीय विवाह समाजमा फाट्टफुट्ट देखिएपनि समाजमा सम्मानित नमानिने ।

- केटाको आमा र केटीको आमाको एउटै थर भएपनि विवाह गर्नु हुँदैन । यस्तोलाई तामाङहरू दुधठक्कर खानु भन्छन् ।

- त्यस्तैगरी मितेरी साइनो पर्नेमा पनि विवाह हुँदैन ।

आमाबाबुको मन्जुरीमा केटाकेटीबीच समाजले व्यवस्था गरेको नियम विधि अनुसार गरिने विवाह मागीविवाह हो अर्थात् वर तथा वधूको स्वीकृति भन्दापनि तिनका बाबुआमा बिचमा भएको सम्झौताद्वारा सम्पन्न विवाहलाई मागीविवाह भनिन्छ । यसमा जातीय रीतिथिति अनुसार चारदाम गरी केटीलाई केटाको घरमा लगिन्छ । विवाह अवसरमा ताम्बाको स्थान महत्वपूर्ण यो कुरामा मानिन्छ तामाङथर र रिमठिमको ज्ञाता नै ताम्बा हुनु । स्वँगेभित्र लेनदेन गर्दैनन् किनकि यिनीहरू दाजुभाइ र एकै पुर्खाका सन्तान हुन् भन्ने मान्यता छ । लामापुरोहितले केटा र केटीको जन्मवर्ष ( ल्हो) र ल्हो को खाम (स्वभाव) हेरी 'मुर्तिछ्योई' भन्ने पुस्तकबाट जोखाना हेरी जुर्ने नजुर्ने र जुरेमा कहिले भनेर शुभसाइत निकालेको दिनमा विवाह हुन्छ । यसरी हेर्दा यस जातिको विवाहसंस्कारमा बिवाहगर्ने आधारहरू धेरै देखिन आएपनि मूलधार भने **"हुइप्रथा (थरप्रथा)"** नै हुन आउँछ । विवाह गर्ने उमेर भएपछि ताम्बा, गान्बाले केटीखोज्ने काम गर्दछन् यस्तोकाम गर्नेलाई 'ताम्ल्हेङ' पनि भनिन्छ(**तामाङ, २०५४ : २७) ।**

इतिहासदेखि तामाङसमाजमा सम्पन्न गरिने विवाह आफ्नै मौलिकतामा छ । डम्फु बजाएर तामाङ सेलोको तालमा विवाह कार्य सम्पन्न गर्नु तामाङ संस्कृतिको परिचय हो । तामाङसमाजमा १२ तामाङले निर्धारण गरेको रिमठिम अनुसार कुटुम्ब थरमा मात्र विवाह हुन्छ । मागीविवाह अन्तर्गतका प्रमुख कार्यलाई विस्तृत रुपमा सोही खण्डमा उल्लेख गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि

यस खण्डमा अध्ययनका लागि प्रयोग गरिएका विधिहरू, प्रविधि तथा प्रक्रियाको बारेमा विस्तृत वर्णन गरिएको छ। जसअन्तर्गत अनुसन्धान कार्यको लागी अध्ययनक्षेत्रको छनोट र त्यसको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कहरूको स्रोत र प्रकृति, नमुनाछनोट, तथ्यांक सङ्कलनका विभिन्न विधिहरू, तथ्याङ्कको प्रशोधन तथा व्याख्या र अध्ययनको सीमाहरू जस्ता विषयवस्तुहरू समावेश गरिएको छ ।

## ३.१ अध्ययनक्षेत्रको छनोट  र त्यसको औचित्य

यस अध्ययनमा तामाङजातिको मागी विवाह संस्कृतिको बारेमा विभिन्न प्रकारले अध्ययन गरी सम्पूर्ण तामाङजातीमा रहेको मागीविवाह संस्कृतिलाई मुख्यआधार मानिएको छ र सोही कुराहरूलाई मुख्य अध्ययन क्षेत्र (काठमाण्डौ जिल्ला ना.न.पा.वडानं.८ भिमढुङ्गा) मा रहेका तामाङजातिमा प्रतिस्थापन गरी विविधखाले परिवर्तनका विषयमा र परिवर्तनका कारणहरू र तथ्यांक सङ्कलनका विषयमा आवश्यक विधिको प्रयोग गरिएको छ। तामाङजातिको परम्परागत मागीविवाह संस्कारमा भिमढुङ्गामा रहेका तामाङजातिमा देखिएका परिवर्तनका आधारमा यो क्षेत्र उपर्युक्त मानिन्छ । किनकी आधुनिकीकरण,  हिन्दुकरण, विश्वव्यापिकरण, पश्चिमीकरण, इसाईकरण, बसाइँसराइ, शहरीकरण, सूचना र प्रविधि जस्ता परिवर्तनका कारकहरूले देशभित्रका विभिन्नक्षेत्र र समुदायका संस्कार र संस्कृतिमा पारेको प्रभावसँगै यसक्षेत्रमा रहेको तामाङसमुदायमा पनि प्रभाव देखिन्छ। साथै यहाँ तामाङजातिको बाहुल्यता र शहरीक्षेत्र पनि भएकोले यसक्षेत्र उपर्युक्त रहेकोछ । यसका अलावा

**क) मुख्य आधार :-**

आधुनिकीकरण, शहरीकरण, पश्चिमीकरण र विज्ञान-प्रविधिको विकास लगायतका विभिन्न कारणहरूले विश्वका संस्कार संस्कृतिमाथि ल्याएको परिवर्तनसँगै नेपालमा  पनि त्यस्ताखाले परिवर्तनहरू देखिनु ।

**ख) अन्य आधार :-**

- ✓ हालसम्मपनि यसक्षेत्रमा बस्दैआएका तामाङजातिको बारेमा कुनै अध्ययन नभएकोले ।
- ✓ अध्ययनकर्ताको लागी उक्तक्षेत्रमा अध्ययनगर्न सहजहुने र समय, साधन र स्रोत कम लाग्ने हुनाले।
- ✓ अनुसन्धानकर्ता उक्तक्षेत्रमा बसोवासगर्ने र अध्ययनकोलागी तथ्याङ्क संकलनार्थ सहज हुनेभएकाले,

## ३.२ अनुसन्धान ढाँचा

कुनैपनि अनुसन्धानको लागि अनुसन्धान ढाँचा महत्वपूर्ण मानिन्छ । तसर्थ यस् अध्ययन वर्णनात्मक ढाँचामा रहेकोछ । जसमा तामाङजातिमा मागीविवाह संस्कृतिमा आएको परिवर्तनबारे अध्ययनगर्दा विवाहकाप्रकार र त्यसमा देखिएको परिवर्तन, मागीविवाहको प्रचलन, विधि, गरीने संस्कार आदि को वर्णनात्मक तरिकाले अध्ययन गरिएकोछ भने परम्परागत मागीविवाह संस्कृतिमा आएको परिवर्तन र परिवर्तनका कारणहरूको विश्लेषण पनि गरिएको छ ।

## ३.३ तथ्याङ्कहरूको स्रोत र प्रकृति

यस अध्ययनकार्यमा मुख्य तथा सहायक दुवै स्रोतका सूचनाहरू तथा तथ्याङ्कहरूको प्रयोग गरिएको छ । मुख्य तथ्याङ्कहरू स्थलगत अवलोकन, घरधुरीसर्वेक्षण, अध्ययन क्षेत्रका जानकारहरू (वुढापाका, भद्र भलाद्मी, राजनितिकर्मि तथा ताम्वा आदि) र अन्य व्यक्तिसँगको छलफल, प्रश्नोत्तर, अन्तर्वार्ता आदिको माध्यम बाट संकलन गरिएको थियो भने सहायक तथ्याङ्कहरूमा विषयक्षेत्र अनुसार सम्बन्धित क्षेत्रबाट प्राप्त तथ्याङ्कका साथै विभिन्न किसिमका तथ्यपरक सूचना तथा लेखहरूलाई लिइएको छ। यसकासाथै गुणात्मक सुचनालाई प्राथमिकता दिँदै संख्यात्मक विवरणलाई आवश्यकताअनुसार लिएर समावेश गरिएको छ ।

## ३.४ नमुना छनोट

यस अध्ययनमा अध्ययन क्षेत्रमा रहेका तामाङ समुदायका जम्मा घरधुरी संख्या २८१ बाट ५६ घरधुरीलाई उद्धेश्यमूलक नमुनाछनोट गरी अध्ययन गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधि

कुनैपनि विषयमा तथ्याङ्कहरूको विशेष महत्व रहेसँगै तथ्याङ्कहरूको संकलन रहनेहुँदा यस अध्ययनमा पनि तथ्यांक संकलन कार्यलाई उद्देश्यमूलक बनाउनका लागि निम्नानुसारका विधि तथा तरिकाहरूको माध्यमबाट तथ्यांक तथा सूचनाहरू संकलन गरीएकोछ ।

### ३.५.१ स्थलगत अवलोकन र मुख्य जानकारहरुसँगको छलफल

आवश्यकतानुसारका सूचना तथा तथ्यांक संकलन कार्यक्रममा अध्ययन क्षेत्रमा रहेका तामाङ समुदायको मागी विवाह संस्कृति, रीतिरिवाज, बारेमा प्रत्यक्ष छलफल विधिका आधारमा सहभागी भएर तथ्यांक संकलन गरिएको छ ।

अध्ययन क्षेत्रका तामाङ समुदायको मागी विवाह संस्कृति विगत र वर्तमान अवस्थामा परिवर्तनका कुराहरू र परिवर्तनका कारणहरू सम्बन्धमा अध्ययनक्षेत्रका जानकारहरुसँग विषयकेन्द्रित समुह छलफल कार्यगरी तथ्यांक संकलन गरिएको छ । यसकासाथै तथ्यांक संकलनका लागि ५६ घरधुरीका घरमूली महिला तथा पुरुषहरूलाई औसत १० जनाको ६ टोल समुह बनाइ समुह छलफल विधि सञ्चालन गरिएको छ ।

### ३.५.२ भिडियो तथा फोटो अध्ययन

यस शोधअध्ययन तुलनात्मकरूपमा हेर्नुपर्ने भएको हुँदा सम्बन्धित क्षेत्रको मागीविवाह संस्कार के-कसरी सम्पन्न हुनेगरेका छन् भन्नेबारेमा अध्ययनगर्नको लागि उही समयमा ठ्याक्कै उपस्थित हुन नसक्ने भएबाट विवाहका फोटो तथा भिडियोहरू समेतमा अवलोकन गर्नुपर्ने भएकोले यो शोधअध्ययनमा त्यस्ताप्रकारका फोटो तथा भिडियोसिडिहरु पनि अध्ययन/अवलोकन गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रशोधन तथा व्याख्या

अध्ययन अनुसन्धानको क्रममा प्रयोगका विविध विधिबाट प्राप्त सूचनाहरू तथा तथ्याङ्कहरूलाई विषयवस्तुअनुरूप समावेश गरिएको छ । समावेशमा तालिकीकरण लगायत अन्यमाध्यमबाट वर्गीकरण तथा प्रस्तुतिकरण गरिएको छ । प्रस्तुतिकरणमा संख्यात्मक तथा गुणात्मक रुपमा व्याख्या-विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको सामाजिक जनसांख्यिकी

## ४.१ अध्ययन क्षेत्रको सामाजिक परिचय

काठमाण्डौ उपत्यकाका ३ जिल्लाहरू मध्येको नेपालको पुरानो राजधानी तथा देशकै सबैभन्दा धेरै जनसंख्या भएको बागमती प्रदेशको एक जिल्ला हो । यस जिल्लामा विभिन्न ठाउँबाट मानिसहरू बसाइसराइ गरी बसोवास गरेको हुनाले विभिन्न धर्म, जात र भाषाका मानिसहरू बसोवास गरेको पाइन्छ । देशकै पुरानो महानगरपालिका काठमाडौ महानगरपालिका लगायत अन्य १० वटा नगरपालिकाहरु यस जिल्लामा रहेका छन् । विभिन्न जातजातिका मानिसहरूको बसोवास रहेको यस जिल्लामा नेवार, ब्राह्मण, क्षेत्री , तामाङ, मगर र गुरुङ जातिहरूको बाहुल्यता रहेको छ भने सबैभन्दा बढी हिन्दुधर्म लगायत बौद्व, क्रिश्चियन, इस्लाम, किरात तथा जैनधर्म मान्ने मानिसहरूको पनि बसोवास रहेको पाइन्छ (**नागार्जुन नगरपालिका, २०७८**) ।

२०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार काठमाडौ जिल्लाको सर्वेक्षण घरसंख्या २, ७६, ०५४ रहेको छ भने कुल जनसंख्या २०, १७, ५३२ रहेको छ जसमा पुषको जनसंख्या १०, २५, ७२७ र महिलाको जनसंख्या ९, ९१, ८०५रहेको छ । काठमाण्डौ जिल्लाभित्रका विभिन्न नगरपालिकामध्ये नागार्जुन नगरपालिका पनि एक हो । २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार नागार्जुन नगरपालिकाको सर्वेक्षण घरसंख्या १७, ४६६ रहेको छ भने कुलजनसंख्या १, १५, ५०७ रहेको छ । जसमा पुषको जनसंख्या ५७, ६३१ र महिलाको जनसंख्या ५७, ८७६ रहेको छ (**केन्द्रिय तथ्यांक विभाग, २०७९** ) ।

नेपाल सरकारको निर्णयबमोजिम मिति २०७१ मंसिर १६ गते घोषणा भएको नागार्जुन नगरपालिका साविकका ५ वटा गाविसहरू सितापाईला, भिमढुङ्गा, इचंगुनारायण, रामकोट र स्युचाटार मिलेर बनेको हो । अधिराज्यका विभिन्न भागहरूबाट समेत बसाइसराइ गरी आउने भएकोले यसक्षेत्रमा विभिन्न जातजाति तथा धर्मावलम्बीका मानिसहरूको बसोवास रहेको छ । नेवार, बाहुन, मगर, सन्यासी तथा क्षेत्री जातीको बाहुल्य रहेको यस नगरपालिकामा अधिकांश

हिन्दु र बौद्ध धर्म मान्ने मानिसहरूको बसोवास रहेको पाइन्छ । यस नगरपालिकाभित्र १० वटा वडाहरू रहेका छन् ।

नागार्जुन नगरपालिकाका विभिन्न वडाहरुमध्ये साविकको सिङ्गो भिमढुङ्गा गा.वि.स.मिलेर वनेको वडा नै वडा नं ८ भिमढुङ्गा हो । विभिन्न ऐतिहासिक, धार्मिक, सांस्कृतिक साथै विभिन्न जातजातिय परिचय बोकेको वडा नं.८ भिमढुङ्गा प्राचीनकाल देखि नै प्रख्यात छ । हिन्दु र बौद्ध परम्परामा समान आस्था प्रदर्शन गर्ने यस वडाका बासिन्दाहरूले धार्मिक आस्था सहित सामाजिक, सांस्कृतिक तथा धार्मिक कृयाकलापहरू गर्दैआएको पाइन्छ । महाभारत पर्वतश्रृफ्लामा अवस्थित यो भेगमा समशीतोष्ण हावापानी पाइन्छ । फलस्वरुप यहाँ वस्ती विस्तार क्रमिक रुपमा बढ्दैगएको पाइन्छ । मुख्यपेशा कृषि नै भएतापनि अन्यपेशा तथा व्यापारव्यवसाय र सरकारी जागिरमा पनि संलग्नता पाइन्छ भने विकासका गतिविधिहरू पनि क्रमिक रुपमा अगाडि वढ्दै गइरहेको पाइन्छ ( **नागार्जुन नगरपालिका, २०७८**) ।

## ४.२ अध्ययन क्षेत्रको जनसांख्यिकी विवरण

यस वडामा रहेका विभिन्न जातजातिका मानिसहरूको बसोवासको आधारमा त्यससम्बन्धी संख्यागत विवरणलाई निम्नानुसार तालिकाबाट उल्लेख गरिएको छ ।

**तालिका ४.१ अध्ययन क्षेत्रका जातिगत अवस्थिति विवरण**

| जातजाति | घरधुरी | | जनसंख्या | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **ब्राह्मण/क्षेत्री** | ३४७ | ५१.१ | १, ६६४ | ५२.८ |
| **तामाङ** | २०५ | ३०.२ | ९०७ | २८.८ |
| **दलित** | ६१ | ९.० | २६७ | ८.५ |
| **नेवार** | ४३ | ६.३ | २०९ | ६.६ |
| **अन्य** | २३ | ३.४ | १०४ | ३.३ |
| **जम्मा** | **६७९** | **१००%** | **३, १५१** | **१००%** |

(**स्रोत : नागार्जुन नगर–८, वडाप्रोफाइल-२०७८**)

माथि उल्लेखित तालिकाअनुसार यस वडाको घरधुरीको तथ्यांकमा सबैभन्दा बढी घरधुरी ब्राम्हण क्षेत्रीको र सबैभन्दा कम अन्य जातजातिका मानिसहरूको रहेको देखिन्छ । यसैगरी

जनसंख्यामा पनि सबैभन्दा धेरै जनसंख्या ब्राम्हण क्षेत्रीमा रहेको देखिन्छ भने तामाङको जनसंख्या धेरैमा दोश्रो स्थानमा रहेको देखिन्छ । यसकासाथै अन्य जातजातिको जनसंख्या निकै कम रहेको देखिन्छ ।

अध्ययनक्षेत्रमा रहेका तामाङ जातिलाई अध्ययनक्षेत्रको तामाङ समुदायको रुपमा लिइएको छ । सोहीआधारमा तामाङ जातिको बसोवास स्थानमध्ये बाहुल्यताको आधारमा थाप्ले, मजुवा, दुवेचौर, भिमढुङ्गा, घट्टेखोला, धन्सार, र भीरकोट आदि स्थानहरूमा रहेका सम्पूर्ण तामाङलाई तामाङ समुदाय मानिएको छ । अध्ययनक्षेत्रका तामाङका मानिसहरूको बसोवास अवधिको बारेमा विगत ५-७ पुस्ता अगाडिदेखि नै यस क्षेत्रमा विभिन्न ठाउँहरूबाट बसाइसराइ गरी आएको पाइन्छ । जसमा देशको राजधानी काठमाण्डौका अन्य ठाउँहरू लगायत राजधानीभन्दा बाहिरबाट पनि आएको पाइन्छ । यसरी यस क्षेत्रका विभिन्न सात (७) वस्तीमा तामाङहरूको बसोबास निम्नानुसार पाइएको छ ।

**तालिका ४.२ अध्ययन क्षेत्रका तामाङ समुदायको बस्तीको अवस्थिति विवरण**

| **स्थान** | **घरधुरी** | | **महिला** | | **पुरुष** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **घट्टेखोला** | ७१ | २५.३ | १५१ | ११.८ | १७० | १३.३ | ३२१ | २५.१ |
| **मजुवा** | ६४ | २२.८ | १३९ | १०.८ | १५४ | १२.० | २९३ | २२.८ |
| **थाप्ले** | ५८ | २०.७ | १२४ | ९.७ | १३६ | १०.६ | २६० | २०.३ |
| **भीरकोट** | ४२ | १४.९ | ८९ | ६.९ | १०२ | ८.० | १९१ | १४.९ |
| **दुवेचौर** | १७ | ६.० | ३४ | २.७ | ४४ | ३.४ | ७८ | ६.१ |
| **भिमढुङ्गा** | १५ | ५.३ | ३० | २.३ | ३९ | ३.० | ६९ | ५.३ |
| **धन्सार** | १४ | ५.० | ३१ | २.४ | ४० | ३.१ | ७१ | ५.५ |
| **जम्मा** | **२८१** | **१००%** | **५९८** | **४६.६%** | **६८५** | **५३.४%** | **१, २८३** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिका अनुसार तामाङजातिको बसोवास रहेको स्थानहरूलाई सबैभन्दा बढीको आधारमा स्थलगत अध्ययन र ना.न.पा.८ का वडाध्यक्ष तथा जानकार व्यक्तिहरूसँग सोधपुछ गरी तथ्यांक संकलन गरिएको हो तालिकामा उल्लेख गराएअनुसार यस वडाभित्र सबैभन्दा बढी

तामाङ घरधुरी रहेको स्थान घट्टेखोलामा र सबैभन्दा कम घरधुरी रहेको स्थान धन्सारमा रहेको पाइन्छ। उक्त घरधुरीभित्रको जनसंख्यालाई हेर्ने हो भने सबैभन्दा बढी जनसंख्या घट्टेखोलामा रहेको पाइन्छ भने सबैभन्दा कम जनसंख्या भिमढुङ्गामा रहेको देखिन्छ ।

### ४.३ तामाङ बस्तीका घरधुरीगत विवरण

माथि उल्लेखित मुख्य-अध्ययन क्षेत्रभित्रका सबै क्षेत्रलाई समेट्ने गरी स्थानविशेषका आधारमा रहेका घरधुरीबाट जम्मा २०% घरधुरीलाई अध्ययनमा नमुनाको लागि लिइएको छ। जसका आधारमा विषयकेन्द्रित अध्ययनमा तालिकीकरण र विश्लेषण सहित सोहीखण्डमा समावेश गरिएको छ भने नमुना छनौटको अवस्थालाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.३ अध्ययन क्षेत्रका तामाङ समुदायको घरधुरीगत विवरण**

| स्थान | जम्मा घरधुरी | २०% नमुनाबाट घरधुरी |
|---|---|---|
| **घट्टेखोला** | ७१ | १४ |
| **मजुवा** | ६४ | १३ |
| **थाप्ले** | ५८ | १२ |
| **भीरकोट** | ४२ | ८ |
| **दुवेचौर** | १७ | ३ |
| **भिमढुङ्गा** | १५ | ३ |
| **धन्सार** | १४ | ३ |
| **जम्मा** | **२८१** | **५६** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित नमुना छनौटका घरधुरीबाट प्राप्त विवरणहरू लाई नमुना छनौटका रुपमा विभिन्न विषयगत तथ्याङ्कलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### क) उमेरगत जनसंख्या विवरण

नमुनाछनौट घरधुरीबाट प्राप्त तथ्याङ्कका आधारमा उमेरगत जनसंख्या अवस्था निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.४ अध्ययन क्षेत्रका तामाङ समुदायको उमेरगत जनसंख्या विवरण**

| उमेरसमुह | **महिला** | | **पुरुष** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४वर्ष | ८ | २.८ | ११ | ३.८ | १९ | ६.६ |
| ५-९वर्ष | १० | ३.५ | १२ | ४.२ | २२ | ७.६ |
| १०-१४वर्ष | ११ | ३.८ | १४ | ४.९ | २५ | ८.७ |
| १५-१९वर्ष | १३ | ४.५ | १७ | ५.९ | ३० | १०.४ |
| २०-२९वर्ष | ३० | १०.४ | २८ | ९.७ | ५८ | २०.१ |
| ३०-३९वर्ष | २४ | ८.३ | २७ | ९.३ | ५१ | १७.७ |
| ४०-४९वर्ष | १७ | ५.९ | १८ | ६.३ | ३५ | १२.२ |
| ५०-५९वर्ष | १२ | ४.२ | १३ | ४.५ | २५ | ८.७ |
| ६०-६९वर्ष | ८ | २.८ | ६ | २.१ | १४ | ४.९ |
| ७० र सो माथि | ५ | १.७ | ४ | १.४ | ९ | ३.१ |
| जम्मा | **१३८** | **४७.९%** | **१५०** | **५२.१%** | **२८८** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकाअनुसार सबैभन्दा बढी जनसंख्या (२०-२९) वर्ष उमेरसमूहमा पाइन्छ भने सबैभन्दा कम जनसंख्या (७० र सो देखि माथि) वर्ष उमेरसमूहमा रहेको पाईन्छ । सम्पूर्ण तथ्याङ्कको आधारमा (०-२९) वर्ष उमेर समूह भित्रका उमेरसमूहमा क्रमश बढ्दो अवस्थामा जनसंख्या रहेको पाइन्छ भने पुनः(३० देखि ७० र सो माथि) को उमेरसमूह भित्रका उमेरसमूहमा जनसंख्या घट्दो अवस्थामा पाइन्छ। लैङ्गिक अवस्थालाई उमेरगत रुपमा हेर्ने हो भने (२०-२९) वर्ष उमेरसमूह र (६०- माथि) वर्ष उमेरसमूहमा महिलाको जनसंख्या पुरुषको जनसंख्या भन्दा बढी र अन्य उमेरसमूहमा पुरुषको जनसंख्या बढि रहेको पाइन्छ ।

**ख) धार्मिक अवस्थाको विवरण**

धर्म व्यक्तिको आस्थासँग जोडिएको हुन्छ। अर्थात् धर्मकै आधारमा संस्कार र संस्कृति निर्धारण तथा विकास भएको हुन्छ। विगतमा हेर्ने हो भने धर्मकै आधारमा समुदायको पहिचान पनि हुन्थ्यो। तर वर्तमानमा एकै व्यक्तिसमुदाय भित्रपनि विभिन्न धार्मिक आस्थाको अनुशरण तथा

प्रयोग भएको पाइन्छ। जुन नमुना घरधुरीबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकाबाट उल्लेख गरिएको छ ।

**तालिका ४.५ अध्ययन क्षेत्रका तामाङ समुदायको धार्मिक आस्थागत विवरण**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| **बौद्द** | १७४ | ६०.४ |
| **हिन्दु** | १०२ | ३५.४ |
| **क्रिश्चियन** | १२ | ४.२ |
| **जम्मा** | **२८८** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

तालिकामा उल्लेख भएअनुसार कुल जनसंख्यामा सबैभन्दा बढी धर्म मान्ने बौद्धधर्ममा रहेपनि वर्तमानमा हिन्दुधर्म लगायत क्रिश्चियन धर्म मान्नेको संख्यामा वृद्धि रहेको पाइन्छ ।

**ग) शैक्षिक विवरण**

शिक्षाभित्र त्यो सामर्थ्य हुन्छ जसले व्यक्तिमात्रै नभएर पुरै समुदायलाई नै परिवर्तन गर्नसक्छ । अर्थात् व्यक्तिमा आएको परिवर्तनले समाज परिवर्तन हुने गर्दछ । यसर्थ शैक्षिक अवस्थाको सम्बन्धमा नमुना घरधुरीका (५ र सो देखि माथि) वर्ष उमेरसमूहका १३९ पुरुष र १३० महिला गरी जम्मा २६९ जना मानिसहरूको जनसंख्यालाई साक्षर र निरक्षर गरी निम्नानुसार उल्लेख गर्न सकिन्छ । **तालिका ४.६ अध्ययन क्षेत्रका तामाङ समुदायको साक्षरता विवरण**

| शैक्षिक अवस्था | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **साक्षर** | १३१ | ४८.७ | ११३ | ४२.० | २४४ | ९०.७ |
| **निरक्षर** | ८ | ३.० | १७ | ६.३ | २५ | ९.३ |
| **जम्मा** | **१३९** | **५१.७%** | **१३०** | **४८.३%** | **२६९** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

तालिकामा उल्लेख भएअनुसार निरक्षरको जनसंख्या भन्दा साक्षरको जनसंख्या धेरै नै माथि रहेको पाइन्छ भने साक्षरमा पुरुषको जनसंख्याको प्रतिशत महिलाको भन्दा बढी र निरक्षरमा महिलाको जनसंख्या प्रतिशत पुरुषको भन्दा बढी रहेको पाइन्छ ।

जम्मा साक्षर २४४(९०.७%) लाई निम्नानुसार तालिकाबाट तिनिहरुको शैक्षिक अवस्थालाई नमुना घरधुरीबाट प्राप्त विवरणहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ अध्ययन क्षेत्रका उत्तरदाताको शैक्षिक योग्यता विवरण**

| शैक्षिक योग्यता | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **सा.ले.प.** | १८ | ६.७ | २७ | १०.० | ४५ | १६.७ |
| **प्रारम्भिक तह-५ कक्षा उत्तीर्ण** | ३२ | ११.९ | २५ | ९.३ | ५७ | २१.२ |
| **६-१०कक्षा उत्तीर्ण** | ३४ | १२.६ | २३ | ८.६ | ५७ | २१.२ |
| **एस.एल.सि. /एस.ई.ई.उत्तीर्ण** | २२ | ८.२ | १८ | ६.७ | ४० | १४.९ |
| **प्रमाणपत्रतह उत्तिर्ण** | १८ | ६.७ | १६ | ५.९ | ३४ | १२.६ |
| **स्नातकतह उत्तीर्ण** | ६ | २.२ | ४ | १.५ | १० | ३.७ |
| **स्नातकोत्तर र सोमाथि उत्तीर्ण** | १ | ०.४ | - | - | १ | ०.४ |
| **जम्मा** | **१३१** | **४८.७%** | **११३** | **४२.०%** | **२४४** | **९०.७%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

साक्षर मध्येपनि तिनीहरूको शैक्षिक अवस्थालाई तालिकाद्वारा हेर्ने हो भने सबैभन्दा बढी जनसंख्या प्रारम्भिक तहदेखि कक्षा १० सम्म उत्तीर्ण गर्नेमा रहेको पाइन्छ भने सबैभन्दा कम जनसंख्या स्नातकोत्तर र सो देखिमाथि उत्तीर्णमा रहेको पाइन्छ । लैङ्गिक आधारमा हेर्ने हो भने सा.ले.प. को खण्डमा पुरुषको भन्दा महिलाको जनसंख्या प्रतिशत बढी देखिन्छ भने स्नातकोत्तर र सोदेखि माथि उत्तीर्णमा महिलाको संख्या नरहेको ।

**घ) भाषागत विवरण**

भाषाले विचार विनिमयको काममात्र होइन व्यक्तिलाई चिनारी पनि गराउँछ । अझै भन्ने हो भने भाषाको माध्यमबाट नै कुन जात र कुन धर्मको मानिस हो भनेर उसले बोल्ने भाषाका आधारमा पहिचान हुन्छ । यसर्थ तामाङजाति भित्रपनि भूगोल र अवस्थिति अनुसार लवजमा फरक

हुनुले भाषाकै आधारमा कुन भूगोल र अवस्थितिको हो भनेर समेत पहिचान हुनेगर्दछ। वर्तमानमा भने एकै व्यक्ति र समुदाय भित्रपनि विभिन्न भाषाको प्रयोग भएको पाइन्छ। तर मातृभाषा नै उनीहरूको चिनारी हो । अध्ययनक्षेत्रमा रहेका तामाङ समुदायमा पुरानो पिँढीमा केही जो छन् उनीहरू तामाङभाषा बाहेक अरुभाषा बोल्न लेख्न जान्दैनन् भने नयाँ पिँढीमा केही जो छन् उनीहरू तामाङभाषा बोल्न लेख्न नजान्ने पनि पाइन्छ भने कतिपय दुवै भाषाको लेखपढ गर्न जान्नेपनि पाइन्छ । जसअनुसार नमुना घरधुरीबाट प्राप्त (५-माथि उमेरसमुहका) जम्मा २६९ जना जनसंख्यालाई निम्न तालिकाबाट उल्लेख गरिएको छ ।

**तालिका ४.८ अध्ययन क्षेत्रका उत्तरदाताको भाषागत पहुँच विवरण**

| भाषागत अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| **तामाङ भाषा मात्र वोल्ने** | ८ | २.९७ |
| **नेपाली भाषा मात्र वोल्ने** | ४९ | १८.२२ |
| **तामाङ र नेपाली भाषा दुवै वोल्ने** | २१२ | ७८.८१ |
| **जम्मा** | **२६९** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिका आधारमा भाषालाई हेर्ने हो भने तामाङ भाषामात्र बोल्ने ८ जना, नेपाली भाषामात्र बोल्ने ४९ जना र दुवैभाषा बोल्ने २१२ जनाको जनसंख्या देखिन्छ भने तामाङ भाषामात्र बोल्नमा अधिकांश वृद्ध - वृद्धा रहेकोमा नेपाली भाषामात्र बोल्नमा बालबालिकाको जनसंख्या बढी देखिन्छ। यसभन्दा अन्यमा अन्यको जनसंख्या बढी देखिन्छ ।

**ङ) पेशागतअवस्था**

दैनिक जीवनयापन सञ्चालनको निम्ति आर्थिक क्रियाकलापको हिसाबमा व्यक्तिले गर्ने कार्यपद्दति नै पेशा हो। परम्परागत हिसाबमा नेपाली समाजभित्र सामाजिक नियम र पद्धतिको आधारमा पेशा निर्धारण गरेको पाएपनि वर्तमान अवस्थामा भने आमूल परिवर्तन देख्न सकिन्छ। जुन कुरालाई नमुना घरधुरीबाट प्राप्त जनसंख्याको आधारमा निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.९ अध्ययन क्षेत्रका उत्तरदाताको पेशागत विवरण**

| पेशा | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **कृषि** | ५३ | १८.४ | ७३ | २५.३ | १२६ | ४३.७ |
| **व्यापार/व्यवसाय** | १० | ३.५ | ५ | १.७ | १५ | ५.२ |
| **जागिर** | १२ | ४.२ | ६ | २.१ | १८ | ६.३ |
| **विधार्थि** | ३५ | १२.२ | २९ | १०.१ | ६४ | २२.३ |
| **विदेश रोजगार** | १६ | ५.६ | ४ | १.४ | २० | ६.९ |
| **ज्याला/मजदुरी** | ११ | ३.८ | १० | ३.५ | २१ | ७.३ |
| **अन्य** | १३ | ४.५ | ११ | ३.८ | २४ | ८.३ |
| **जम्मा** | **१५०** | **५२.१** | **१३८** | **४७.९** | **२८८** | **१००** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

तालिकामा उल्लेखित पेशागत विवरणमा सबैभन्दा बढी जनसंख्या कृषिमा रहेको पाइन्छ भने सबैभन्दा कम जनसंख्या व्यापार-व्यवसायमा देखिन्छ । लैङ्गिक आधारमा पेशागत विवरणमा कृषिपेशामा महिलाको जनसंख्या प्रतिशत पुरुषको जनसंख्या प्रतिशत भन्दा बढी देखिन्छ भने सो देखि बाहेकका पेशाहरूमा महिलाको भन्दा पुरुषको जनसंख्या बढी रहेको पाइन्छ ।

**च) थरका आधारमा जनसंख्या विवरण**

तामाङजातिको विवाह संस्कारमा थरको विशेष महत्व हुनाले अध्ययनक्षेत्रका नमुना घरधुरीबाट प्राप्त जनसंख्यामा रहेका तामाङजाति भित्रका विभिन्न थरहरूको आधारमा जनसंख्या विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१० अध्ययन क्षेत्रका उत्तरदाताको परिवार थरको विवरण**

| थर | रहेको स्थान | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| **दोङ** | मजुवा र दुवेचौर | ७७ | २६.७ |
| **स्याङ्तान** | थाप्ले, भीरकोट र घट्टेखोला | ६२ | २१.५ |
| **थिङ** | दुवेचौर मजुवा भिमढुङगा र घट्टेखोला | ५१ | १७.७ |
| **मोक्तान** | दुवेचौर, भिमढुङगा,थाप्ले, भीरकोट र मजुवा | २१ | ७.३ |
| **थोकर** | थाप्ले र मजुवा | ११ | ३.८ |
| **घलान** | थाप्ले, भीरकोट, मजुवा | २५ | ८.७ |
| **सिङदन** | दुवेचौर र भिमढुङगा | १५ | ५.२ |
| **लो** | थाप्ले | २६ | ९.० |
| **जम्मा** | | **२८८** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित थरहरूको तालिकामा सबैभन्दा बढी दोङ थरका तामाङ जातिका मानिसहरूको संख्या रहेको पाइन्छ भने सबैभन्दा कम थोकर थरका मानिसहरूको संख्या रहेको पाइन्छ ।

**छ) पारिवारिक संरचना विवरण**

एउटै घरधुरीमा रहेका परिवारका सदस्यहरूको सामुहिक रूप  परिवार हो । तिनीहरुको संख्याको आधारमा विभाजन गर्नु वा घरभित्रका पारिवारिक सदस्यहरूको भाव (एकल र संयुक्त) लाई अङ्कगणितीय रुपमा एकल र संयुक्त गरी विभाजन भएको अवस्था पारिवारिक संरचनालाई नमुना घरधुरी र घरधुरीबाट प्राप्त तथ्याङ्कलाई  निम्नानुसार उल्लेख गरिएको छ  ।

**तालिका ४.११ अध्ययन क्षेत्रका उत्तरदाताको पारिवारिक संरचना विवरण**

| **परिवार प्रकार** | **घरधुरी** | | **जनसंख्या** | | **औषत परिवार** |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| **संयुक्तपरिवार** | २३ | ४१.१ | १४५ | ५०.३ | ६.३० |
| **एकलपरिवार** | ३३ | ५८.९ | १४३ | ४९.७ | ४.३३ |
| **जम्मा** | **५६** | **१००%** | **२८८** | **१००%** | **५.१४** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथिको तालिकामा उल्लेख भएअनुसार सबैभन्दा बढी घरधुरी एकलपरिवारमा रहेको पाइन्छ भने कममा संयुक्तपरिवारमा रहेको पाइन्छ । तर घरधुरी भित्रका मानिसहरूको जनसंख्यामा भने लगभग दुवै  परिवारमा समान रहेको देखिन्छ तर औसत परिवार संख्या भने संयुक्त परिवारमा बढी ६.३० जना र कम एकल परिवारमा ४.३३ जना रहेको पाइन्छ  ।

**ज) वैवाहिक अवस्था**

नमुना घरधुरीबाट प्राप्त तथ्याङ्कका आधारमा जनसंख्यामा रहेको वैवाहिक स्थितिलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ  ।

**तालिका ४.१२ अध्ययन क्षेत्रका उत्तरदाताको वैवाहिक विवरण**

| वैवाहिकस्थिति | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **विवाहित** | ९१ | ३१.६ | ९९ | ३४.४ | १९० | ६६.० |
| **अविवाहित** | ४२ | १४.६ | ४४ | १५.३ | ८६ | २९.९ |
| **पारपाचुके/छुट्टिएको** | - | - | १ | ०.३ | १ | ०.३ |
| **विधुर/विधवा** | ५ | १.७ | ६ | २.१ | ११ | ३.८ |
| **जम्मा** | **१३८** | **४७.९%** | **१५०** | **५२.१%** | **२८८** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथिको तालिका अनुसार विवाहितको संख्या सबैभन्दा बढी पाइन्छ भने सबैभन्दा कम पारपाचुकेको संख्या रहेको पाइन्छ। यसमापनि अविवाहित भन्दा विवाहितको जनसंख्या बढी रहेको पाइन्छ। लैङ्गिक रुपमा वैवाहिक स्थितिका सबै खण्डमा महिलाको भन्दा पुरुषको जनसंख्या प्रतिशत बढी रहेको पाइन्छ । यसअलावा (२०-२९) वर्ष समुहमा १ जना पुरुष पारपाचुके ५० वर्षमाथि अविवाहित पुरुष २ जना । ४०वर्षमाथि अविवाहित महिला १ जना रहेको पाइन्छ ।

# अध्याय : पाँच

# विवाह संस्कार र परिवर्तनहरू

तामाङजातिको मागी विवाह संस्कृति अध्ययनको निम्ति विवाहसंस्कार सम्बन्धमा पनि अध्ययन गरिनुपर्ने हुन्छ । किनकि संस्कारभित्र संस्कृति हुन्छ र संस्कारगत पक्षहरूको अध्ययनले संस्कृति अध्ययनमा सहयोग पुग्छ । यसर्थ विवाहसंस्कार तथा मागी विवाह संस्कृति विषयमा समस्त **"तामाङजाति समुदाय"** को अध्ययनबाट प्राप्त जानकारीहरूलाई मुख्य आधार मानिएको छ भने परिवर्तन सम्बन्धी कुराहरूमा र परिवर्तनका कारणहरूको बारेमा विभिन्न अध्ययनविधि मार्फत अध्ययनक्षेत्रमा रहेका जानकार व्यक्तिहरू (स्थानीय भद्रभलाद्मी, वुद्दिजिवि तथा ताम्वा) बाट प्राप्त तथ्यहरूलाई प्रतिस्थापन गरिएको छ । यसकासाथै नमुनाछनौट बाट आवश्यक तथ्यहरूलाई तालिका सहित पनि व्याख्या गरिएको छ ।

विभिन्न जातिहरूको आफ्नै विभिन्न संस्कार भएजस्तै तामाङजाति समुदाय भित्रपनि आफ्नै संस्कार एवम् संस्कृति रहेका छन् । ति विविध संस्कारमध्ये विवाह संस्कार पनि एक हो । विवाहबाटै नयाँपिढीको जन्महुने र नयाँपिढीले सामाजिक रुपमा मान्यता पाउने हुनाले तामाङसमाजमा विवाहलाई विशेष महत्व दिइएको हुन्छ । अझ विवाहलाई आफ्ना विविध संस्कारमध्ये महत्वपूर्ण ठानी सोहीअनुसार विधि र नियममा रही विवाहकार्य गरिएको पाइन्छ ।

## ५.१ चलन र विश्वासमा आएको परिवर्तन

### ५.१.१ प्रचलित विवाहका प्रकारहरूमा आएको परिवर्तन

यससम्बन्धी विषय अध्ययनमा तामाङसमुदायमा विगत र वर्तमानमा भएका र हुनेगरेका विभिन्न विवाहहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**१) मागीविवाह**

केटा र केटी पक्षका अभिभावकले सहमतिमा आफ्ना छोरा-छोरीको विवाह गर्नु नै मागीविवाह हो । विगतमा **"मामा-फूपु चेला-चेली र आफ्नै जात"** मा मात्र सीमित अर्थात् त्यसमा पनि सानै उमेरमा पोङ लगाएर केटाकेटीको चाहना नबुझी मगनी गर्ने र मागीविवाह विगतमा पाइन्थ्यो ।

**२) चोरी/छोपुवा/लतार्ने विवाह**

विगतमा अरु जातीमा यो प्रकारको विवाह हुने गरेबाट तामाङजातिमा पनि भएको पाइन्छ । केटालाई मनपरेकी महिला वा केटीलाई बाटो, जंगल र मेलापर्वमा छोपी निजको इच्छाविपरीत जबर्जस्ती हुने विवाह लाई त्यो बेलाको पितृसत्तात्मक समाजले अपनाएको पाइन्छ ।

**३) भागीविवाह**

सामान्यतयाः दुवैको राजीखुसीमा परिवार-समाजको स्विकार्य नहुनेअवस्था वा अन्यअवस्थामा केटा र केटी भागेर हुने विवाह भागीविवाह हो । विगतमा तामाङसमुदायमा यो खालको विवाह हुने गरेको पाइन्छ भने त्यसरी भागेपछि पुनः सामाजिक रीतपूर्वक दुवैलाई सामाजिक मान्यता दिनको लागि दुवैपक्षका अभिभावकको पनि साथसहयोग रहेको अवस्था पाइन्छ । खासगरी आफ्नै जातमा हुने यो विवाह तामाङसमुदायमा प्रचलित पनि छ । किनकि कमखर्च र झन्झटिलो प्रक्रियाबाट मुक्तहुन कतिपय अभिभावकले नै प्रश्रय गरेबाट यो खालको विवाह अनुशरण गरेको पाइन्छ ।

**४) प्रेमविवाह**

प्रेमविवाह यस जातिहरूको पुरानो विवाह हो । विवाह मामिलामा खुला र स्वतन्त्र हुने हुनाले र प्रेमविवाहमा मागीविवाहमा जस्तो झन्झटिलो र खर्च नहुने हुनाले केटा-केटीहरु मेलापात, चाडपर्व तथा नाचगान गरी प्रेमगरेपछि प्रेमलाई विवाहमा परिणत गरेका कुराहरू विगतमा पाइन्थ्यो ।

**५) अन्तर्जातीय विवाह**

विगतमा यो विवाह भने त्यति पाइदैन । तर यदाकदा हुने अन्तर्जातीय विवाहमा बाध्यतावश श्रीमतीका रुपमा स्विकार्नुपर्ने सामाजिक नियमअनुसार त्यसलाई अन्तर्जातीय विवाहको रुपमा लिइएको थियो । यो विवाहले समाजमा त्यति मान्यता पाएको थिएन भने यो विवाहबाट जन्मेका बच्चाहरूले पनि सामाजिक मान्यता पाउनलाई प्रक्रिया पुरागर्नुपर्ने अवस्था थियो ।

**६) पेटकाटी (फो-थासि) विवाह**

दिदी छँदाछँदै बहिनीको विवाह हुनुलाई पेटकाटीविवाह वा फो-थासि विवाह भनी तामाङ समाजमा भन्ने गरेको पाइन्छ । सामाजिक नियमअनुसार यो विवाह गरेबापत श्रीमतीको दिदीलाई दण्डस्वरूप नगद तथा जिन्सी सामान दिनुपर्थ्यो र सो दिएबापत सामाजिकमान्यता पाएसँगै यो

विवाह भएको देख्न सकिन्छ । यो विवाह प्रायः प्रेमपश्चात् हुनेगर्दथ्यो । र प्रेम पश्चात भागेर पनि हुनेगर्दथ्यो ।

**७) जारीविवाह**

परम्परागत मान्यतामा विवाह भइसकेकी र निजको श्रीमान सँगै हुँदाहुँदै कुनै महिलालाई कुनै पुरुषले विवाह गरी समाजले तोकेको दण्ड जरिवाना बुझाए वापत स्विकार्य हुने मान्यताको विवाह जारीविवाह हो । विगतमा यो खाले विवाह तामाङसमुदायमा पनि हुनेगरेको पाइन्छ भने दण्ड तिरेपछि समाजले पनि नव जोडीलाई स्विकार्य दिएको देखिन्छ । विगतमा प्रायः आफ्नै जातीभित्र मात्र र बहुविवाहका रुपमा पनि हुने यो प्रकारको विवाह समयसँगै हट्दै गएको देखिन्छ ।

**८) विधवा-विदुर विवाह**

श्रीमानको मृत्यु भएपछि श्रीमतीलाई विधवा र श्रीमती को मृत्यु भएपछि श्रीमानलाई विदुर भनिएसँगै तिनीहरूले गर्ने विवाहलाई विदुर-विधवा विवाह भनिन्छ । यसमा दुवैपक्ष विवाहित तर विदुर/विधवा हुन्छन् भने विदुर र अविवाहिता तथा सम्बन्धविच्छेदकी केटी र महिलासँग अर्थात् अविवाहित केटा र विधवा महिला बिचको वैवाहिक सम्बन्धलाई पनि विधवा-विदुरविवाह मा लिने गरिन्छ । विगतमा तामाङसमाजमा योखालको विवाह पाइन्छ र त्योबेलाको समाजले विधवा भाउजूलाई अविवाहिता देवरले विवाह गर्नसक्ने मान्यताबाट पनि यसको विकास भएको देखिन्छ । र योखालको विवाहलाई त्योबेलाको तामाङसमाजले नै छुट दिएको पाइन्छ ।

**९) सट्टाविवाह**

तामाङ समाजअनुसार मामा-फुपु चेला-चेली साटासाट गर्नु लाई सट्टा विवाह भनिन्छ भने यो भावना ल्याएपछि ल्याउनेको घरमा दिनुपर्छ भन्ने मान्यताबाट विकास भएको पाइन्छ । विगतमा तामाङसमाजमा प्राथमिकता सँगै सामाजिक मान्यताबाट अति नै प्रचलित यो विवाह गर्ने गरेको पाइन्छ । यसरी यस जातिभित्रको परम्पराले जति पायो त्यति नै फिर्ता गर्नुपर्छ भन्ने अवस्थाले आर्थिक सामञ्जस्यता समेत कायम भएको देखिन्छ ।

**१०) घरज्वाइँ विवाह**

नेपाली समाजको धारणाअनुसार दाजुभाइ नभएकी कुनै केटी वा महिलालाई विवाह गरेपछि विवाह गर्ने केटा नै केटीको बाबु-आमाको घरमै वस्नुपर्ने मान्यता तथा पद्धतिबाट विकास भएको विवाह नै घरज्वाइँ विवाह हो । यससम्वन्धि मान्यता, धारणा तथा प्रचलनले तामाङसमाजमा

पनि छुट्टै सामाजिक निती, नियम तथा पद्धति रहेसँगै यो खालको विवाहले त्यो बेलाको तामाङसमाजमा छुट्टै भावना तथा मान्यता राखेको देखिन्छ । जसबाट यदाकदा घरज्वाइँ बस्ने र ससुरालिको सम्पत्तिमाथि हक हुने भावनाले पनि योखालको विवाहको उपयोग भएको देखिन्छ ।

**११) बहुविवाह(बहुपति/बहुपत्नि विवाह)**

सामान्यतः विवाहिताले विवाहित जोडी छँदाछँदै पुनः अर्को कसैलाई विवाह गर्नु बहुविवाह हो । यसमा बहुपति तथा बहुपत्नी दुवैखालका विवाह हुन्छन् । विगतमा तामाङसमाजमा बहुपत्नी विवाह पाइन्छ भने बहुपति विवाह कहिँकतै हुने भनिएपनि तथ्यगत प्रमाण भेटिँदैन । तामाङसमाजको पुरुषले ढाँटछल गरी, आफू अविवाहित भनी, लोभ र प्रलोभन देखाई वा आफू समाजको हुनेखाने भन्ने भावनाबाट उत्प्रेरित गराई तथा पहिलेको श्रीमतीबाट जायजन्म नभएको अवस्थामा अर्कोविवाह गर्ने गरेको पाइन्छ । कतिपय अवस्थामा समाजले स्विकार्य गरेको देखिन्छ भने कतिपय अवस्थामा सामाजिक रीत पुरागरेपछि मात्र मान्यता योग्य हुने गरेको पाइन्छ ।

**१२) अदालती/कागजीविवाह**

विगतमा अभ्यासमा नभएको वा कहिँकतै देख्न नपाइने अदालती/कागजी विवाह भने विगतमा परम्परागत रूपले विवाह योग्य केटा र केटी, तिनका आफन्त, छर-छिमेकका मान्य र ज्ञाता व्यक्ति साथै भद्रभलादमीको माझमा विवाहकार्यमा राखिने साक्षीका प्रतीक र सोही समयमा भनिने शब्दावली नै प्रमाणका रुपमा रहने कुराहरूलाई वर्तमानमा अदालतको रुपमा समाज र कागजको रुपमा गरिएको वा भनिएको मौखिक वाचनका उच्चारणलाई लिनभने सकिन्छ । किनकि तिनै कुराहरू नै त्यो बेलामा साक्षी र प्रमाणका रुपमा समाजले स्विकार्य दिएको हुन्थ्यो ।

यसरी माथि उल्लेखित विवाहका प्रकारहरू विषयमा अध्ययन क्षेत्रमा विगतमा भएका र हालमा चल्तीका विभिन्न विवाहका प्रकारहरूलाई नमुना विवाहित जनसंख्याको माध्यमबाट निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.१ अध्ययन क्षेत्रका तामाङहरूको विवाहका प्रकार विवरण**

| विवाह प्रकार | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| मागीविवाह | ४९ | २५.८ | ५४ | २८.४ | १०३ | ५४.२ |
| चोरी/चोपुवा/लतार्नेविवाह | ३ | १.६ | ४ | २.१ | ७ | ३.७ |
| भागीविवाह/प्रेमविवाह | २६ | १३.७ | २२ | ११.६ | ४८ | २५.३ |
| अन्तर्जातिय विवाह | ३ | १.६ | ४ | २.१ | ७ | ३.७ |
| पेटकाटि (फो थासि) विवाह | २ | १.१ | ३ | १.६ | ५ | २.७ |
| जारीविवाह | - | - | १ | ०.५ | १ | ०.५ |
| विधवा-विदुरविवाह | ४ | २.१ | ५ | २.६ | ९ | ४.७ |
| सट्टाविवाह | १ | ०.५ | १ | ०.५ | २ | १.१ |
| घरज्वाइँ विवाह | - | - | - | - | - | - |
| वहुविवाह | - | - | २ | १.१ | २ | १.१ |
| क) बहुपतिविवाह | - | - | - | - | - | - |
| ख) बहुपत्निविवाह | - | - | २ | १.१ | २ | १.१ |
| अदालती/कागजीविवाह | ३ | १.६ | ३ | १.६ | ६ | ३.२ |
| जम्मा | **९१** | **४७.९** | **९९** | **५२.१** | **१९०** | **१००** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकामा एउटै व्यक्तिमा एकभन्दा बढी विवाहको किसिम देखिएपनि पछिल्लोपटक गरिएको विवाहलाई सोही आधारमा सोही स्थानमा गणना गरिएको छ । तालिकाअनुसार सबैभन्दा बढी मागी विवाह र त्यसपछि भागीविवाह/प्रेमविवाह देखिएपनि विगतमा हुने मागी विवाहको संख्या धेरै पाईन्छ भने वर्तमानमा प्रेमविवाहमा वृद्धि भएको देखिन्छ । प्रेमविवाहमा बहुविवाह तथा अन्तर्जातिय-प्रेमविवाह पनि देखिन्छ । मागीविवाहमा महिलाको भन्दा पुरुषको प्रतिशत धेरै देखिन्छ भने प्रेम विवाहमा महिलाको प्रतिशत धेरै देखिन्छ । जारीविवाह र बहुविवाह अन्तर्गत वहुपतिविवाह नमुना जनसंख्यामा देखिदैन । यसका साथै घरज्वाइँ विवाह पनि देखिएको छैन । यसरी वर्तमानसम्म आइपुग्दा विवाह प्रकारहरुमा पनि परिवर्तन भएको पाइन्छ । विगतमा फाट्टफुट्ट हुने अन्तर्जातीय विवाह वर्तमानमा केही वृद्धि भएको पाइन्छ भने अदालती वा कागजी विवाहमा पनि नमुना जनसंख्यामा रहेको पाइन्छ । सबैभन्दा कम देखिएको सट्टा विवाह, जारीविवाह र चोरीविवाह पनि नमुना जनसंख्यामा विगतमा रहेको देखिएपनि वर्तमानमा भने यि प्रचलनमा रहेको देखिदैन । यसरी माथि उल्लेखित तालिकामा रहेका परम्परागत विवाहप्रकारहरू

त्योवेला प्रचलनमा रहेर पनि कतिपय वर्तमानमा नभएको, न्युन रहेको वा त्यसको रुप परिवर्तन भएर अर्को नामांकरण भएको देखिन्छ । यसरी हेर्दा विवाहका प्रकारमा परिवर्तन हुनुमा चेतनाको विकाश, पश्चिमी संस्कृतिको अनुसरण, हिन्दुधर्मको प्रभाव तथा आधुनिक मुल्य-मान्यता नै प्रमुखकारणहरु रहेको पाइन्छ ।

### ५.१.२ 'ल्हो' र ल्होको 'खाम' का तत्वहरूको सम्बन्ध र मान्यतामा आएको परिवर्तन

विवाहको मामिलामा धार्मिक आधारमा लामापुरोहितले केटा र केटीको जन्मवर्ष (ल्हो) र ल्होको खाम (स्वभाव) हेरी "मुर्ति छ्योई" भन्ने पुस्तकबाट जोखाना हेरी जुर्ने / नजुर्ने र जुर्नेभए शुभसाइत निकालेको दिन विवाहगर्ने प्रचलन रहेको छ । तामाङ बुढापाकाहरू र लामापुरोहितहरु वैवाहिक सम्वन्ध राम्रो हुने/नहुने कुरा केटा र केटीको जन्मेको ल्हो (जन्म वर्ष) र ल्होमा खाम ( स्वभाव) हेरेर अड्कल काट्छन । यसरी केटा र केटीको ल्हो र खाम शत्रुस्वभावको भए विवाह नगर्ने प्रचलन छ भने यदि विवाह भैहालेमापनि वैवाहिकजीवन सुखद नहुने मान्यता छ ।

**परिवर्तन**

माथिउल्लेखित विषयहरूका सम्बन्धमा अध्ययनक्षेत्रका मुख्य जानकारहरुसँग वुरुनेकाम भएको थियो । उहाँहरुकाअनुसार विवाहमा ल्हो, खाम तथा वर्गको विशेष महत्व हुने मान्यतासँगै प्रचलनमा रहेपनि शिक्षा र चेतनाको विकास तथा शहरीकरणको प्रभावको कारणले वर्तमानका पिँढिहरुले यसलाई वेवास्ता गर्दे लगेको पाइन्छ । जसलेगर्दा भविष्यमा तामाङ जातिभित्रका संस्कारित विधि तथा तिनीहरुको मान्यता लोप हुन सक्छन् । यसअलावा स्वाँगेवार्ने चलन एउटा पुरानो मान्यता थियो जुन मुख्य-अध्ययन क्षेत्रमा आजपनि छ र भोलि पनि कायमै हुनेछ । किनकि वैज्ञानिक तथ्यका आधारबाट पनि यसलाई मान्यताप्राप्त मान्न सकिने कुरामा सबैको एकमत पाइन्छ ।

### ५.१.३ मामा-फुपू चेलाचेली विवाह सम्बन्धमा आएको परिवर्तन

तामाङजातिमा मामा-फुपु चेलाचेली विवाह एउटा संस्कृतिको रुपमा निरन्तरता पाएको हुन्छ । तर यसरी प्राथमिकतामा विवाह गरिने परम्पराले मामापक्ष र फुपूपपक्षमा असन्तुलन भने पाइदैन । यस्तो अवस्थामा तामाङ विवाह प्रणालीमा पहिलो पुस्ताको मामापक्ष दोश्रो पुस्तामा फुपूपक्षमा रूपान्तरण हुन्छ । तेस्रोमा पहिलेको भूमिका दोहोरिन्छ र धेरै पुस्ताको गतिलाई नियालेमा

कुटुम्बको क्षितिज फैलिँदै पुनरावृति हुँदैजान्छ । र यदि केटीलाई उसको मामाको छोराको हातमा नदिएमा बाटो बिराएको भनी जरिवाना गरिने परम्परा समेत भएको पाइन्छ ।

## परिवर्तन

यस विषयसम्बन्धी परिवर्तनको कुरामा अध्ययनक्षेत्रका जानकारहरुसँग मामा - फुपू चेलाचेली विच विवाहमा विगत र वर्तमान अवस्था र परिवर्तनमा कारणहरूको सम्बन्धमा छलफल गरिएको थियो जसबाट मामा - फुपू चेलाचेली बिचको विवाहले सामाजिक मान्यता पाईरहेर तामाङ भाषा, संस्कृति र परम्परामा सहयोग पुग्ने देखिएपनि वैज्ञानिक हिसाबमा भने यो मान्यतालाई उचित ठानिदैन । फलस्वरुप यो सम्बन्धी धारणामा भने वर्तमान अवस्थामा परिवर्तन भएको पाउन सकिन्छ र यदाकदा हुने गरेको पनि पाइन्छ भने बाटो बिराएको भनी दण्डगर्ने चलन भने छैन । वर्तमानमा मामा-फुपू चेला-चेलीलाई दाजुभाइ दिदीबहिनी सरह मान्ने गरिएको पाइन्छ भने विवाहमा सोदेखि बाहेकको विवाहगर्ने चलनमा वृद्धि देखिन्छ । जसमा हिन्दु धर्मसंस्कारको प्रभावका अलावा व्यक्तिको शैक्षिक स्तरको वृद्धिसँगै धारणामा आएको परिवर्तन मुख्यरहेको पाइन्छ । यस विषयको लागि अध्ययनक्षेत्रबाट लिइएको (विवाहित १९०) नमुनासङ्ख्याको विवरणतालिका निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ अध्ययन क्षेत्रका तामाङहरूको वैवाहिक-सम्बन्ध कायममा भएका विवरण**

| विवाह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **मामाफुपू - चेलाचेली बिच भएको विवाह** | ५३ | २७.९ |
| **मामाफुपू - चेलाचेली भन्दा बाहिर भएको विवाह** | १३७ | ७२.१ |
| **जम्मा** | **१९०** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकामा मामाफुपू-चेलाचेली विवाहको संख्या सो देखि बाहिर भएको विवाहभन्दा कम देखिन्छ । विगतमा यससम्बन्धी प्रचलन धेरै रहेको पाइन्छ भने वर्तमानमा आएर यससम्बन्धी धारणामा परिवर्तन आएको पाइन्छ भने छिट्फुट रुपमा वर्तमानमा हुनेगरेका यस्तो विवाहलाई पनि समाजले स्विकार्य गरेतापनि यो प्रचलन हट्दै गईईरहेको पाइन्छ । जसमा व्यक्तिको

शैक्षिक अवस्था, हिन्दुकरणको प्रभाव लगायत आधुनिक मानसिकताको उपज नै प्रमुख रुपमा रहेको पाइन्छ ।

### ५.१.४ विवाह कार्य सम्पन्न हुने स्थानहरूमा आएको परिवर्तन

यस विषयको अध्ययन सम्बन्धमा अध्ययनक्षेत्रका मुख्य जानकारहरुसँग विवाह कार्य सम्पन्न हुने स्थानहरू विगत र वर्तमानमा परिवर्तन किन भयो ? र परिवर्तनका कारणहरूमा के-के हुनसक्छन् ? भन्ने विषयमा प्रश्न गरिएको थियो । जसमा तामाङ समाजमा हुने गरेका विभिन्न विवाहमध्ये विगतमा हुनेगरेका अधिकांश विवाहहरू घरबाट नै मागी रुपमा हुने गरेको पाइन्छ । वर्तमानमा ति स्थानहरूको अलावा पार्टीप्यालेस, मन्दिर तथा कानुनी मान्यताको हिसाबमा अदालतमा कागजी रुपमा विवाहसमेत हुनेगरेको पाइन्छ । जसमा पश्चिमीकरण, हिन्दुकरण, शहरीकरण सँगै सामाजिक, आर्थिक, राजनैतिक परिवर्तन जस्ता कारणहरू पाइन्छ । विगत र वर्तमानमा विवाहगर्ने स्थानहरूलाई नमुना विवाहितसंख्या (१९० जना) का विवाहस्थलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ अध्ययन क्षेत्रका तामाङहरूको विवाहकार्य सम्पन्न हुने स्थानहरूको विवरण**

| विवाहस्थान | संख्या | प्रतिशत |
|---|---|---|
| **गुम्बा** | ३ | १.६ |
| **मन्दिर** | १० | ५.३ |
| **घर** | १०२ | ५३.७ |
| **पार्टी प्यालेस** | १७ | ८.९ |
| **अदालत** | २ | १.१ |
| **अन्य स्थान** | ५६ | २९.५ |
| **जम्मा** | **१९०** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथिउल्लेखित तालिकाअनुसार धेरैजसो विवाह मागीरुपमा भएका पाइन्छन् जसमा ति विवाह घरबाटै सम्पन्न भएको पाइन्छ । विगतमा गुम्बाबाट समेत हुने विवाह आजभोलि पाइदैन भने वर्तमानमा विवाह हुने स्थानहरूमा मन्दिर, अदालत तथा पार्टिप्यालेसको पनि प्रयोग भएको देखिन्छ । अन्यस्थान अन्तर्गतको सुचांकमा भागीहुने विवाह र धार्मिक मान्यताअनुसार चर्चमा समेत हुने विवाहलाई सूचिकृत गरिएको छ । जसमा आधुनिकीकरण सँगै पार्टीप्यालेसमा विवाहगर्ने प्रचलनसँगै हिन्दुकरणको प्रभावबाट मन्दिरमा समेत विवाहगर्नेको संख्यामा वृद्दि भएको पाइन्छ ।

### ५.१.५ विवाह गर्ने उमेरमा आएको परिवर्तन

तामाङ जातिभित्रको विवाहसंस्कार कार्यलाई विगतमा हेर्ने हो भने सानै उमेरमा दुवैका बाबुआमाले पोङ लगाएर तिनीहरुलाई स्वीकार गरिराख्ने अवस्थामा परिपक्व हुँदासमेत एक-अर्कालाई सजिलै अपनाउनुपर्ने वाध्यात्मक अवस्था थियो तर त्यस अवस्थाबाट बाहिरिएर विवाह नभएका भने होइनन् । त्यसबापत भने दण्ड तिरेपछि छुट्कारा हुने अवस्था थियो ।

**परिवर्तन**

यस विषय अध्ययनमा विवाहगर्ने कानुनी उमेर लगायत विगतमा भएका कम उमेरको विवाह र वर्तमानमा भएको विवाह उमेर परिवर्तन विषयमा अध्ययनक्षेत्रका जानकारहरुसँग विगत र वर्तमान अवस्था र परिवर्तितमा परिवर्तनका कारणहरूको बारेमा छलफल गरिएको थियो । जसबाट वर्तमानमा भने विवाहको उमेरमा फरक पाइन्छ । दुवैको राजिखुसीमा परिपक्व भएपछि विवाह गरेको पाइन्छ भने प्रेम तथा अन्तर्जातीय प्रेमविवाहमा भने यदाकदा सानै उमेरमा गरेको पनि पाइन्छ । यो हुनुमा व्यक्तिमा आएको चेतना तथा आधुनिक मानसिकता हो भने यदाकदा हुने कम उमेरको भागीविवाह र अन्तर्जातीय विवाहमा प्रेम नै प्रमुखकारण भएको जसमा पश्चिमिकरणका साथै शहरीकरण र वैज्ञानिकीकरणको भूमिका प्रबल रुपमा रहेको पाइन्छ । यसकासाथै नमुनाछनौट घरधुरीबाट विवाहित १९० जनाको समुहबाट तिनीहरुले गरेको विवाहको उमेरगत तालिकालाई तालिकाबाट निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ अध्ययन क्षेत्रका तामाङहरूको उमेरगत विवाह विवरण**

| विवाहहुँदाको उमेर | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **१५ वर्ष भन्दा मुनि** | १२ | ६.३ | ६ | ३.२ | १८ | ९.५ |
| **१५-१९वर्ष** | ३३ | १७.४ | २८ | १४.७ | ६१ | ३२.१ |
| **२०-२४वर्ष** | २३ | १२.१ | ३२ | १६.८ | ५५ | २८.९ |
| **२५-२९वर्ष** | १८ | ९.५ | २३ | १२.१ | ४१ | २१.६ |
| **३०-३४वर्ष** | ४ | २.१ | ७ | ३.७ | ११ | ५.८ |
| **३५-माथि** | १ | ०.५ | ३ | १.६ | ४ | २.१ |
| **जम्मा** | **९१** | **४७.९%** | **९९** | **५२.१%** | **१९०** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

१५ वर्षभन्दामुनि विवाहको सन्दर्भमा तामाङजातिको मामाफुपू-चेलाचेली बिचमा सानैमा पोङ लगाएर राख्ने प्रचलनलाई पनि सोही समयमै भएको विवाह मानी सोही उमेरअनुसार राखिएको छ । माथि उल्लेखित तालिकामा महिलाको विवाहभएको उमेर (१५-१९) वर्ष उमेरसमूहमा बढी र पुरुषको ( २०-२४) वर्ष उमेर समुहमा बढिरहेको पाइन्छ । भने (३५ वर्ष माथि) वर्ष उमेरसमूहमा विवाह गरेकोमा महिला र पुरुष दुवैमा कम रहेको पाइन्छ । (१५ वर्षभन्दा मुनि) वर्ष उमेरसमूहमा विवाह हुनुमा महिलाको भन्दा पुरुषको संख्या कम रहेको देखिन्छ । र सोही अवस्था (१५-१९) वर्ष उमेर समुहमा पनि देखिन्छ । यसोहुनुमा छोरीलाई बाबु-आमाले सानै उमेरमा विवाह गरिदिने अशिक्षित भावना रहेको पाइन्छ । यसअलावा आफूले रोजेकोसँग सानै उमेरमा प्रेमगरेपछि त्यसलाई विवाहमा परिणत गर्नेको संख्यामा वर्तमानमा केही वृद्धि भएको पाइन्छ । वर्तमानमा भने दुवैको अभिभावकले पनि त्यस्तो प्रेमलाई मागी रुपमा विवाहगरेको अवस्थापनि रहेको पाइन्छ । यसरी विगतमा भएको सानो उमेरसँगै दबाबमा हुनेगरेको विवाह र वर्तमानमा दुवैको परिपक्वसँगै राजिखुसीमा हुने विवाहमा रहने परिवर्तनका कारणहरूमा शिक्षाको विकास, आधुनिकीकरण, हिन्दुकरण तथा सहरीकरण नै प्रमुख कारणका रुपमा रहेको पाइन्छ ।

### ५.१.६ विवाह कार्यका मुख्य - भूमिकाका व्यक्तिहरुको भूमिकामा आएको परिवर्तन

तामाङजातिको विवाहसंस्कार कार्य आफ्नै मौलिकतामा रहेको छ । कुनैपनि संस्कारगत तथा अन्यकार्यमा एकआपसमा सामुहिक भावना र सहयोगीपन नै यिनीहरूको सामाजिक विशेषता मानिन्छ । यही सामूहिक भावनामा आफ्ना सामाजिक क्रियाकलापलाई नियमित र व्यवस्थित बनाउँदै आएको तामाङ समुदायले विवाह संस्कारमा पनि विभिन्न मूल्यमान्यता चालचलन र परम्परालाई निरन्तरता दिएको पाइन्छ । यसर्थ विवाहको सुरुवात केटी खोज्नेदेखि अन्तिमसम्म विभिन्न व्यक्तिहरूको आफ्नै भूमिका जिम्मेवारी र कार्य भएबाट तिनीहरूको आवश्यकता नितान्त हुने गर्दछ ।

**ताम्बा/गान्बा :** विवाहकार्यको सन्दर्भमा ताम्बा वा गान्बा ले लमीको काम गरेका हुन्छन् । किनकि पुर्ख्यौली ज्ञानले युक्त हुनु र सोहीअनुसार विवाहमा दुवैपक्षको इतिहासको वर्णन गर्नु साथै विवाहमा ताम्बाले नै (चङछर/म्हाछर) वेहुला-वेहुली लाई जीवन र जगतको शिक्षा दिँदै विवाह र वैवाहिक जीवनको अर्थ, महत्व र औचित्य अनि पालना गर्नुपर्ने नियमहरू सुनाउनु लगायतका कार्य नै प्रमुख मानिन्छ ।

**मामा :** विवाह संस्कारमा शुरुदेखि नै मामाको भूमिका नितान्त र अपरिहार्यता देखिन्छ । यदाकदा लमीको काम पनि मामाले नै गर्नु, विवाह संस्कारका विभिन्न चरणमा उपस्थिति हुनु तथा भान्जालाई विवाहको समयमा फेटा लगाइदिनु र मामाको आज्ञाअनुसार मात्र विभिन्न विवाह सम्बन्धीका कार्य हुनुबाट मामाको भूमिका नितान्त मानिन्छ । यसैमा केटीपक्षको मामाको पनि भूमिका देखिन्छ किनकी विहेको कुरालाई केटीको मामासमक्ष सोधनी रुपमा राखिने हुँदा उसको निर्णयले पनि विवाह हुनेकि नहुने कुरामा महत्व राख्दछ ।

**लामा :** लामा कुनै थर होइन यो केवल व्यक्तिले आर्जन गरेको धार्मिकज्ञान ले युक्त र पूर्ण हुनु हो । विभिन्न संस्कारित कार्यमा धार्मिक हिसाबमा आफ्नो जिम्मेवारी पुरागर्न प्रमुख दायित्व लामाको हुन्छ भने विवाह कार्यमा धार्मिक पूजापाठ गरी धर्मको माध्यमले दुवैको शान्ति र सुखमय दाम्पत्य जीवनको पूजापाठ गर्नुपर्ने मान्यतामा अहम् भूमिका पनि लामाको हुन्छ ।

## पारिवर्तन

माथि उल्लेखित विषयमाथिको अध्ययनमा अध्ययनक्षेत्रका जानकारहरुसँग विवाह सँस्कारमा लामा, ताम्वा र मामाको भूमिका र वर्तमानमा पद्धति र विधि फरकहुनुका कारणहरू सम्बन्धमा छलफल गरिएको थियो । जसकाआधारमा वर्तमान अवस्थामा अध्ययनक्षेत्रका प्रायः ठाउँहरूमा ताम्वाको कार्य ताम्वाले गरेको देखिन्छ तर ताम्वाले गर्ने कार्यपद्दतिमा भने विगतको जस्तो लामो नभई छोटकरी र विधि पुर्याउने हिसाबमा मात्र पाइन्छ । यसअलावा ताम्वाको काममा जानकार वेहुला-वेहुलीका बाबु तथा हजुरबा बाट समेत हुनेगरेको पनि पाइन्छ । भने कतिपय सामाजिक संस्कारभित्रका कार्यहरूमा विस्तारै मेटिँदै गएको पनि पाइन्छ । लामाको कार्य भने मुख्य-अध्ययन क्षेत्रका लागी सोही स्थानमा लामाकाम जान्ने व्यक्ति नभएको र लामाको लागि स्वयम्भु र हसनटार गुम्बाबाट लामा भिकाई कार्यगर्ने गरिएको पाइन्छ भने अध्ययनक्षेत्रका कतिपय ठाउँहरूमा लामाको काम समेत ताम्वा द्वारा नै हुने गरेको पनि पाइन्छ । यसअलावा पार्टिप्यालेसतिर हुने विवाहमा भने पण्डितले नै विवाहकार्य तथा कर्म गरेको पनि पाइन्छ । दुवैपक्षका मामाको भूमिकालाई महत्व दिई शुभकार्यमा अनिवार्यता गरिएको पाइन्छ भने यदि मामा नभएको खण्डमा मामाका दाजुभाइ पर्नेहरूलाई पनि त्यसको जिम्मामा राखिने गरेको पाइन्छ र मामाले गर्ने रीति र पद्धतिमा पहिलाको जस्तो भूमिका पाइदैन । यसोहुनुमा प्रमुख रुपमा सांस्कृतिक पक्षका ज्ञानको पुर्ख्यौली हस्तान्तरण नहुनु, हिन्दुकरण बढ्दै जानु लगायत सामाजिक-आर्थिक तथा राजनैतिक परिवर्तन

रहेको पाउन सकिन्छ । यसकासाथै अध्ययनक्षेत्रका नमुना विवाहित (१९० जना) बाट विवाह गराउँदा विवाह कर्मकाण्ड तथा धार्मिकपाठको विवरण तालिकालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ अध्ययन क्षेत्रका तामाङहरूको विवाह कर्मकाण्डका सहजकर्ता विवरण**

| विवाह कर्मकाण्ड सहजकर्ताहरु | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **लामा** | २५ | १३.२ | ४० | २१.१ | ६५ | ३४.२ |
| **पण्डित** | ३४ | १७.९ | २८ | १४.७ | ६२ | ३२.६ |
| **अन्य** | ३२ | १६.८ | ३१ | १६.३ | ६३ | ३३.२ |
| **जम्मा** | **९१** | **४७.९%** | **९९** | **५२.१%** | **१९०** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकामा अन्य भन्ने सूचाङ्कमा लामा र पण्डित बाहेक अन्य व्यक्तिहरुद्वारा गराईएका विवाह कर्मकाण्डका साथै विवाहमा कर्मकाण्ड नभएको अवस्थालाई पनि एकमुष्ट समावेश गरी सोहीखण्डमा तथ्यांक राखिएको छ । तालिकामा विवाहमा कर्मकाण्ड गर्नेमा लामाको संख्या धेरै देखिएपनि वर्तमानमा भने पण्डित तथा अन्य व्यक्तिको संख्यामा वृद्धि भएको पाइन्छ भने धार्मिक कर्मकाण्ड विनापनि वैवाहिककार्य भएकोपनि पाइन्छ । जसमा हिन्दुकरण, पश्चिमिकरण, आधुनिकरण का साथै सोकार्य गर्नका लागी व्यक्तिमा सोसम्बन्धी विधिवत् ज्ञानमा ह्रास, तथा त्यसरी गरिने विवाहमा झन्झटिलो महसुश हुनु परिवर्तनका कारणहरू रहेको पाइन्छ ।

**५.१.७ विवाह भयका स्थानहरूमा आएको परिवर्तन**

विवाह पहिला कहाँदेखि हुने गर्दथ्यो ? र वर्तमानमा कहाँकहाँ देखि हुने गर्दछ ? यसरी परिवर्तन हुनुमा मुख्य कारणहरु के-के हुन् ? भन्ने प्रश्नका आधारमा अध्ययनक्षेत्रका जानकारबाट प्राप्त कुराहरूमा विगतमा त्यहीँ वरपरबाट मात्र हुनेगरेको मागीविवाह र भागीविवाह मा विस्तारै नजिकका अन्यजिल्लामा हुँदै वर्तमानमा टाढा-टाढाको जिल्लाबाट समेत विवाह हुनेगरेको पाइन्छ ।

यसमा मागी विवाह भन्दापनि प्रेमविवाह धेरै नै हुनेगरेको पाइन्छ। यसरी परिवर्तनका कारणहरूमा आधुनिकीकरण, शहरीकरण र पश्चिमीकरण को प्रभाव नै मुख्यकारण रहेको पाइन्छ ।

**तालिका ५.६ अध्ययन क्षेत्रका तामाङहरूको विवाह सम्बन्धका स्थानहरूको तुलना**

| वीगत | वर्तमान |
|---|---|
| १) वडा नं.८भिमढुङ्गा भित्रका ठाउँहरुबाट,<br>२) ना.न.पा.अन्तर्गत अन्य ठाउँहरुबाट,<br>३) काठमाण्डौ जिल्लाका विभिन्न ठाउँहरुबाट,<br>४) सिमाना जोडिएका जिल्लाका नजिकका क्षेत्रहरुबाट( धादिङ, नुवाकोट, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक) | १)देशभित्र:सिन्धुलि,रामेछाप,गोर्खा, चितवन, रसुवा, सुनसरी, नवलपरासि, भोजपुर, ताप्लेजुङ,पर्सा, लगायतका अन्य जिल्लाहरु ।<br>२)देश वाहिर:चिन र भारत । |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

### ५.१.८ विवाह पोशाकमा आएको परिवर्तन

पोशाकले व्यक्तिको चिनारीका साथै उसको धर्म, संस्कृति र परम्पराको समेत बोध गराएको हुन्छ । जातीविशेषका पोशाकबाट व्यक्तिलाई पहिचान गर्ने आधार बन्ने गर्दछ । जसले गर्दा पोशाक कै आधारमा कुन जातीको विवाह रहेछ भन्नेकुरा छुट्टिने हुन्छ । यस्तै महत्व बोकेको तामाङ पोशाक पनि आफ्नै मौलिकतामा रहेर चिनारी बनेको छ। विगतमा आफ्नो चिनारीको रुपमा रहेका कतिपय जातीय पोशाक वर्तमानमा लोपोन्मुख अवस्थामा रहेको पाइन्छ। तामाङ जातीभित्र विवाहकार्यमा दुलाहा-दुलही ले लगाउने गरेको पोशाकको विशेष अर्थ र महत्व रहेको पाइन्छ।

**परिवर्तन**

विवाह पोशाकमा के-के परिवर्तन भयो ? यस सम्वन्धि परिवर्तन हुनुमा कारणहरू के-के हुन सक्छन् ? भन्ने विषयमा अध्ययनक्षेत्रका मुख्यजानकार व्यक्तिहरूसँग प्रश्न गरिएको थियो जसबाट विगतमा तामाङ जातिको आफ्नै पोशाकलाई विवाहमा समेत प्रयोगमा ल्याउने गरेको अवस्था थियो भने वर्तमानमा तामाङ जातिको पोशाकलाई मेलापर्व, उत्सवमामात्र अनुशरण गरेको पाइन्छ । विवाहमा आफ्नो जातीको पोशाक लगाउने प्रचलन परिवर्तन भएर दौरासुरुवाल र ढाकाटोपीबाट कोट टाई र पाइन्टमा पुगेको पाइन्छ। जसमा पाश्चात्य शैलीको अनुसरण, हिन्दुत्वको

प्रभाव, आधुनिकीकरण, मूल्यमान्यतामा गलतअनुशरण लगायत बजारीकरण प्रमुखकारण रहेको पाइन्छ । विवाहमा लगाएका पोशाकका आधारमा नमुना जनसंख्या (विवाहित १९० जना) लाई निम्नानुसार तालिकाबाट उल्लेख गरिएको छ ।

**तालिका ५.७ अध्ययन क्षेत्रका तामाङहरूको विवाह पोशाकको तुलना**

| **विवाहमा लगाइएका पोशाक** | **महिला** | | **पुरुष** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **परम्परागत तामाङपोशाक** | २३ | १२.१ | २६ | १३.७ | ४९ | २५.८ |
| **आधुनिक/अन्य पोशाक** | ६८ | ३५.८ | ७३ | ३८.४ | १४१ | ७४.२ |
| **जम्मा** | **९१** | **४७.९%** | **९९** | **५२.१%** | **१९०** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथिको तालिकामा भएको आधुनिक/अन्य पोशाक खण्डमा पोशाक नलगाई भएका विवाहको संख्या लगायत परम्परागत तामाङपोशाक देखि बाहेकको पोशाक लगाएर विवाहगर्ने संख्यालाई पनि एकमुष्ट समावेश गरिएको छ। तालिका विवरणअनुसार परम्परागत पोशाक लगाएर विवाह गर्नेको संख्यामा प्रतिशत पुरुषको बढी देखिन्छ भने समग्रमा हेर्ने हो भने परम्परागत पोशाक लगाउने भन्दा नलगाउनेको संख्या करिव दुई गुणाले बढी रहेको पाइन्छ। जसमा विगत र वर्तमान परिवेशमा तुलना गर्दा विगतमा परम्परागत तामाङ पोशाक लगाएर विवाह गर्ने संख्या बढी पाइन्छ भने वर्तमानमा विस्तारै कम हुँदै गएको पाइन्छ । यसोहुनुमा प्रमुखकारण हिन्दुधर्मको प्रभाव, पाश्चात्य शैलीको अनुशरण, बजारीकरण तथा आफ्नो संस्कृति प्रतिको अज्ञानिपन रहेको पाउन सकिन्छ ।

### ५.१.९ विवाह उमेरअन्तरमा आएको परिवर्तन

तामाङ विवाहमा सामान्यतः महिलाको उमेर पुरुषको उमेरभन्दा कम हुने गरेतापनि पुरुष र महिलाको समान उमेर वा पुरुषभन्दा महिला जेठी उमेरकी भएपनि विवाह हुनसक्ने अवस्था रहेको पनि पाइन्छ। भने मागीविवाहमा पनि त्यही अवस्थामा पनि विवाह हुनसक्ने अवस्था भएबाट यससम्बन्धी विषय अध्ययनको क्रममा अध्ययनक्षेत्रका जानकारहरुसँग भएको छलफलबाट प्राप्त कुराहरूको आधारमा विगतमा उल्लेखित समान उमेर वा बढी उमेरमा मागीविवाह हुनेगरेको भएपनि वा दुवैको उमेरबीच फराकिलो उमेरअन्तर रहेतापनि वर्तमानमा भने समान उमेर वा उमेर

अन्तरमा महिलाको उमेर पुरुषको उमेर भन्दा ५/७ वर्षसम्म हुने र सोअवस्थामा मागीविवाह पनि हुने अवस्था पाइन्छ। यसरी विगतमा महिलाको उमेर बढी हुने, महिलाको उमेर र पुरुषको उमेर मा १५/२० वर्षसम्म फरक हुने अवस्थामा वर्तमानमा फरक रहेको पाइन्छ। जसमा पश्चिमीकरण, आधुनिकीकरण, चेतनाको विकास आदि नै मुख्यकारण रहेको पाइन्छ। यसका अतिरिक्त नमुना घरधुरीमा रहेका ९९ जना विवाहित पुरुषहरूको संख्यामा विवाहहुँदाका वखतको उमेरअन्तरका रूपबाट निम्नतालिकाको माध्यमले उल्लेख गरिएको छ ।

**तालिका ५.८ अध्ययन क्षेत्रका विवाहमा हुने उमेरअन्तर विवरण**

| उमेर अन्तर | संख्या | प्रतिशत |
|---|---|---|
| **महिलाको भन्दा पुरुषको कम उमेर** | २ | २.० |
| **महिला पुरुष समान उमेर** | ७ | ७.१ |
| **(१-५) वर्षसम्म उमेर अन्तर** | ६० | ६०.६ |
| **(६-१०) वर्षसम्म उमेर अन्तर** | २१ | २१.२ |
| **(११-१५) वर्ष सम्म उमेर अन्तर** | ६ | ६.१ |
| **१६ वर्ष देखि माथि उमेर अन्तर** | ३ | ३.० |
| **जम्मा** | **९९** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

उल्लेखित तालिकामा रहेका विवरणहरू अध्ययन गर्दा सबैभन्दा कम सुचाङ्क पुरुषको भन्दा महिलाको उमेर बढी रहेकोमा देखिन्छ भने सबैभन्दा बढी पुरुषको भन्दा महिलाको उमेर (१-५) वर्षसम्ममा कममा रहेको देखिन्छ। समग्र तथ्याङ्कलाई हेर्ने हो भने विगतमा रहेको पुरुषको भन्दा महिलाको उमेर बढी र महिला पुरुषविच १६ वर्ष र सोदेखि माथि उमेर अन्तरमा पुरानोपिँढीमा रहेको पाइन्छ भने समान उमेर र (१-५) वर्ष उमेर अन्तरमा नयाँपिँढीको संख्या बढी रहेको पाइन्छ ।

## ५.२ विवाहका चरणहरूमा आएको परिवर्तन

तामाङ समाजमा मागीविवाहलाई सबैभन्दा उत्तम मानिन्छ। त्यसैले सकेसम्म मागी विवाह गर्दछन्। यो विवाह नहुने वा हुँदैन वा असम्भव छ जस्तो भएमा, लागेमा मात्रै अन्य विवाहको प्रक्रिया अपनाउँछन्। यो विवाहको लागी पहिलो चरणमा हुनेवाला बुहारीमा हुनुपर्ने गुण निर्धारण

गर्दछन् । केटाको बाबु गाउँका गान्बा/ताम्बाको सहयोग लिएर सुहाउँदो वधूको खोजीमा लाग्छन् । खोजीमा पहिलो प्राथमिकता फुपूको छोरीलाई दिन्छन् । फुपूको छोरी नभएमा वा सुहाउँदो उमेर नभएमा मात्र अन्य तामाङथरका कुटुम्ब पहिल्याउने काम हुन्छ । विवाहमा केटापट्टि लमीको काम ताम्बाले गर्छन् । ताम्बाले कन्यापक्षको कुरा ल्याएपछि केटा पक्षबाट केटाको बाबु र ताम्बा पोङ (मगनिपोङ/कर्जेलपोङ) लिएर केटीका घरमा जान्छन् । केटीदिने मञ्जुर भएमा मात्र विधिवत् कार्य चरणवद्ध रुपमा अगाडि बढ्छ । यहीभित्रका तत्वगत कुराहरू नै मागीविवाह संस्कृति भएकोले मागीविवाह आफ्नै विधि र थितिबाट चरणवद्धरुपमा सम्पन्न गर्नु गराउनु तामाङसमाजको दायित्व तथा दायित्वसँगै पहिचान् पनि हो जुन निम्नानुसार चरणवद्ध उल्लेख गरिन्छ ।

## ५.२.१ मगनी अगाडिका कार्यहरूमा आएको परिवर्तन

### १) केटीखोज्ने वा केटी बाहिरी स्तरबाट चयन गर्ने

तामाङसमाजमा विगतमा सानैउमेरमा अर्थात् फुपूको छोरीलाई नै पोङ लगाएर तय गरिएको पाइन्छ भने यसअलावा केटाको विवाहगर्ने उमेर पुगेपछि निजका आमा-बाबुले आफ्नो छोराको विवाहको लागी फुपूको छोरीलाई पहिलो प्राथमिकतामा राखेका हुन्छन् भने विवाहको उमेर सुहाउँदो नभएमा वा फुपूको छोरी नभएमा आफ्नो जातिभित्रको कुनै नाता कुटुम्ब भित्र उमेर मिल्ने कुनै केटी भएमा गान्बा/तान्बालाई खोज्नको लागी अनुरोध गर्दछन् भने गान्बा/तान्बाले पनि फुपूकोछोरी भएमा स्वतः कुरा अगाडि बढाउँछन् तर अन्य भएमा विवाहगर्न हुने, नहुने वा कुटुम्ब थरको होकि/होईन र अन्य कतैबाट विवाहगर्न नहुने नाता सम्बन्धमा पर्छ/पर्दैन भन्ने आधारबाट केटीलाई बाहिरी हिसाबबाट तय गर्दछन् र सोहीकुराको जानकारी केटाको बाबु-आमालाई दिने गर्दछन् ।

### परिवर्तन

अध्ययनक्षेत्रका जानकार व्यक्तिहरूलाई मागीविवाहमा केटीछनौट कसरी गरिन्छ ? छनौट प्राथमिकता मा मामाफुपूका चेलाचेली रहन्छन् वा रहँदैनन् ? छनौट क-कस्ले गर्नसक्छन् ? छनौटपछि कसरी प्रक्रिया अगाडि वढ्छ ? भन्ने विषयमा विगत र वर्तमानको अवस्था र परिवर्तनका कारणहरू सम्बन्धमा प्रश्न गरिएको थियो । जसमा विगतमा माथि उल्लेखित अवस्था रहेको भएतापनि मागीविवाहको लागि वर्तमानमा फलाना केटा र फलानी केटी विच विवाह गरिदिँदा फरकपर्दैन विवाह गर्दाहुन्छ भन्ने कुरा आफन्तबाट तय भयपछि सोकुरालाई अगाडि बढाउने काम

आफन्तबाटै हुनेगरेको पाइन्छ र सोहीवखतमा केटाकेटीलाई समेत सोध्ने गरिएको पाइन्छ भने त्यसपछि दुवैपक्ष उक्तकुरामा मन्जुरभएमा मात्र त्यसपछिको कार्य हुने पाईन्छ। यसरी गरिने तय वा छनौटमा फुपूकोछोरी नै भन्ने नरहेको पाइन्छ। कहिँकतै हुने अन्तर्जातीय मागीविवाहमा भने विधिपुर्याएर माग्न आउनको लागी भनिने गरेको पाइन्छ । जसमा परिवर्तन हुनुमा मुख्यरुपमा चेतनाको विकास तथा आधुनिकीकरण र हिन्दुत्वको प्रभाव रहेको पाइन्छ । यसकासाथै नमुनाछनौटका घरधुरीमा रहेका (विवाहित १९०) जनालाई विवाहमा छनौटको आधारका रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।


**तालिका ५.९ अध्ययन क्षेत्रका तामाङहरूको विवाहमा जोडी छनौटका आधार**

| विवाहमा छनौट आधार | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **बाबु-आमाको** | २३ | १२.१ | ११ | ५.८ | ३४ | १७.९ |
| **स्वयम्को** | ६८ | ३५.८ | ८८ | ४६.३ | १५६ | ८२.१ |
| **जम्मा** | **९१** | **४७.९%** | **९९** | **५२.१%** | **१९०** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

उल्लेखित तालिकाअनुसार विवाहमा स्वयम्को रोजाइ धेरैरहेको पाइन्छ भने बाबु-आमाको रोजाइमा विवाहगर्ने संख्या पुरुषमा भन्दा महिलामा धेरै देखिन्छ। जसअन्तर्गत विगतमा भएका विवाहमा वाबु-आमाको रोजाइबाट धेरै हुने पाइन्छ भने वर्तमानमा विवाहमा दुवैको राजीखुसीलाई प्रश्रय दिइनेबाट स्वयम्को खुसिमा हुने विवाह संख्यामा वृद्धि भएको पाइन्छ। यहि तथ्य मागीविवाहमा पनि रहेको पाईन्छ। जसमा व्यक्तिमा आएको शैक्षिक अवस्थाको परिवर्तन प्रमुख रहेको पाइन्छ ।

**वृत्तचित्र नम्वर:(५.१) विवाहमा छनौटआधारको संख्या विवरण वृत्तचित्र**




**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

**२) जानकारी दिने र प्राप्त गर्ने**

यसरी तय/छनौट भएकी केटीको सम्बन्धमा केटीपक्षलाई "सगुन पोङ" पठाई तपाइको सुकन्या हाम्रो छोरालाई माग्न आउने भएका छौ कृपया उत्तर पाउँ भनी समाचार पठाएका हुन्छन् र सो समाचार प्राप्तसँगै सकारात्मक भएमा अर्कोपोङको मागगर्दै विधि पुर्याएर मगनी गर्नआउने जानकारी पठाउँछन् भने नकारात्मक भएमा ससम्मान बिदा गर्दछन् । त्यसपछि विधिवत् मगनीकार्य हुन्छ ।

**परिवर्तन**

यससम्वन्धि अध्ययन कार्यमा मुख्यजानकार व्यक्तिहरूसँग परिवर्तन र कारण विषयमा छलफल गरिएको थियो जसबाट परिवर्तन सम्बन्धमा प्राप्तकुराहरूमा यसकार्यमा ताम्वाले भन्दा केटाकेटी पक्षका आफन्तले नै केटा र केटी पक्षबिचमा मध्यस्थता तथा भूमिका निर्वाह गर्नेहुँदा सगुन पठाएर समाचार पुर्याउने भन्दापनि अन्य समाचार सम्प्रेषणका माध्यमले खवर पुर्याउने गरेको पाइन्छ र सोको जानकारी पनि त्यसरी नै प्राप्त हुनेगरेको पाइन्छ । भने रीत राख्नको लागिमात्र भएपनि थोरैमात्राको सगुन पठाउने र सोहीअनुसार लिने गरेको पनि पाइन्छ । यसमा परिवर्तन हुनाको कारण विकास र विज्ञान तथा प्रविधिको असर लगायत संस्कारगत कार्यमा झन्झटिलो महसुस भएको/रहेको पाइन्छ ।

## ५.२.२ मगनीका चरणहरूमा आएको परिवर्तन

### १) लमीजाने

सकारात्मक उत्तर नआएमा वा मगनीविधि पुरागर्नको निम्ति प्राथमिकतामा रहेकी फुपूकीछोरी अर्थात वाहिरीस्तरबाट छनौटमा परेकी केटीको विहेवारीको कुरा चलाउनको निम्ति केटाका तर्फबाट ताम्बा /गान्बा लाई लमीको रुपमा प्रयोग गरेका हुन्छन् तर यसमा लमीको आवश्यकताको निर्क्योल गरिने हुँदा लमीको प्रयोग नहुन पनि सक्छ। आवश्यक ठानेमा मात्र केटा, केटाका बाबु गान्बा/ताम्बा सँगै भएर विहेको कुरा चलाउनको निम्ति केटीको घरमा पुगेका हुन्छन् ।

**परिवर्तन**

लमी जाने विषयसम्बन्धी अध्ययनको लागि अध्ययनक्षेत्रका जानकार व्यक्तिहरूसँग गरिएको कुराकानि अनुसार विगतमा लमीको काम ताम्वा स्वयम् आफैले गर्नेगरेको तर वर्तमानमा भने लमीकोकाम आफन्तबाटै हुनेगरेको तर विधि पुर्याउनकै निम्ति भएपनि यदाकदा लमीको प्रयोग (ताम्वा) गर्ने गरेको पाइन्छ भने विगतमा जस्तो नकारात्मक अवस्थामा लमीको प्रयोग गरेर पुनः जाने कुरा वर्तमानमा रहेको पाइदैन । र विवाहको कुरा गर्न जाँदा नै केटा केटीलाई भेट् गराइ उनीहरूको आपसी कुराकानिबाट आएको उत्तरलाई प्राथमिकता दिइने गरेको पाईन्छ । जसमा परिवर्तनका मुख्य कारणहरूमा प्रविधिको विकासका साथै लमी लैजाने आवश्यकतामा कमहुँदै जानुरहेको पाइन्छ । यसकासाथै नमुनाछनौटका मागीविवाह जनसंख्यामा लमीको प्रयोग भए/नभएको र भएको अवस्थामा मागीविवाहका १०३ जनालाई निम्नानुसारको तालिकाबाट उल्लेख गरिएको छ ।

**तालिका ५.१० अध्ययन क्षेत्रका मागीविवाहमा लमीको भूमिका विवरण**

| **लमी** | **महिला** | | **पुरुष** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **ताम्वा/गान्वा** | १८ | १७.५ | २४ | २३.३ | ४२ | ४०.८ |
| **अन्य** | २० | १९.४ | १६ | १५.५ | ३६ | ३४.९ |
| **लमी नभएको** | ११ | १०.७ | १४ | १३.६ | २५ | २४.३ |
| **जम्मा** | **४९** | **४७.६%** | **५४** | **५२.४%** | **१०३** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकाअनुसार लमीको प्रयोग नभएको अवस्थामा तथ्यांक कमी देखिएको छ तर विगत र वर्तमानको तुलनामा भने वर्तमानमा धेरै पाइन्छ। यसकासाथै गान्वा/ताम्वा द्वारा लमीको कार्य भई मागीविवाह भएको संख्या समग्र प्रतिशतमा उच्च देखिएपनि विगतको तुलनामा वर्तमानमा भने लमीकोकाम आफन्तद्वारा हुनेहुँदा त्यसमा वृद्धि भएको पाइन्छ । यसोहुनुमा प्रमुखकारण लमीको आवश्यकता नठान्नु वा आफन्तबाट नै कुरा अगाडि बढाउने परम्पराको विकास हुनुका साथै झन्झटिलो प्रक्रिया लगायतका कारणहरू मुख्य रहेको पाइन्छ।

**२) पोङ (मगनी/कर्जेल पोङ) लैजाने**

विधिवत् बिहेबारीको कुरा चलाउन केटीको घरमा जाँदा पोङ (मगनी पोङ/कर्जेलपोङ) लैजान्छन्। तामाङभाषामा 'क' ले वचन र 'स्योल' ले खुस्केको वा दिएको भन्नेसँगै आएकोकुरामा वचन फुत्केको भन्ने अर्थ "कस्योल/कर्जेल"पोङ भन्ने हुन्छ। जसमा एउटा सिङ्गै कुखुराको भुटेको भाले र एकपोङ रक्सी हुन्छ। योपोङ स्विकार्य हुनुभनेको कुरोमिल्नु वा सकारात्मक देखिनु हुन्छ भने अस्वीकार हुनुभनेको कुरानमिल्नु वा नकारात्मक देखिनु भन्ने भावसहित यसको विशेष अर्थ र महत्व हुन्छ।

**परिवर्तन**

माथि उल्लेखित विषयको सन्दर्भमा मगनीपोङ (कर्जेलपोङ) लगिने सम्बन्धमा के-के परिवर्तन भएको छ ? परिवर्तनका कारणहरू के-के हुन् ? पोङ स्विकार्य/अस्विकार्य हुने आधारहरू के-के हुनसक्छन् ? पहिले स्विकार्य पोङ पछि अस्विकार्य हुँदा के हुन्छ ? आदि कुराहरूमा परिवर्तनका कारणहरू के-के हुन् ? जस्ता प्रश्नहरू मुख्य जानकारहरुसँग गरिएको थियो। विधिवत् मगनीकार्यमा मगनीपोङ लैजाने पहिलादेखिको चलन वर्तमानमा पनि रहेको तर विगतमा लैजाने पोङको मात्रामा वर्तमानमा कमी भएको साथै चिजवस्तुमा केही फरक रहेकोकुरा पाइन्छ । प्रायः आफन्तबाट दुवैजनाको राजीखुसीमा मगनी हुनेहुँदा पोङ अस्विकार्य हुने अवस्था वर्तमानमा पाइदैन र विगतमा यदाकदा पहिलाको स्विकार्य पोङ पछि अस्विकार्य भएपनि त्यसअनुरूप हर्जाना दिनुपर्ने अवस्था छैन। यस्तैगरि मगनीपोङमा पहिलापहिला राँगाको मासु अनिवार्य हुने पाइन्छ भने वर्तमानमा कुखुराको मासु, रक्सी (लोकल, व्राण्डेड), फलफूल, रोटी लगायतका चिजवस्तु मिसाई पोङ लैजाने चलन

रहेको पाइन्छ । यसर्थ लगिने पोङ त्यसभित्रका चिजवस्तु र पोङ स्विकार्य/अस्विकार्य हुने अवस्था आदि कुराहरूमा परिवर्तनका कारणहरुमा शैक्षिक अवस्था, शहरीकरण सँगैको आधुनिकीकरण रहेको पाइन्छ ।

**तालिका ५.११ अध्ययन क्षेत्रका मागीविवाहमा पोङमा लैजाने सामानहरूको तुलनात्मक विवरण**

| विगत | वर्तमान |
|---|---|
| लोकल रक्सी, जाँड, सेलरोटी, वावरेरोटी राँगो, लोकल कुखुराको भाले | लोकल-रक्सी, वियर, विदेशि रक्सि, दहि, कोल्डिंक्स सेलरोटी, वावरेरोटी, खाप्से, र अन्य मिठाईका परिकारहरु लोकल-कुखुराकोभाले, फलफुलहरु |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

**३) विवाहको तिथि/मिति तय (ठेगान को पोङ)**

विवाहको तिथिमिति तय गर्नको लागी तामाङ समाजमा एउटा छुट्टै विधि रहेको छ । जसमा केटा र केटी पक्षको खाम र स्वभावको आधारमा विवाह जुर्ने नजुर्ने कुराको निर्क्यौल गरिएबाट विवाहको मिती, दिन र साइत छुट्याइन्छ । यस कार्यको निम्ति लामाको भूमिका विशेष पाइन्छ । यसबखत विवाह वखतमा बुझाउनुपर्ने रीत के-कति चाहिने, विवाहका दिन चारदाममा ल्याउँदा के-के ल्याउनुपर्ने, कति जन्ती आउने आदिको निश्चित गर्नको लागी एउटा सगुनपोङ लगिन्छ जसलाई ( ङ्योत्पापोङ/ताम स्याल्बा/ग्यामस्याल्बा पोङ (कुरा टुङ्गाउने, बाटो फुकाउने पोङ) पनि भनिन्छ । माथिउल्लेखित रीत,कोसेलीहरू केटीपक्षले मागगरेका दिनमा अर्थात विवाहको दिन गान्बा/ताम्बाको मार्फत बुझाउने चलन छ ।

**प्रचलित रीत र कोशेलीहरु**

**कोशेलीहरु**

- **ठुलो कोशेलि :** (भुइ डाङ-भैंसी कोशेली) - जन्ति र घरगाउँले लाइ
  १२ पोङ रक्सी, १२ धार्निको राँगा, १२ बीसा रोटी
- **सानो कोशेली :** (रा डाङ-बाखा कोशेली) - मामालाई

६ पोङ रक्सी, ६ बीसा रोटी, ६ धार्निको बाख्रा

- **नाका डाङ :** (कुखुरा कोशेली) - आमा र फुपुलाई एक एक वटा
  १ पोङ रक्सी, १ विसा रोटि, १ कुखुरा भाले

**प्रचलित रितहरु**

- आस्याङ थो इ (मामाको हक), आमा ङे साई (आमाको दूधको भारा), आङि स्याङकुर (फुपु कोसेली), माम बुजी (बज्यैले बोके वापत), आखे हो हो (बाजेले कोर्को हल्लाए वापत), ल्हो फे (साथी छोडे वापत), कुथाप कुरुरु (चुल्हो छोडे वापत), मैयुङ थोइ (दाजुभाइ माइती कोसेली) आदिको लागि १ पोङ रक्सी, १ विशा रोटी, १ कुखुरा भाले ।

यसका अतिरिक्त बेहुलीको गरगहना तथा लत्ताकपडा लगायत माग गरिएका कोसेली/रीतहरु तय गरिए अनुसारका छन् कि छैनन् भनी केटी पक्षका गान्बा/ताम्बालाई देखाई बुझाउने गरिन्छ ।

**परिवर्तन**

कुरा टुङ्गाउने वा विवाहको कुरालाई पक्का कसरी गरिन्छ ? सो वखतमा विवाहको साइत कसरी निकालिन्छ ? र प्रचलित रहेका रीत र कोसेलीहरू कसरी तोकिन्छ ? विगत र वर्तमानमा उल्लेखित कुराहरूमा के-के परिवर्तन भए र सो हुनाका कारणहरू विषयमा मुख्यजानकार तथा ताम्वाहरुसँग गरिएको प्रश्नका आधारमा विगतमा कुरा टुङ्ग्याउनका लागी लगिने पोङमा वर्तमानमा मात्रा कमीरहेको पाइन्छ भने विवाहमा केटा र केटीको खाम, ल्हो र वर्ग हेर्न विगतमा लामाले गर्ने गरेपनि वर्तमानमा सो कार्य ताम्वाले नै गर्ने गरेको र यदाकदा ल्हो, खाम र वर्ग नहेरी साइत नजुराई उपस्थित सबैले तोकेको साइतको दिनमा विवाह हुने गरेको पाइन्छ । यसअलावा विवाहमा आउने जन्तीको संख्या र बुझाउनुपर्ने रीत र कोशेलीको सन्दर्भमा विगतमा तोकेर भनिने हुन्थ्यो भने वर्तमानमा भने दुवैपक्षको आर्थिक अवस्थालाई हेरी संख्या र मात्राको निर्धारण गरिने पाइन्छ । यसअलावा आफुखुशी आफ्नो आर्थिकअवस्था बमोजिम पनि गर्ने गरेको पाइन्छ । माथि उल्लेखित कुराहरूमा परिवर्तन हुनाका कारणहरूमा व्यक्तिमा संस्कारगत कार्यको ज्ञानको कमी, चेतनाको विकास तथा आधुनिकीकरण नै मुख्यरहेको पाइन्छ ।

**४) आस्याङलाई सगुन**

दुवैपक्षको मोटामोटी निर्णयसँगै आन्तरिक तयारी भएपछि आमाको माइती अर्थात आस्याङसँग सल्लाह गर्दछन् । त्यसैक्रममा मामाको लागि कति कोसेली लिने वा बुझाउने वा मामाले कति सगुन खाने वा लिने भन्ने सम्बन्धमा निश्चित गर्दछन् । मामासँग भएको सहमतिअनुसार आस्याङलाई ढङ लानुपर्ने हुन्छ । आस्याङ पछि बूढामावलीलाई पनि सगुन राख्ने चलन रहेको छ ।

**परिवर्तन**

यसविषयको अध्ययनको लागी मुख्यजानकार व्यक्तिसँग छलफल गर्दा विगतमा झै मामालाई दिइने सगुन वर्तमानमा पनि रहेको तर विगतमा मामाको लागि मामाले तोकेबमोजिम कै सगुन लिएर घरमै जानुपर्ने रहेको भएपनि वर्तमानमा भने मामाले तोकेबमोजिमको नभइ आफूले सक्दो मात्रामा सगुन लगिने तथा घरमै बोलाएर पनि दिने प्रचलन रहेको पाइन्छ । यसरी सगुन लिएपछि मामाले आफ्नी भान्जीलाई उपहारस्वरूप भाँडावर्तन दिनुपर्ने विगतको प्रचलन वर्तमानमा उपहारस्वरूप गरगहना दिने गरेको पाइन्छ । यसरी परिवर्तन हुनुमा मुख्यकारण चेतनाको विकास तथा सामाजिक, आर्थिक परिवर्तन रहेको पाइन्छ ।

**५) निम्त्याउने विधि**

केटीपक्षले ङ्योत्पापोङ तथा मामाले सगुन स्वीकार गरेसँगै अन्य आफन्तजनलाई विवाहको लागि निम्तो दिन्छन् । दाजुभाइ तथा छिमेकीलाई चुलेनिम्तो दिन्छन् । त्यसैगरी विवाहका लागी आवश्यक अन्य सम्पूर्ण चाँजोपाजो पनि यही बिचमा मिलाउँदै जान्छन् ।

**परिवर्तन**

विवाहको तिथिमिति तय भैसकेपछि को-कसलाई र कसरी विवाहमा निम्त्याइन्थ्यो र निम्त्याइन्छ भन्ने विषयमा मुख्यजानकार व्यक्तिहरूसँग सोधिएको थियो । जसबाट विगतमा विवाहको निम्ता दिनको लागी आफन्तहरूलाई निम्ताको कोसेली तथा सिङ्गो सुपारी पठाई र अन्य छरछिमेकमा सुपारी पठाई वा मौखिक भनेर निम्ता दिने चलन रहेकोमा वर्तमानमा सुपारीको प्रचलन हराउँदै गएको पाइन्छ भने त्यसको अलावा आफन्त तथा छरछिमेकमा निम्तो दिनको लागी शुभविवाहको कार्ड पठाइने तथा अन्य विभिन्न माध्यमले खवर सम्प्रेषण गरी विवाहको निम्ता दिनेगरेको पाइन्छ । यसका अतिरिक्त विवाहमा मामालाई छुट्टैरुपमा निम्ताउने पुरानो प्रचलन सगुन पठाएर दिइने प्रचलन वर्तमानमा पनि सगुन स्वरुप केही कोसेलीहरू मात्र राखेर निम्ताउने

चलन रहेको पाइन्छ । यसरी परिवर्तन आउनुमा  आधुनिक उपकरण को प्रयोग नै मुख्यकारण रहेको पाइन्छ  ।

**तालिका ५.१२ अध्ययन क्षेत्रका मागीविवाहमा निम्ताउने तरिकाको तुलनात्मक विवरण**

| विगत | वर्तमान |
|---|---|
| सगुन पठाउँने, सिङ्गो सुपारी दिने, टुक्रा सुपारी दिने, मुखबाट निम्ता भन्दै हिँड्ने  । | शुभविवाह कार्ड पठाउने, सुचना सम्प्रेषणका अन्य माध्यमले खवर गर्ने  । (नेट/इन्टर्नेटको प्रयोग गरी) |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

### ५.२.३ विवाह कार्यका चरणहरूमा आएको परिवर्तन

**१) जन्ती जानु**

प्रारम्भिक चरणमा उल्लेखित तिथि, मिति र साइत पारी केटी (दुलही) लिनका लागी केटा (वर) लगायतका मानिसहरूको समुहलाई जन्ती जानु भनिन्छ । तामाङसमाजमा जन्तीजाँदा तोकिएको रीत, कोसेलीहरू र चारदाम गर्ने सर-सामानहरू लगायत आवश्यक चाहिने सामान लिएर जाने गरिन्छ। जन्ती जानुअघि केटापक्षले आफ्नोतर्फको ताम्बा/गान्बालाई सगुन राख्छन् । र राखिएको सगुनलाई कोकोम्हेन्दो (टोटालाको फुल) ले छ्योत् गरेर चारैदिशाका देविदेवताका साथै बेहुलालाई छेसेरगम (पानिद्वारा) र साङसेरगम (धुपद्वारा) पुजा गर्दछन् । यस कार्यवखत ताम्बाले विभिन्न दिशा र क्षेत्रका देवदेवताहरूमा तिनीहरूको स्थान, आकार र स्वरूपका आधारमा विभिन्न नामले जलार्पण गराउँछन् । यसरी पानीबाट पूजाआजा सकिएपछि धुपौरोमा धुपराखी सम्पूर्ण लोकको ईश्वरलाई र धर्तीमातालाई तिनीहरूको स्थान र स्वरूपका आधारमा विभिन्न नामले पुजा गर्दछन्  । पुजासकेपछि वेहुला सिँगार्ने काम हुन्छ। सोक्रममा ताम्बाले दुलाहाको पोशाकको वर्णनका साथै भावनायुक्त आशिषको प्रार्थना गर्दछन् । त्यसपछि मामाले भान्जालाई टाउकोमा फेटा बाँधिदिन्छन् जुन विजोरहात लामो सेतो कपडाको हुन्छ  ।

यसरी परम्परागत पोशाकमा सजिएपछि बेहुलाका बाबुआमा लगाएत् मान्यजनहरूले बेहुलालाई टीकालगाई आशीर्वाद दिई सगुन खुवाउँछन् । र केटाको बुबाले आफ्ना कुलदेवता लगायत घरका देवदेवतासँग बल माग्छन् र त्यसपछि बेहुला लगायत जन्तीहरू लाई रेम (सगुन) खुवाइन्छ । बेहुलाका वुवाले जन्तीकासाथै उपस्थित भद्रभलाद्मीलाई कोकोम्हेन्दोको घ्युले लेपलगाई, टिकालगाई, खादा पहिराइदिने गर्दछन् र लामाले दुलाहा तथा जन्तीलाई पुस्तक वाचन गरी आशीर्वाद दिन्छन् । जन्ती हिँड्नेवाला बेहुलाले आमालाई सगुन राखी ढोगगरेर जन्तीसँगै साथ लाग्छन्  ।

विहेमा खास दमाई वाजा बजाइँदैन । डम्फुरेहरु डम्फुकोतालमा गीत गाउँदै नाँच्दै गर्छन् । जन्तीमा लोकन्ती बेहुलाका दिदीबहिनीहरू पनि हुन्छन् उनीहरूले बेहुलीलाई लगिने सामानहरू बोक्नुका साथै कन्या दिदीबहिनीहरूले कलश (भुम्बा/बुम्बा) बोक्छन् । र गान्बाले हतियार पनि बोकेर हिँड्छन् । बेहुलाले घरबाट निस्कँदा दिदीबहिनीले राखेको सगुनपोङमा तथा बाटोघाटोमा राखिएका सगुनपोङमा दक्षिणा राख्दै छ्योत् गर्दै जानुपर्छ र घरबाट निस्कने बेलामा र बेहुलीको घरमा पुग्नेबेलामा बन्दुक पड्काउने चलन पनि छ ।

यसरी बेहुलीको घर पुग्नु पहिला केटापक्षका केही गान्बाहरुले आफूहरू विवाहको कोसेली सहित आइपुगेको जानकारी केटीपक्षलाई गराउँछन् यसलाई "भातेकटुवा" भनिन्छ ।

## परिवर्तन

माथि उल्लेखित विषय सन्दर्भमा मुख्यजानकार व्यक्तिहरूसँग छलफलमा प्राप्त कुराहरूको आधारमा उल्लेखित विगतका विधिविधान वर्तमानमा केही फरक रहेपनि त्यसको भाव समग्रमा मिल्दा पाइन्छन् । यसअलावा विधिविधानमा भनिने वाक्यांशहरू वर्तमानमा छोटा र सरल पाइन्छन् भने विवाहमा डम्फुसेलो नगरी वर्तमानमा पञ्चेवाजा, व्याण्डवाजा लगायत अन्य माध्यमबाट नाचगानको लागी कार्य हुने गरेको पाइन्छ । यसका साथसाथै विवाहमा बन्दुक पड्काउने पुरानो चलन भने वर्तमानमा नभएको र विवाहमा केटीको घरमा बेहुलापक्ष आइपुगेको खवर भातेकटुवाले दिने कुरामा वर्तमानमा भातेकटुवा नरहने/नहुने हुँदा त्यसको खवर फोनबाट दिने चलन रहेको पाइन्छ । यसरी परिवर्तन हुनुमा देशको सामाजिक-राजनितीक परिवर्तनका साथै शहरीकरण, आधुनिकीकरण, हिन्दुकरण र पश्चिमीकरण रहेको पाइन्छ । यसैसन्दर्भमा विवाहमा बजाइएका बाजाहरूको बारेमा नमुना मागीविवाहका १०३ जना संख्यालाई निम्नानुसार तालिकाबाट विवरण देखाइएको छ ।

**तालिका ५.१३ अध्ययन क्षेत्रका मागीविवाहमा प्रचलित बाजाहरूको विवरण**

| बाजाको प्रकार | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **डम्फुसेलो** | ७ | ६.८ | ६ | ५.८ | १३ | १२.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **पञ्चेबाजा** | २५ | २४.३ | २५ | २४.३ | ५० | ४८.६ |
| **व्याण्ड बाजा** | ११ | १०.७ | १४ | १३.६ | २५ | २४.३ |
| **अन्य** | ६ | ५.८ | ९ | ८.७ | १५ | १४.५ |
| **जम्मा** | **४९** | **४७.६%** | **५४** | **५२.४%** | **१०३** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकाअनुसार अन्यशीर्षकमा विवाहमा डम्फुसेलो, पञ्चेबाजा, व्याण्डबाजा नबजाई मादल बजाउने, टेप रेकर्ड बजाउने लगायतका कुराहरूलाई संख्यात्मक रुपमा प्रस्तुत गरिएको छ। यसरी तालिकामा भएको तथ्यांक प्रतिशत हेर्ने हो भने सबैभन्दा कम देखिएको डम्फुसेलोको तथ्यांक पाइन्छ भने सबैभन्दा बढी पञ्चेबाजा बजाएको तथ्यांक पाइन्छ। यसरी हेर्दा विगतमा डम्फुसेलोबाट गरिने नाचगान रमाइलो कार्य आजभोली पञ्चेबाजा हुँदै व्याण्ड बाजामा वृद्धि भएको पाइन्छ । यसरी परिवर्तन हुनुमा शहरीकरण, आधुनिकीकरण तथा पश्चिमीकरण र हिन्दुकरणको प्रभाव रहेको पाइन्छ ।

**२) जन्तिको स्वागत**

बेहुलाको स्वागतगर्न बेहुलीपट्टिका गान्वाहरु अलि परसम्म पुग्छन् । जन्तीहरु बेहुलीको घरको सँघारमा पुगेपछि उनीहरूलाई बेहुलीपट्टिका चेलीहरूले सगुनपोङ राखी स्वागत गर्दछन् । यसैक्रममा बेहुलाबाट ल्याएको कलश र बेहुलीपट्टि बाट ल्याइएको कलशमा भएका आँप, चाँप, बरपिपल लगायतका पातहरूलाई एकअर्कोले खोस्ने काम हुन्छ जसले खोस्न सक्यो उसको जित र खोस्न नसक्नेको हार हुने मान्यतापनि छ। अनि त्योसगुन फर्काएर लगिन्छ। यसपछि सेतो अक्षता र पानीले जन्ती पर्सिने काम हुन्छ जसको मान्यता जन्तीहरूलाई भूतप्रेत, रिस, ईवि, डाहका साथै आँखा लागेको भएपनि ठिक होस् भन्ने मान्यता रहेको छ ।

**परिवर्तन**

विवाहकार्य चरणअन्तर्गत जन्तीको स्वागत विगतमा के थियो र वर्तमानमा के रहेको छ र परिवर्तन के कारणबाट भए भन्ने विषयमा मुख्यजानकार व्यक्तिहरूसँग गरिएको छलफलमा प्राप्त कुराहरूमा माथिउल्लेखित प्रक्रिया वर्तमानमा समेत रहेको पाइन्छ तर त्यसमा जन्तीलाई स्वागतमा पर्सिने कार्यमा फुल, पानी र रङ्गिन अक्षताको समेत प्रयोग भएको पाइन्छ। भने जसकोअर्थ पुरातन

धारणाको नभै यसलाई एउटा संस्कारको रुपमा मानी निरन्तरता दिइएको पाइन्छ । जसमा प्रमुखकारण हिन्दुकरण र व्यक्तिमा आएको चेतनाको विकास नै मुख्यरहेको पाइन्छ ।

**३) जन्ती बेहुलीको घरमा प्रवेश**

जन्तीहरू बेहुलीको घरको आँगनमा प्रवेश गर्नुपूर्व कुल्चनपोङ राख्छन् । जसलाई खाङग्रा-नाङबा पोङ पनि भनिन्छ । त्यसपछि जन्तीहरुको आँगन प्रवेश हुन्छ । त्यसपछि बेहुलालाई बेहुलीपट्टिका वावु, माइती र कन्या केटीहरूले बुम्बाको जलले तिनपटक छेप्नेकाम हुन्छ । जसलाई कोरुवालाबा भन्छन् । त्यसपछि विवाहमा कुनै अशुभ, झै-झगडा नहोस् भनेर लामाले मोलम् पाठगरी बेहुलालाई सगुन खुवाइन्छ । विवाहमा बेहुला लगायत जन्तीहरूलाई देवीदेवता, भूतप्रेत लाग्नसक्छ भनी त्यसको निधानको लागी लामा झाँक्री पनि राख्ने चलन छ । त्यसपछि जन्तीहरूलाई आँगनमा स–सम्मान बसाइ केटातर्फकाले लगेको ठोङढाङ (मूल कोसेली) आफ्ना जन्तीहरूलाई र ग्युर्जेढाङ (केटीतर्फको इष्टमित्रलाई सगुन)रेमको रुपमा बाँडिन्छ भने बेहुलालाई २ भाग रेम दिने चलन छ ।

**परिवर्तन**

बेहुला केटीको घरमा प्रवेश कसरी गर्थे र वर्तमानमा त्यसको विधि के छ ? र परिवर्तनका कारणहरू के के हुन् ? भन्ने विषयमा अध्ययनक्षेत्रका जानकारहरूसँग गरिएको प्रश्नमा प्राप्त कुराहरूमा विगतका विधि र वर्तमानका विधि उस्तै रहेपनि तिनमा गरिने कार्यमा केहिमात्र फरक पाइन्छ भने त्यसकाअलावा विगतमा लामा झाँक्री राख्ने प्रचलन वर्तमानमा नभएको र लामा झाँक्रीले गर्नेकार्य कहिँकतै ताम्वाद्वारा नै हुने गरेको, बेहुलालाई खुवाइने रेम र माइती तथा जन्ती तर्फकाले खाने रेम पुरातन धारमा नभई भएका सवैचिज आपसमा बाँढिचुढि खानेगरेको पाइन्छ । यसरी परिवर्तन हुनुमा पुर्ख्यौली ज्ञानको कमीका साथै व्यक्तिको आधुनिक मानसिकता मुख्यकारण रहेको पाइन्छ ।

**४) विवाह रात्री**

साँझको खानपिन सकिएपछि दुवैतर्फका नातेदार, गान्बा, लामा, ताम्बा आदि लगायतका मानिस केटीको घरमा भेलाभई विवाहको पूर्वस्वीकृति अनुरूप कोसेलीहरू र मान्नुपर्ने रीतहरु बुझाउने गर्दछन् । यसरी ल्याइएका कोसेलीहरू बुझाउँदा केटीपक्षका गान्बालाई तोकिए बमोजिम

छ छैन भनी देखाउँदै बुझाउने गरिन्छ । बेहुलीपट्टिका गान्वाले उपरोक्त रीत र कोसेलीहरू बेहुलातर्फबाट बुझेर चारदाम आसन वरपर राख्छन् ।

**परिवर्तन**

यससम्वन्धि विषय अध्ययनमा जानकार व्यक्तिहरू समक्ष गरिएको छलफलबाट प्राप्त कुराहरूमा विगतमा २ दिनसम्म लामो हुने विवाहकार्य वर्तमानमा एकैदिनमा छोटकरी हुने पाइन्छ भने यस सम्वन्धिको कार्यपनि छोटकरीमा हुनेगरेको पाइन्छ। यसअन्तर्गतका विषयहरूमा विगतमा तोकिए बमोजिमका रीत र कोसेलीहरू ल्याउने र ति रीत र कोसेलीहरू दुवैपक्षका ताम्वाको उपस्थितिमा बुझाइने र अपुगमा दण्ड गराउने प्रचलन भने वर्तमानमा तोकिएबमोजिम नभई सामान्यरुपमा प्रक्रिया पुरागर्नका लागी आवश्यक र थोरैमात्रै सिमितको लागीमात्र ल्याउने गरेको पाइन्छ भने बुझबुझारथ ताम्वाबाट नभई अन्य व्यक्तिको साथमा पनि हुने र अपुग रीत र कोसेलीहरू स्वरुप दण्डगर्ने व्यवस्था नभएको पाइन्छ। भने बेहुला वा बेहुली कुनै पक्षमा ताम्वा नभएको अवस्थामा ताम्वाको भूमिका दोहोरो रुपमा गरेको पनि पाइन्छ । यस विषयसम्बन्धी विधिविधानमा भनिने वाक्यांशहरू पहिलाको जस्तोगरी लामो भएको पाइदैन भने छोटकरीमा मात्र भन्ने गरेको पाइन्छ । यसरी परिवर्तन हुनुमा पुर्ख्यौली ज्ञानको कमी, आधुनिकीकरण नै प्रमुखकारणको रुपमा रहेको पाइन्छ।

**५) विवाहमा चारदाम/चरतम् र सँगसँगैका अन्य विधिहरु**

कोसेलीहरू बुझाइसकेपछि विवाहको महत्वपूर्ण कार्य चारदाम/चरतम् रीत बुझाउने हुन्छ। चारदाम लाई तामाङ्भाषामा डामेन ब्ली भनिन्छ। यो चरतम् को अप्रभंश पनि हो। जसमा चरले हुइ/थर र तम् ले कुरा अर्थात केटाकेटीका हुइ र हुइगी फो ल को कुरा गर्नुलाई इङ्गित गरेको हुन्छ। विवाहको महत्वपूर्ण चरण चरतम/चारदाम हो । यो चरण पुरानभएसम्म विवाह विधिवत् सम्पन्न नहुने मान्यता पनि छ। तामाङसमाजमा चारदामको विशेष महत्व र अर्थ पाइन्छ। चारदाम नगरेसम्म बुहारी कच्चैहुने र छोरी वा बुहारीको अंशबन्डामा समेत अधिकार नहुने, जायजन्म भएका बच्चासमेत मावलीको अधिकारमा रहनुपर्ने मान्यताबाट यसलाई नितान्त ठानिएको हुँदा चारदाम पछि गर्नेगरी शर्तमा ढोगभेट सम्म गरी दुलही भित्राउने पनि गरिन्छ।

कुटुम्बको कुल, वंश र चलनको बारे शत्रुपक्षलाई थाहानहोस् भन्ने मान्यतामा चारदाम रीत मध्यरात तिर हुन्छ। चारदाम शुरु गर्नुपुर्व बेहुलापट्टिका ताम्बाले चारदामको लागी अनुरोध स्वरुप

सगुन पोङ पठाउँछन् जसको प्रत्युत्तरमा बेहुलीपट्टिका ताम्बाले बेहुलापक्षको ताम्बालाई सगुन पोङ पठाउँछन् । यसको अर्थ चारदामको निमन्त्रणा गर्नु हो । विभिन्न प्रत्युत्तरको काम हुन्छ । र यो समयमा दुवैपक्षका डम्फुरेहरुपनि जुही खेल्छन् । यसरी चित्तबुझ्दो जवाफ पाएमा मात्र ढोका खोलिन्छ भने जवाफ चित्तबुझ्दो नभएमा दण्डस्वरुप केटापक्षबाट ताम्बाले पोङ राख्नुपर्छ जसलाई म्राव ठोङवा पोङ भनिन्छ । अनिमात्रै ढोका खोलिन्छ । ढोका खुलेपछि केटापक्षका सबैजना केटीको घरभित्र पस्छन् । र केटीपक्षका दाजुभाइ (मैयुङ) लाई मैयुङढाङ र चारदाम सामानहरू बुझाइन्छ ।

**चारदामका सामानहरुः**

१) एक माना चामल २) चारदाम ३) वत्ती ४) दुईवटा कुखुरा (एउटा वासेकोभाले र अर्को काटेकोभाले) ५) एकपोङ रक्सी ६) दुईविसा रोटी ७) नुन, तेल, मसला ८) धुपौरो ९) हतियार ।

यस अवसरमा बेहुलीलाई बेहुलापक्षले ल्याएको लुगाफाटा गरगहनाले सजाएर चारदाम गर्ने स्थानसम्म बेहुलाको भाइले बेहुलीलाई बोकेर ल्याइ केटाको देब्रेपट्टि बसाउँछन् । कतै चारदामका वखत सगुन पोङहरु सम्धीले बोक्नेगर्दछन् भने कतै बेहुलाले । यस्तो सगुनपोङसाथ थालमा एकमाना चामल र बत्ती राखी घुँडाटेकि वोक्नुपर्छ । यसपछि दुवैपक्षका ताम्वाहरुले आ-आफ्नो नालीबेली खोतल्छन् । जसलाई ताम्बा ताम् भनिन्छ । अनि माइतीलाई दुलाहाले चारदामको लागी बुझाएको पोङमाथि उल्लेखित प्रक्रिया अनुसार घुँडाटेकि समाउनु पर्दछ । पुर्ख्यौली रीतभात नगराएसम्म पोङ स्थिर अवस्थामा बोकी बस्नुपर्छ । चारदाम कार्य ताम्बाहरुले जिक्तेन ताम्छोइ (व्याख्यान) द्वामा गाएर सम्पन्न गर्दछन् । यसवखत केटापक्षका ताम्बाले केटीपक्षलाई माईतीसमक्ष चेदाम (१ पैसा) राखी केटी माग्ने चलन छ । यसलाई चारदाम भनिन्छ ।

अनि माइतीपक्षले तामाङ रिमठिम अनुसार रीत र कोसेलीहरू लिएर आशीर्वाद दिन्छन् । यसपछि माइतीतर्फका ताम्बाले सम्पूर्ण कुलदेवता र देवीदेवता लाई सम्झेर परापूर्वक कालदेखिको रिमठिम अनुसार माइती फलानाले आफ्नी फलानीछोरी फलाना जातथरको फलानाको छोरालाई चढाउनुभयो आजदेखि फलानो छोरीको रगत मासु माइतीको कुलदेखि भिन्नभई नाता कुटुम्बको कुलमा मिल्न गयो । हाडमात्र माइतीको थरमा रहन गयो भनी भन्नेगर्दछन् । यसपछि उक्त पोङ, चारदाम र कोसेलीहरू ग्रहण गर्दछन् । चारदामको काम सकिएपछि उक्त सगुन सम्धीले बोकेको भए चारदामको पोङलाई साटासाट गर्छन् बेहुलाले बोकेको भए उक्त पोङलाई टोटलाकोफुलले ३-३ पटक आकाश र धर्तीमा छर्किंदै बेहुलीका मैयुङ (माइती) ले छ्योत् गर्छन् । त्यसपछि बेहुलातर्फबाट

ल्याइएको उक्त कुखुरालाई बेहुलीको घरको मूलढोकामा बेहुलाले एकैपटक छिन्ने गरी काट्नुपर्छ। यसमा तामाङसमाजमा एउटा मान्यतापनि छ जसरी साँक्षीको प्रतीक कुखुराको भालेलाई काटिन्छ कथंकदाचित कुनै जार भएर कोही आएपनि त्यसलाई त्यसरी नै काट्न पाउने भनिन्छ। त्यसपछि काटिएको कुखुरा केटापक्षले मात्र आफै र आफ्नै (आफैले लगेको) सामानबाट पकाएर खान्छन्। भने घरबाट पकाएर लगेको कुखुराको मासुचाहिँ पहिला बेहुलाबेहुली लाई खुवाएपछि वेहुलीपक्षकाले चारदाम पोङ (रक्सी) सँग बाँढिचुडि खाने गर्छन् ।

त्यस्तै विवाहकोदिन "फ्लोदोङ" (भात पकाएर मुछी गोलो बनाइएको परिकार) लग्नेहरुले चारदाम छ्योत गरी माइती पक्षबाट खुकुरीले काटेर उपस्थित सबैलाई बाँडि खुवाउँछन्। यसलाई कोशेलीको रुपमा दोबारी निवारी (दुरन फर्काउने) वेलामा पनि ल्याउने गरेको पाइन्छ। त्यसपछि वेहुलावेहुली लाई सँगै वसाएर जीवनजगत् का बारेमा अर्ति-उपदेशका पाठ दुवैपक्षका ताम्बाद्वारा दिन्छन्।

**परिवर्तन**

चारदाम कार्य केहो ? किन गरिन्छ ? चारदाम गर्दाको विधिहरू के-के हुन् ? चारदाममा के-के हुन्छन् ? र परिवर्तनका कारणहरू के-के हुन् ? भन्ने विषयमा अध्ययनक्षेत्रका जानकारका व्यक्तिहरूसँग विगत र वर्तमानको अवस्थामा केन्द्रित भई गरिएको प्रश्नमा प्राप्त कुराहरूको आधारमा चारदाम विगतदेखि वर्तमानसम्म चारदाम गरिने गरेको पाइन्छ भने कथंकदाचित चारदाम हुन नसकेमा मृत्युपछि पनि गरिने प्रचलन यथावत् नै पाइन्छ। यसअलावा चारदाम सम्बन्धी भने वर्तमानको धारणामा फरकआई संस्कारको रुपमामात्र लिने गरिएको पाइन्छ र चारदामका सामानहरुमा पहिलाकै रुपमा सम्पूर्ण सामानहरू अहिलेपनि प्रयोग गरिएको पाइन्छ। विगतमा चारदाम राती हुनेमा वर्तमानमा जुनसुकै वखत गरिने, चारदामको निमन्त्रणा विगतमा सगुन पठाएर हुनेमा वर्तमानमा खवर पठाएर गरिने, विगतमा चारदामको वेला गरिने दुवैपक्षका ताम्वा र डम्फुरेको जुहारी र प्रश्नोत्तर वर्तमानमा त्यति प्रचलनमा नरहेको, विगतमा रीतभात माइतीपक्षलाई बुझाउने बेलामा चारदामका सामानहरूलाई केटाको बाबु वा केटाले बोक्ने गरेकोमा वर्तमानमा केटाले नै हातमा समाएर दिनेगरेको, चारदामवेला केटीपक्षसँग पैसा राखी केटी माग्ने चलन वर्तमानमा नरहेको, चारदामकार्यमा गरिने विधि र भनिने वाक्यांश सरल र छोटो पाइन्छ। यसकासाथै ताम्वाहरुले जिक्तेन ताम्छोई किताब पढी ह्रामा पाठ गर्ने प्रचलन पनि वर्तमानमा पाइदैन।

चारदामको लागी केटापक्षबाट ल्याइएको कुखुरालाई विगतमा झैं ढोकामा लगी दुईहातले छिनाइ त्यसलाई आफ्नै सरसमानबाट पकाएर खाने चलन वर्तमानमा पनि पाइन्छ भने सोसम्बन्धी धारणामा भने परिवर्तन पाइन्छ । त्यसपछि बेहुलाबेहुली लाई सँगै वसाई उपदेशका पाठ पढाईने विगतको चलन वर्तमानमा त्यति रहेको पाइदैन भने फ्लोदोङ (पकाएको भातलाई गोलोपारी वनाएको परिकार) को प्रयोग यसक्षेत्रमा प्रचलनमा रहेको पाइदैन । यसरी परिवर्तन हुनुमा पुर्ख्यौली ज्ञानको कमी तथा आधुनिकीकरण नै प्रमुखकारण रहेको पाइन्छ ।

यससँगै चारदाम कार्यवेला गरीने अन्य मुख्य-मुख्य विधिहरू जुन् तामाङ मागीविवाह भित्र चारदाम सँगका विधि अन्तर्गतका कार्यहरुलाई निम्नानुसार उल्लेख गरिन्छ ।

**क) विवाहमा ल्याइएका साक्षीरूपका वस्तु विधि**

विवाहको समय छोरी/चेली कुटुम्ब लाई जिम्मा दिने बेलामा ४ बस्तुहरूलाई साक्षीरुपमा राखेका हुन्छन् । जसका बारेका आ-आफ्नै मान्यता र महत्व रहेको हुन्छ ।

**१) विवाह हुने स्थानका देवदेवताहरू ।**

**२) हिमालको डाँफे र तराईको मयूरको रुपमा जिउँदो कुखुराको भाले/परेवा ।**

**३) जलजन्तुहरु गोही–कछुवा आदिको रुपमा जिउँदो माछा ।**

**४) विवाहहुने स्थलमा उपस्थित सम्पूर्ण मनुष्य चेतनशील प्राणी ।**

यसरी ४ वस्तुहरूलाई साक्षीरुपमा राखेर मात्र विवाह भइरहेकी छोरी/चेलीलाइ कुटुम्बको जिम्मा दिइन्छ । यसैलाई पनि चारदाम/चारतम् भन्ने गरेको पनि पाइन्छ ।

**परिवर्तन**

माथि उल्लेखित विषयमा अध्ययनक्षेत्रका जानकारहरुसँग भएको कुराकानिमा योपरम्परा यसक्षेत्रमा विगतदेखि नरहेको पाइन्छ । यसोहुनुमा तामाङजाति भित्र रहेको स्थानगत भिन्नता रहेको देखिन्छ ।

**ख) विवाहमा नङ्सल वाल्नुको अर्थ**

तामाङ समाजमा जुनसुकै शुभकार्यमा तथा दैनिक पुजाक्रममा नङ्सल बाल्ने चलन भएबाट यसको आफ्नै छुट्टै मान्यता, विश्वास र महत्व देखिन्छ । तामाङ विश्वास अनुसार विवाहको क्रममा शुद्धि गर्नको लागी नङ्सल बालेपछि शुद्ध हुने मान्यता रहेको छ । जसमा नङ्सलको उज्यालो

ले जीवनलाई प्रकाश दिई अँध्याराको नास हुन्छ । दाम्पत्य जीवनमा सफलता प्राप्त हुन्छ । भन्ने जनविश्वास पनि रहेको पाइन्छ । यसप्रकार विवाहमा नङ्सल बालेर विवाह संस्कारको थालनी हुन्छ । यि नङ्सलहरु चरतम/चारदाम वा सगुनछ्योत् गर्नु अगाडि बाल्ने पनि गरिन्छ ।

**परिवर्तन**

यससम्बन्धी विषयको अध्ययनमा अध्ययनक्षेत्रका जानकारसँग गरिएको छलफलबाट प्राप्त कुराहरूमा विगत र वर्तमानमा पनि योचलन यथावत् नै रहेको पाइन्छ भने सोसम्बन्धी मान्यता वर्तमानमा संस्कारगत कार्यको रुपमा अवलम्बन गरिएको भन्ने पाइन्छ ।

**ग) म्हेमे (पुर्खा) छ्योत् तथा कुल मिलान**

चारदामको वेला दुवैपक्षका कुल देवता (फो ल) लाई छ्योत् गर्नुपर्छ । यसमा दुवैपक्षका गान्वाले प्रतिनिधित्व गरेका हुन्छन् । आजदेखि विधिवत् रुपमा यि २ जना (स्हेबु-दुलाहा स्हेमु-दुलही) को विवाह भयो । यस अवसरमा तपाई फो ल लाई सगुन चढायौँ । सफल दाम्पत्यको लागी आशीर्वाद दिनुहोस् भन्ने व्यहोरा सहितको फो ल लाई सगुन छ्योत् गर्ने क्रममा म्हेमे (पुर्खा) हरुलाई पनि सगुन छ्योत् गरिन्छ भने दुवैजना सम्धीले आफ्ना कुलहरुलाई मिलाउने गर्दछन् । यसपछि मात्र दुवैबीच आवत-जावत चल्छ भने एकअर्कामा आफ्नो र आफन्तको भावनाको विकास हुन्छ ।

**परिवर्तन**

यससम्बन्धी विषयको अध्ययनमा  अध्ययनक्षेत्रका जानकारहरू समक्ष गरिएको छलफल कार्यमा प्राप्त कुराहरूमा विगतदेखि नै कुलमिलान गर्ने नभई आ-आफ्ना कुलहरूलाई केटा र केटीका बाबुहरूले विवाह बेलामा आ-आफ्नो हिसाबले सम्झी पूजागर्ने प्रचलन वर्तमानमा समेत रहेको पाइन्छ । तर वर्तमानमा तिसबै विधिको ज्ञान भएको पाइदैन । यसरी परिवर्तनको मुख्यकारण पुर्ख्यौली ज्ञानको कमी रहेको पाइन्छ ।

**घ) (तम् प्रत्पा) वाकदानको प्रक्रिया**

तामाङ भाषामा तम् को अर्थ कुरा र प्रत्पा को अर्थ दिएको जिम्मा लगाएको वा सुनाएको वा चढाएको भन्ने हुन्छ । अर्थात् चरतम् को वेला माइतीपक्षले आफ्नी चेली विधिवत् रुपमा

बेहुलालाई दियौँ भनेर गर्ने वाचिक घोषणा हो । यसको अभावमा विवाह पूर्ण मानिँदैन भन्ने विश्वाससमेत रहेको पाइन्छ । यसपछि मात्र स्हेबु (दुलाहा) र स्हेमु (दुलही) ले वैवाहिक जीवनमा सहजताका साथ प्रवेश गर्न सक्छन् । यसकालागी बेहुलापट्टिका ताम्बा वा गान्बाले केटीपक्षसँग अनुरोध गर्दछन् जसमा भूमिका बाँधेर बोल्नुपर्ने हुन्छ । र अन्त्यमा तामाङ रीतिथितिलाई अवलम्बन गरी माइतीले चेली फलाना ज्वाइँको जिम्मा लगाएका छौँ भनेर भनिसकेपछि उपस्थित सबैजनाले एकै स्वरमा **"ल्हास्सो थुजेछे"** भनेर साथ दिन्छन् यसैलाई वाकदान पनि भनिन्छ ।

**परिवर्तन**

वाकदान के हो ? वाकदान कसरी गरिन्छ ? विगत र वर्तमानको अवस्थामा परिवर्तनका कारणहरु के-के हुन सक्छन् ? भन्ने प्रश्न अध्ययनक्षेत्रका जानकारसमक्ष गरी प्राप्त कुराहरूमा वाकदान भनेको विवाहको सन्दर्भमा मुखले उपस्थित सबैको माझमा आजदेखि फलाना र फलानी बिच विवाहकार्य भई श्रीमानश्रीमती नाता कायम भएको भन्नेकुरा उच्चारण गरी उपस्थित सबैले सोहीकुरामा वचनद्वारा सहमत जनाउनु वाक्दान हो भन्ने पाइन्छ र सोहीअनुसार विधि विगतदेखि वर्तमान अवस्थामा समेत रहेको पाइन्छ । यसमा दुवैपक्षकाले चारदाम सकिएपछि भन्ने गरेको पाइन्छ । यसविषयमा विगत र वर्तमानमा खासै परिवर्तन रहेको पाइदैन ।

**ङ) शपथ खुवाउने**

बेहुला र बेहुली दुवैले एकआपसमा वैवाहिक जीवनको लागी उभिएर आमुन्नेसामुन्ने भई शपथ खानुपर्दछ । सुरुमा बेहुलाले आफ्नो छातिको सिधा माथि दाहिनेहात हल्का उठाउनुपर्छ र ताम्बाले शपथ खुवाउँछन् । जसमा विभिन्न वाक्यांशको प्रयोग गर्दै शपथ खुवाइन्छ भने वैवाहिक जीवनमा दुवैको कर्तव्य, आचारविचारको वारेमा पनि जानकारी एवम् जिम्मेवारीका कुराहरूलाई पनि बोध गराइन्छ ।

**परिवर्तन**

चारदामसँगै विवाहित नव जोडीलाई शपथ खुवाउने प्रक्रिया के कसरी थियो र वर्तमानमा कसरी छ । परिवर्तनका कारणहरू के-के हुन सक्छन् भन्ने विषयमा जानकार व्यक्तिहरूसँग गरिएको छलफलबाट प्राप्त कुराहरूमा पुरातन विधि र तरिका नभई दुवैलाई सँगै बसाली सामान्य हिसाबमा दुवैतर्फका आफन्तबाट सम्झाउने र सुखी दाम्पत्य जीवनको आशीर्वाद दिने काम हुने कुरा विगत र वर्तमानमा एकै प्रकारको पाइन्छ ।

**च) वङकुर (आशीर्वाद) ह्वामापाठ गर्ने**

बेहुला र बेहुलीलाई शपथ खुवाएपछि आशीर्वादको ह्वामापाठ हुन्छ । यसैक्रममा सम्पूर्ण उपस्थितहरूबाट टिका, फुल र खादासहित बेहुलाबेहुलीलाई आशीर्वाद दिइन्छ यहीक्रममा ह्वामापाठ पनि गरिन्छ। उपस्थित सम्पूर्ण मान्यवर तथा आफन्तहरूबाट बेहुला र बेहुलीलाई टिका लगाइदिने खादा पहिराइदिने र आशीर्वाद दिने काम गर्दछन् । यसपछि हिन्दुहरुको सिन्दुर हालेर विवाह समाप्तसँगै पक्का भएझैँ मानिन्छ। यस अवसरमा डम्फुरेहरु डम्फु र सेलोमा नाचगान गर्दै रातभर रमाइलो गर्दछन् ।

**परिवर्तन**

यस विषयको अध्ययनसम्बन्धी कुरामा अध्ययनक्षेत्रका जानकारहरूसँग बुझ्दा ह्वामा पाठ विगत देखि नै नहुने तर आफन्तहरूबाट टिका लगाइ खादा पहिराई आशीर्वाद दिनेकुरा विगतदेखि वर्तमान सम्म समान रहेको कुरा पाइन्छ भने सेलो गाएर डम्फुरेहरुले डम्फु बजाइ रातभरि रमाइलो गर्ने विगतका कुरामा वर्तमानमा सेलोमात्र गाउने गरेको पाइन्छ। यसरी परिवर्तन हुनुमा संस्कारित कार्यमा ज्ञानको कमी तथा आधुनिक मूल्यमान्यता नै प्रमुखकारण रहेको पाइन्छ ।

**६) बेहुलीमाग्ने र दुलही अन्माउने विधि**

बेहुलीको निम्ति केटापक्षले केटीपक्षसँग अनुरोध गर्नुपर्छ । यो बेला बिदाइको सगुन राख्नुपर्छ । सगुन राखेपछि डम्फु बजाउँदै बिदाइको गीतमार्फत अनुरोध गर्नुपर्छ । यही गीत गाउनेक्रममा बेहुलालाई बेहुली को घरभित्र लगिन्छ। अनि छुट्ने बेलामा पुनः सगुन राखेर ढोगभेट गराउँछन्। त्यसपछि मैयुङ (दाजुभाइ ) हरुले बेहुला र बेहुलीलाई बोकेर घरबाट बाहिर ल्याउँछन् । भोलिपल्ट खानपिन पछि बेहुलाकातर्फबाट ताम्बा र गान्बाले पोङराखेर बाबु, आमा र दाजुभाइ समक्ष दुलही माग्छन् भने डम्फुरेहरुले सेलोबाटपनि माग्ने गर्दछन्। त्यसपछि दुलहीलाई बिदाईगर्न आँगनमा ल्याइन्छ ।

**परिवर्तन**

विवाहकार्य समाप्तसँगै बेहुली माग्ने र बेहुली अन्माउने विधि विगत र वर्तमानमा के-कस्तो पाईन्छ ? र परिवर्तनका कारणहरू के-के हुन सक्छन् ? भन्ने प्रश्नका आधारमा जानकारबाट प्राप्त कुराहरूमा बेहुली माग्नका लागी विगतमा सगुन राखेर डम्फु र सेलोको माध्यमले माग्ने गरेकोमा वर्तमानमा सामान्य तरिकाले दुईहात जोडी हजुरको कन्या हाम्रोसामु लगाइदिनुहोस्

भन्नेकुरा व्यक्तगरी माग्ने चलन रहेको पाइन्छ भने अन्माउने कार्यमा विगतमा बेहुलीलाई मात्र उनका दाजुभाइहरूले बोकेर घरदेखि अलिपरसम्म लैजानेकार्यमा वर्तमानमा बोक्ने गरेको पाइदैन । यसरी परिवर्तन हुनुमा पुर्ख्यौली ज्ञान को कमी तथा आधुनिकीकरण नै प्रमुखकारण रहेको पाइन्छ ।

**७) ढोगभेट**

यसबखत आगनमा एउटा सगुन थालमा राखेर बेहुली अघि र बेहुला पछि हुँदै माइतीका गान्बाले माइतीतर्फका लाई चिनाउँदै सगुन पैसा राखी ढोँगी आशीर्वाद माग्ने काम हुन्छ । यसलाई फ्यादेन भनिन्छ । त्यसपछि बेहुलाबेहुलीलाई खाना खुवाएपछि बेहुलापट्टिका ताम्बाले (फरवापोङ) बिदावादी सगुनराखी बेहुली लैजानको लागी आज्ञामागेपछि बेहुलीका दाजुभाइले बेहुलीलाई बोकेर केही परसम्म पुर्याउँछन् भने बेहुलापट्टिका गान्वा ताम्बालाई पुनः बेहुली पक्षकाले सगुन खुवाएर पठाउँछन् । जसलाई नाङगुपोङ भनिन्छ ।

**परिवर्तन**

यस सम्बन्धी विषयमा विधि र परम्पराका बारेमा जानकार व्यक्तिहरूसँग बुऴदा प्राप्त हुनआएका कुराहरूमा विगतदेखि वर्तमानसम्म माथि उल्लेखित प्रक्रिया नभई सामान्य हिसाबमा हातजोडी ढोगभेट गर्ने चलन रहेको पाइन्छ ।

**८) बेहुली लिई फर्कने**

जन्तीसहित बेहुली लिई फर्कँदा बेहुलीको घरको संघारतिर एउटा पोङ ‘‘फेवापोङ’’ राखिएको हुन्छ । बेहुलाले उक्त पोङ सगुनलाई छ्योत् गर्दै दक्षिणा राख्दै अगाडि बढ्छन् । केटीपक्षका छोरी-चेली दुलहीसँगै जाने पनि गर्दछन् । भने बाटोमा डम्फुरेहरु नाचगान गर्दै हर्षकासाथ रमाइलो गर्दछन् ।

**परिवर्तन**

यससम्बन्धी विषयको अध्ययनको लागी जानकार व्यक्तिहरूसँग गरिएको छलफलबाट प्राप्त कुराहरूको आधारमा उल्लेखित कुराहरूमा विगत र वर्तमानदेखि समान पाइन्छ भने परिवर्तन नभएको पाइन्छ ।

**९) सम्धी ढोगभेट**

विवाहकै दिन बेहुली लिएर फर्कने बेलामा सम्धी ढोगभेट गर्ने चलनपनि छ। दुलाहा र दुलहीका बाबुले फ्याचाल्दा पोङ राखी ढोगभेट फुकाउने गर्दछन् । यसमा लिने (केटाको बावु) ले दिने (केटीको बाबु) लाई सगुनपोङ राखी ढोग्नुपर्छ ।

**परिवर्तन**

विवाह मामिलामा सम्धी ढोगभेटमा विगत र वर्तमानमा के पाइन्छ र परिवर्तन के कारणहरूले भए भन्ने विषयमा जानकारहरुसँग सोधिएको प्रश्नको आधारमा विगतमा विवाहकै दिन पोङराखी सम्धी ढोगभेट गरिने चलनमा वर्तमानमा सोहीदिन वा उपर्युक्त दिनमा सामान्य रुपमा ढोगभेट गर्ने चलन रहेको पाइन्छ। यसरी परिवर्तन हुनुको मुख्य कारणमा आधुनिकीकरण नै प्रमुख रहेको पाइन्छ।

**१०) बेहुलीका साथ जन्ती केटाको घर प्रवेश**

बेहुली नल्याएसम्म बेहुलाको घरमा महिलाहरू नाचगान र ख्यालठट्टा गर्छन्। बेहुली लिई घर आइपुगेका बेहुला-बेहुलीलाई घरको सँघारमा सगुनराखी चेलीद्वारा स्वागत हुन्छ । बेहुलाको आमाले सगुनपोङ खुवाएपछि बेहुला-बेहुलीले सगुन-पोङलाई छ्योत् गर्दै दक्षिणाराखेर आँगन प्रवेश गर्छन् ।

**परिवर्तन**

माथि उल्लेखित विषयको सन्दर्भमा अध्ययनक्षेत्रका जानकारहरुसँग गरिएको छलफलका आधारमा महिलाहरूले तामाङभाकामा नाचगान नगरी अन्य गीतसङ्गीतको तालमा नाचगान गरेको पाइन्छ । यसअलावा अन्य विधि र प्रक्रिया समानरूपमा विगतदेखि वर्तमानसम्म रहेको पाइन्छ। परिवर्तित कुराका प्रमुख कारणहरूमा भाषाको ज्ञानको कमी तथा हिन्दुकरण र पश्चिमीकरण रहेको पाइन्छ।

**बेहुलाबेहुली घरपुगेपछि**

**११) लगन**

आँगनमा बनाइएको मण्डपमा बेहुला-बेहुलीलाई बसाउनु अघि बेहुलाको भाइले बेहुलीलाई बोकेर ३ पटक मण्डप परिक्रमा गर्छन् जसमा बेहुला-बेहुलीको अघि केटाको बाबुले धुपौरोमा धुप र आगो लिएका हुन्छन् भने बेहुला-बेहुलीको पछि आमाले बुम्बा (कलश) लिएर पानीको धारा

छुटाएकी हुन्छिन् । जसलाई कोरुवालाबा गरेको भनिन्छ । त्यसपछि बेहुलाबेहुलीलाई मण्डपमा बसाली रेम बाँडिन्छ जसलाई तोसानाङबा रेम भनिन्छ । मण्डपमा बसेका बेहुलाबेहुलीले अगाडि भएका बुम्बा (कलश), हतियार र सगुन हरुको पूजा गर्दछन् । पूजापछि केटीको सिउँदोमा सिँदुर हाल्ने पनि छ ।

यसपछि देवरले दुलहादुलहीको ३ पटक टाउको ठोक्काएपछि गान्बाहरुले सगुनमा राखिएका सामग्रीहरु मामा तथा मान्यवर गान्वाद्वारा वेहुला-वेहुली लाई खुवाउँछन् । त्यसपछि बेहुलाबेहुलीलाई ठाउँ साटासाट गरी वसाइन्छ । यिनै कार्यलाई नै लगन गरेको भनिन्छ ।

**परिवर्तन**

विवाहमा लगन कार्य कसरी गरिन्छ ? यसको विधि र प्रक्रिया विगत र वर्तमानमा कस्तो पाइन्छ ? परिवर्तनका कारणहरू के-के छन् ? भन्ने विषयमा गरीएको प्रश्नका आधारमा लगन कार्यलाई विगतदेखि वर्तमानसम्म पनि अपनाएको देखिन्छ तर यसभित्र रहेको सिन्दुर हाल्ने कार्यमा भने सिन्दुर नहाल्ने गरेकोबाट हुँदै वर्तमानमा सिन्दुर हाल्ने परम्परा रहेको । यसरी परिवर्तन हुनुमा मुख्यकारण हिन्दुधर्मको प्रभाव रहेको पाइन्छ । यसअलावा यस सम्बन्धी विषयको अध्ययनमा नमुना घरधुरीबाट प्राप्त मागीविवाहका ४९ जना महिलाको विवाहमा सिँदुरपोतेको अवस्थालाई निम्नबमोजिम तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.१४ अध्ययन क्षेत्रका मागीविवाहमा सिँदुरपोते प्रचलनको विवरण**

| **सिँदुरपोते भएको** | | **सिँदुरपोते नभएको** | | **जम्मा** | |
|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **३३** | **६७.३%** | **१६** | **३२.७%** | **४९** | **१००%** |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकामा उल्लेख भएको ४९ संख्या मागीविवाह भएका महिलाहरूको संख्या भएबाट तिनै महिलाको विवाहमा सिँदुरपोते भएनभएको अवस्थालाई तालिकामा उल्लेख भएअनुसार सिँदुरपोते भएको अवस्थामा संख्या बढी देखिएको छ भने सिँदुरपोते नभएको अवस्थामा संख्या कम देखिएको छ । विशेषगरी सिँदुरपोते नभएको पुरानो पिँढीमा संख्या बढी पाइन्छ भने भएकोमा नयाँ पिँढीमा बढी पाइन्छ । यसरी परिवर्तन हुनुमा मुख्यकारण हिन्दुकरण नै रहेको पाइन्छ ।

### १२) दुलहीलाई गृहप्रवेश, उपस्थित र मान्यवरको बिदाई

दुलहीलाई घर भित्राउँदा जग्गेदेखि मूलघरको भित्रसम्म सेतोकपडा विछ्छाई त्यसमाथि दियोमा चामल र चामलमाथि बत्ती राखी सगुनघडा बोकाएर मुलढोकाबाट घरभित्र लगिन्छ। यसमा केटी अगाडि र केटा पछाडि गरी हुन्छ । यसरी प्रवेश गर्दा दाहिने खुट्टाको पाइला अगाडि पारेर गर्नुपर्छ । यसपछि घरभित्र मामाले भान्जालाई पहिराइदिएको फेटा फुकाइन्छ । विवाहमा सामेल भएका मान्यवर, पाहुना र उपस्थित विशिष्ट मान्यजनहरूलाई दुलाहाको मूलसदस्यले ससम्मान नरमकरम सगुन र रेम राख्दै खादा पहिराएर बिदाई गर्दछन्। भने विवाहमा उपस्थित तथा जन्तीमा सामेल भएका र गाउँघरका युवायुवतीहरू रातभर सेलो गाउँदै नाँच्दै रात बिताउँछन् ।

**परिवर्तन**

जानकार व्यक्तिहरूसँग माथि उल्लेखित विषयमा बुझ्दा प्राप्त हुनआएका कुराहरूमा अध्ययनक्षेत्रमा यसप्रकारको चलन विगतदेखि वर्तमानसम्म पनि रहेको पाइन्छ भने वर्तमानमा केही परिवर्तन रहेको देखिन्छ । दुलहीलाई घरभित्र भित्राउने क्रममा मूलघरको पिँढीमा चामल, फुल, अबिर छर्किने र माटोको भाडोमा बत्ती बालिएको हुन्छ। घरभित्र छिर्नुपूर्व केटाका दिदीबहिनीहरूले मूलढोकालाई बन्द गरिदिएका हुन्छन् । सोहीवखत बेहुलाले दिदीबहिनीले कबुल गरेवमोजिम ( पछ्यौरा, चोली र पैसा) दिने भन्नेकुरामा सहमत जनाएपछि मात्र ढोका खोलिदिने कार्य रहेको पाइन्छ । यसरी सोही रातभर नाचगान हुने कुरामा आजभोलि पुरै रात नभइ केही समयमात्र नाचगान गर्नेगरेको पाइन्छ भने नाचगान गरेबापत केटाबाट पैसा मागगर्ने चलन रहेकोपनि पाइन्छ । उल्लेखित कुरामा परिवर्तन हुनुमा मुख्यगरी शहरीकरणसँगै हिन्दुधर्मको प्रभाव रहेको पाइन्छ ।

### १३) बुहारी भतेर र नाता चिनाउने काम

बुहारी भतेरको सुरुवातमा बेहुलाबेहुलीलाई यज्ञमण्डपमा २–२ भाग खाना राखी खान दिइन्छ। यसपछि नाता चिनाउने काममा बेहुलीले बेहुलालाई ढोग गरेपछि अगाडि बेहुला र पछाडि बेहुली भएर आफन्त र मान्यजनलाई सगुन र पैसा राखी ढोगगर्दै आशीर्वाद लिन्छन् । यसरी विवाहकार्य समाप्त हुन्छ भने यसपछिका केही कार्यलाई पनि विवाहकै प्रक्रियामा विवाहपछिका चरणहरू भनी उल्लेख गरिएको छ।

**परिवर्तन**

माथि उल्लेखित विषयमा जानकार व्यक्तिहरूसँग गरिएको छलफलबाट प्राप्त कुराहरुको आधारमा यसकार्यलाई अध्ययनक्षेत्रमा पनि विगतदेखि वर्तमानसम्म अनुशरण गरेको पाइन्छ भने यो प्रायः गरी बेहुली भित्राएको भोलिपल्ट हुने गरेको पाइन्छ। भने वुहारी भतेर खुवाउनको लागि नभई नातागोता चिनाउने कार्यलाई मुख्यकार्यको रुपमा लिने गरेको पाइन्छ। यससम्बन्धी कुरामा विगत र वर्तमानमा समान रहेको पाइन्छ ।

## ५.२.४ विवाह पश्चातका कार्यहरूमा आएको परिवर्तन

### १) दोबारीनिबारी

सामान्यतः विवाह भएपछि दुलाहाले दुलहीलाई लिएर केटीको माइतीघर जाने कार्यलाई तामाङसमाजमा देवारीनिवारी भनिन्छ। यसैक्रममा बेहुलाका मुख्य मानिस वा सम्धी-सम्धिनी पनि पुग्ने गरेको प्रचलन पाइन्छ। बिहेको वेला प्रायः सम्धिनी भेट नहुनेहुँदा यतिखेर पुगेर ढोगभेट गर्दछन्। दुरानको वेला केटापक्षबाट एकसोली कोसेली लिएर जानुपर्छ भने केहीदिन त्यतै बसि आफूसँगै श्रीमतीलाई लिएर फर्कनुपर्छ। भने त्यसदिन विवाहित छोरीचेलीले ल्याएको कोशेलीको विशेष महत्व हुनेपनि पाइन्छ। किनकी उक्त सगुन कोसेली ग्रहण नगरेसम्म मैयुङ (दाजुभाइ ) हरुले छोरीचेलीको मुख हेर्नु हुँदैन भन्ने मान्यता पाइन्छ । सगुनलाई मुख्य दाजुभाइले उपस्थित व्यक्तिहरूको हातमा राखी छ्योत् गराएपछि बाढेर खान्छन् ।

**परिवर्तनं**

अध्ययनक्षेत्रका जानकार व्यक्तिहरूसँग दुरान फर्काउने विधि र प्रक्रिया विगत र वर्तमान अवस्थामा के-कस्तो पाइन्छ ? परिवर्तन के कारणले भयो भन्ने विषयमा गरिएको प्रश्नबाट प्राप्त कुराहरूमा दुरान फर्काउने कार्यलाई विगतदेखि वर्तमानसम्म चल्तीमा ल्याइएको पाइन्छ भने त्यसभित्र रहेका मान्यता र विचारहरूको फरकपनले वर्तमानमा भने सहजता प्रदान गरेको पाइन्छ। किनकी यसप्रकारको संस्कारित कार्यमा लगिने कोशेलीमा पनि पहिलाको भन्दा केहि फरकरुपमा कोसेली लगिनेगरेको पाइन्छ। यसका साथै उक्त लगिने कोसेली दुलहीपक्षका दाजुभाइले ग्रहण नगरेसम्म छोरीचेलीको मुख हेर्नुहुँदैन भन्ने पुरानो मान्यतामा परिवर्तन भई सहजरुपमा लिनेगरेको पाइन्छ। यसरी जाँदा बेहुलाबेहुलीलाई स्वागतगर्ने र बेहुलाबेहुलीलाई भित्राउने चलनको विधि र प्रक्रिया यथावत् नै रहेको पाइन्छ। र ल्याएको कोशेलीलाई सबैजना दाजुभाइ मिली बाँडिचुँडी खाने

गरेको पाइन्छ । यसरी परिवर्तनहुनुमा चेतनाको विकास तथा शहरीकरण र आधुनिकीकरण प्रमुखकारणका रुपमा रहेको पाइन्छ ।

**२) वर्षेडाङ**

यस जातीमा विहेपश्चात विहेगरेको वर्षदिनमा एकखसी, एकसोली रोटी र एकगाग्रो रक्सी लिई माइती जानुपर्दछ । यो चलन भने सबैठाउँका तामाङहरुमा पाइदैन । भने कतैकतै छोरा पाएपछि माइती कहाँ बुछ्याङडाङ लगेर जाने गरेको पनि पाइन्छ । यसरी लगिएको कोसेलीहरू माइतीलाई बुझाएपछि माइतीले आफ्नो क्षमताअनुसार चेलीलाई लुगाफाटो, भाँडावर्तन, गाई, भैँसी लगायतका अन्य उपयोगी सरसामान लगायतका जिन्सी तथा नगद दिने गर्छन् । यसरी दिने जिन्सी, वस्तु र नगदमा पनि ठाउँअनुसार फरक-फरक पाइन्छ ।

**परिवर्तन**

वर्षेडाङ हुन्छकी हुँदैन भन्ने विषयमा जानकारहरुसँग गरिएको प्रश्नका आधारमा तामाङजातिको मागीविवाह संस्कार अन्तर्गत वर्षेडाङभित्रको संस्कृति रहेतापनि अध्ययनक्षेत्रमा भने यसप्रकारको कार्य नहुने र चलनमा समेत रहेको पाइँदैन । यसोहुनुमा तामाङसमाजमा भौगोलिकता र क्षेत्रीयताको आधारमा रहेका विभिन्न संस्कारित कार्यहरूमा रहेको विभिन्नता तथा फरकपन हो ।

## ५.३ आर्थीक पक्षमा आएको परिवर्तनहरू

### ५.३.१ मागीविवाह खर्चमा आएको परिवर्तन

यस विषयको अध्ययनको लागी अध्ययनक्षेत्रका जानकारहरुसँग विगत र वर्तमानमा विवाहमा हुने खर्च के-कति पाइन्छ र परिवर्तनका कारणहरू के-के हुन सक्छन् भन्ने विषयमा गरिएको छलफलबाट प्राप्त कुराहरूमा विगतमा हुने मागीविवाहका प्रक्रियाहरूमा कोसेली तथा रीतभात गराउँदा खर्च धेरै हुने । वर्तमानमा मागीविवाहमा उल्लेखित कुराहरूमा खर्च कम हुने भएपनि अन्य विविधखाले संस्कार र संस्कृतिको कारणले खर्चमा वृद्धि हुने पाइन्छ । यसोहुनुमा मुख्यरूपमा शहरीकरण, आधुनिकीकरण, हिन्दु धर्मसंस्कृतिको प्रभाव, पश्चिमीकरण लगायत देखासिकी र व्यक्तिमा आएको सामाजिक-आर्थिक तथा सांस्कृतिक परिवर्तन रहेको पाइन्छ । यसरी परिवर्तन सम्बन्धी कुराहरूमा अनुमानित खर्चका आधारमा प्राप्त कुराहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१५ अध्ययन क्षेत्रका मागीविवाहमा हुने खर्चको तुलनात्मक विवरण**

| **अवस्था** | **विगत (अनुमानित खर्च रकम)** | | **वर्तमान (अनुमानित खर्च रकम)** | |
|---|---|---|---|---|
| | न्यूनतम | अधिकतम | न्यूनतम | अधिकतम |
| **सामान्य** | १५, ००० | ३०, ००० | ५, ००, ००० | १५, ००, ००० |
| **मध्यम** | ३०, ००० | ६०, ००० | १५,००,००० | २५, ००, ००० |
| **उच्च** | ६०, ००० | ६०, ००० देखि माथि | २५,००,००० | २५, ००, ००० देखि माथि |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

उल्लेखित तालिकामा हेर्ने हो भने विगतमा हुने सामान्य, मध्यम र उच्च अवस्थामा न्यूनतम र अधिकतम खर्चको विवरणमा १५, ००० देखि लिएर ६०, ००० वा सोभन्दा माथि रहेको देखिन्छ भने सोही अवस्थामा वर्तमानमा हेर्ने हो भने ५, ००, ००० देखि शुरु भएर २५, ००, ००० वा सो भन्दामाथि खर्च हुनेगरेको देखिन्छ। यसअलावा अरुको देखासिकी र आफ्नो इज्जत राख्नको निम्ति भएपनि निम्न अवस्थाकाले विगतमा धेरै खर्च गरेको पाइन्छ भने वर्तमानमा अनावश्यक खर्चलाई कटौती गरी सामान्य हिसाबबाट उच्च अवस्थाकाले  खर्च गरेको पाइन्छ। यसरी समग्र अवस्थामा परिवर्तनका कारणहरूमा शहरीकरण,  आधुनिकीकरण, पश्चिमीकरण र देखासिकी नै प्रमुख कारणका रुपमा रहेको पाइन्छ ।

### ५.३.२ मागी विवाहमा दाइजोमा आएको परिवर्तन

यस सम्बन्धी विषय अध्ययनक्रममा मुख्य-अध्ययनक्षेत्रका जानकारहरुसँग बुझ्दा विगतमा यस जाती समुदायमा दाइजोप्रथा नभएपनि वर्तमानमा भने दाइजो लिनेदिने गरेको पाइन्छ। जसमा आफ्नो  आर्थिक क्षमता र दक्षता अनुसार रहेको पाइन्छ। भने नयाँपिँढीले यस कार्यलाई नरुचाउने गरेसँगै विस्तारै भुल्दै गइरहेको पनि पाइन्छ। यसरी परिवर्तनहुनुमा मुख्यकारण अन्य धर्मसंस्कृतिको प्रभाव तथा आधुनिकीकरण हुँदै वर्तमान पिँढीमा आएको चेतनाको विकास रहेको पाइन्छ ।

## ५.४ मागीविवाह परिवर्तनका कारणहरू

"तामाङ जातिमा मागी विवाह संस्कृतिमा आएको परिवर्तन" विषयको अध्ययनको क्रममा अध्ययन क्षेत्रका तामाङ जातिहरूको मागी  विवाह संस्कृति र सोअन्तर्गतका विभिन्न कार्यहरूलाई मुख्य आधारको रुपमा लिई अध्ययन गरिएको थियो। समाज गतिशील संस्था हो र परिवर्तन नितान्त र अपरिहार्य भयसँगै समाज तथा सामाजिक कार्य, संस्कार संस्कृतिमा पनि परिवर्तन हुनेगर्दछ। परिवर्तन गराउनको लागि विभिन्न किसिमका कारकतत्तवहरूको भूमिका रहेको पाइन्छ। यसरी

मुख्य जानकार व्यक्तिहरू तथा उत्तरदाताहरु वाट प्राप्त कुराहरूको आधारमा यसक्षेत्रका तामाङ समुदायमा पनि मागीविवाह संस्कृतिमा परिवर्तन पाउन सकिन्छ। परिवर्तनका कारणहरू र त्यसको प्रभावको अवस्थालाई निम्नानुसार तालिकामा उल्लेख गर्न सकिन्छ।

**तालिका ५.१६ अध्ययन क्षेत्रका तामाङहरुको मागिविवाहमा आएको परिवर्तन र परिवर्तनका कारणहरू**

| परिवर्तनका मुख्य विषयहरू | मुख्य कारणहरू |
|---|---|
| विवाह र मागिविवाह सम्बन्धी धारणामा आएको परिवर्तन | शिक्षा तथा चेतनाको विकास |
| विवाहका प्रकारहरूमा आएको परिवर्तन | पश्चिमीकरण र आधुनिकीकरण |
| विवाहमा ल्हो र खाम हेर्ने सम्बन्धी आएको परिवर्तन | आधुनिकीकरण र शिक्षा तथा चेतनाको विकास |
| मामा फुपू-चेला चेली विवाहमा आएको परिवर्तन | हिन्दकरण र शिक्षा तथा चेतनाको विकास |
| विवाह गर्ने स्थान र त्यसमा आएको परिवर्तन | शहरीकरण, पश्चिमिकरण र हिन्दुकरण |
| विवाह गर्ने उमेर र त्यसमा आएको परिवर्तन | वैज्ञानिकीकरण र शिक्षा तथा चेतनाको विकास |
| विवाह कार्यमा मुख्य भूमिकाका व्यक्तिहरू र भूमिकामा आएको परिवर्तन | सामाजिक-आर्थिक तथा राजनैतिक परिवर्तन र सांस्कृतिक ज्ञानको पुस्तान्तरण नहुनु |
| विवाह गरिने स्थानहरूमा आएको परिवर्तन | आधुनिकीकरण र प्रविधिको विकास |
| विवाहमा परम्परागत पोसाक र त्यसमा आएको परिवर्तन | पश्चिमीकरण तथा देखासिकी र आधुनिकीकरण |
| मागी विवाहमा जोडी छनौटमा आएको परिवर्तन | शिक्षा तथा चेतनाको विकास र पश्चिमीकरण |
| मागी विवाहमा लमीको भूमिकामा आएको परिवर्तन | शिक्षा तथा चेतनाको विकास |
| मागी विवाहमा निम्ताउने विधिमा आएको परिवर्तन | प्रविधिको प्रयोग र आधुनिकीकरण |
| मागिविवाहमा बजाइने बाजामा आएको परिवर्तन | पश्चिमीकरण र हिन्दूकरण |
| मागिविवाहमा सिँदुरपोतेमा आएको परिवर्तन | हिन्दूकरण |
| मागिविवाहमा हुने खर्चमा आएको परिवर्तन | शहरीकरण तथा देखासिकी र नक्कल |
| मागिविवाहमा उमेरअन्तर मा आएको परिवर्तन | शिक्षा तथा चेतनाको विकास |
| मागिविवाहमा दाइजोमा आएको परिवर्तन | हिन्दूकरण तथा आर्थिक परिवर्तन |
| मागिविवाह कार्यको समयावधि र गरिने कार्यमा आएको परिवर्तन | झन्झटिलो महसुस गर्नु र सांस्कृतिक कार्यमा उपस्थितिमा कमी हुनु |
| मागिविवाह कार्यका विधि र प्रक्रियामा आएको परिवर्तन | पुस्तान्तरण सम्बन्धी ज्ञानको कमी हुनु र आधुनिक मानसिकता |
| मागिविवाह मा प्रयोग हुने रीत र कोशेलीहरुमा आएको परिवर्तन | शहरीकरण तथा बजारीकरण |

**(स्रोत : स्थलगत सर्वेक्षण, २०७८)**

माथि उल्लेखित तालिकामा रहेका परिवर्तित कुराहरू र त्यससँगै जोडिएका कारणहरू विवाह तथा मागिविवाहमा अध्ययनक्षेत्रबाट प्राप्त गरिएका नतिजाहरू हुन। कतिपय एउटै परिवर्तित कुराहरूमा कारणहरू धेरै रहेको पाइनुका साथै एउटै कारणले पनि धेरैकुरा परिवर्तन गरेको पाइन्छ। समग्रमा हेर्ने हो भने परिवर्तनका कारणहरूमा आधुनिकीकरण, पश्चिमीकरण, हिन्दूकरण, शिक्षा

तथा चेतनाको विकास तथा पुस्तान्तरण सम्बन्धी ज्ञानको कमी नै मुख्य भूमिकामा रहेको पाइन्छ। यसका साथै परिवर्तनका कारणहरू र त्यसको असर सम्बन्धमा निम्नानुसार व्याख्या गरिएको छ।

## अध्ययन क्षेत्रको मागी विवाह परिवर्तनका कारणहरू र त्यसको प्रभाव

### १ शिक्षा तथा चेतनाको विकास

शिक्षा तथा चेतनाको विकासले विवाह र मागी विवाह सम्बन्धी धारणामा परिवर्तन, विवाहमा ल्हो र खाम हेर्ने सम्बन्धी धारणामा आएको परिवर्तन, विवाहमा जोडी छनौटमा आएको परिवर्तन, विवाह गर्ने उमेर र त्यसमा आएको परिवर्तन, मागी विवाह उमेर अन्तरमा आएको परिवर्तन आदि हुनुले अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदातावाट प्राप्त हुन आउँछ। जसमा शिक्षा तथा चेतनाको क्रमश विकास हुँदा उनीहरूको विवाह तथा मागी विवाह सम्बन्धी धारणामा परिवर्तन आएको छ जसद्वारा विवाहमा ल्हो र खाम हेर्नुको सट्टा दुवैको शैक्षिक अवस्था तथा इच्छालाई प्रमुख मान्ने गरिएको पाइन्छ। जोडी छनौटका लागि बाबु आमा वा अन्य कसैको करकाप भन्दापनि स्वयम्को इच्छाबाट राजीखुशीले छनौट तथा विवाह हुने गरेको पाइन्छ। सानै उमेरमा हुने विवाहमा परिवर्तन भइ उमेर पुगेपछि अर्थात आर्थिक हिसाबमा सक्षम भएपछि विवाह हुने गरेको पाइन्छ। विवाहितामा धेरै उमेरअन्तर हुने कुरामा परिवर्तन भई कम उमेरअन्तरमा विवाह हुने गरेको पाइन्छ।

### २ पशिचमिकरण तथा देखासिकी र नक्कल

पश्चिमीकरण तथा देखासिकी कारणले विवाहका प्रकारहरूमा आएको परिवर्तन, विवाहमा परम्परागत पोशाक र त्यसमा आएको परिवर्तन, मागी विवाहमा बजाइने बाजाहरूमा आएको परिवर्तन आदि हुनुले अध्ययनक्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदातावाट प्राप्त हुन आउँछ। जसमा पशिचमिकरणको कारणले समाजमा वर्तमानमा मागी विवाह भन्दा प्रेम विवाहमा प्रचलन वढी आएको पाइन्छ। पाश्चात्य शैलीको अनुशरण तथा देखासिकी वा अन्य समुदायको देखासिकीमा विवाहमा लगाइने परम्परागत पोशाकमा परिवर्तन आएसँगै विवाहमा कोट, पाइन्ट र टाई को प्रयोग हुन थालेको पाइन्छ। विवाहमा बजाइने परम्परागत आफ्नो बाजा डम्फुरे लाई बिर्सियर पञ्चेबाजा, व्याण्ड बाजा तथा डेक र साउण्ड सिस्टमको प्रयोग भएको पाइन्छ।

**३ हिन्दु धर्म वा अन्य धर्मको प्रभाव**

हिन्दु धर्मको प्रभावको कारणले सिँदुरपोते मा आएको परिवर्तन, विवाह कार्य गर्ने स्थान र विवाह सम्पन्न गराउने व्यक्तिहरूमा आएको परिवर्तन, मामाफुपु चेलाचेली विवाहमा आएको परिवर्तन आदि हुनुले अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदातावाट प्राप्त हुन आउँछ । विवाहमा सिँदुरपोते नगर्ने तामाङ समुदायमा आजभोलि सिँदुरपोतेको प्रचलन बढेको पाइन्छ । आफ्नै समुदायमा आफ्नो घर वा गुम्बाबाट समेत हुने विवाह आजभोलि मठमन्दिर, पार्टी प्यालेस वा चर्चमा समेत हुने गरेको पाइन्छ भने विवाहकार्य सम्पन्न गराउनमा लामाको सहयोग र विधानमा परिवर्तन भई पण्डित तथा अन्य माध्यमद्वारा वा विधि–विधानमा समेत विवाह कार्य हुने गरेका पाइन्छन् । मामाफुपू चेलाचेली विवाह तामाङ समुदायमा प्रचलनमा भएसँगै यस क्षेत्रका तामाङमा पनि प्रचलनमा भएको कुरा विगतमा देखिन्छ भने वर्तमानमा अन्य धर्मको प्रभावसँगै चेतनाको विकासले यस सम्बन्धी कुरामा परिवर्तन रहेको पाइन्छ ।

**४ आधुनिकीकरण**

आधुनिकीकरण पनि पश्चिमीकरण कै रुपमा पनि लिन सकिन्छ । आधुनिकीकरणको नाममा विवाहमा लमीको प्रयोगमा आएको परिवर्तन, मागि विवाहका चरणगत कार्यहरूमा आएको परिवर्तन आदि हुनुले अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदातावाट प्राप्त हुन आउँछ । जसले गर्दा विगतमा हुने मागी विवाहमा लमीको रुपमा ताम्बाले विशेष भूमिकामा विवाहको कुराको छिनोफानो हुने गर्दथ्यो । अझ भन्ने हो भने लमीले मध्यस्थकर्ताको भूमिकामा जातीय रीतिथिति अनुरूप सम्पूर्ण कुराहरूलाई समेटेर लमीको कार्य गरेका हुन्थे तर वर्तमानमा भने आधुनिकीकरणको नाममा वा आधुनिक मानसिकताको कारणले लमीको भूमिकालाई अर्थहीन सम्झेर प्रयोग नगरेको पाइन्छ । जसबाट आफ्ना संस्कारगत कार्य लगायत सोअन्तर्गतका विधि विधानहरूमाथि क्रमश परिवर्तन हुँदै गएको पाइन्छ । यसका साथसाथै आधुनिकीकरणको कारणले कतिपय संस्कारगत कार्यहरूमा महत्वहीन सम्झेर बेवास्ता गरेसँगै ति कार्यहरूको बारेमा वर्तमानका पिँढीहरूमाथि ज्ञान नभएको पाइन्छ । फलस्वरुप आफ्नो जातिभित्रको संस्कारमा आउँदो पुस्तामा त्यो जानकारी नहुने समेत देखिन्छ ।

**५ शहरीकरण तथा बजारिकरण**

मागिविवाहमा हुने खर्चमा आएको परिवर्तन, मागिविवाहमा प्रयोग हुने रीत र कोशेलीमा आएको परिवर्तन आदि हुनुले शहरीकरण तथा बजारिकरणको रुपमा अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदातावाट प्राप्त हुन आउँछ । विगतमा जुनसुकै संस्कारगत कार्यहरूमा समाजका मानिसहरूको आपसी सहयोग र सहकार्यमा स्थानीय स्रोत र साधनहरूमा नै सम्पन्न हुने गरेकोमा वर्तमानमा भने शहरीकरण र बजारिकरणको कारणले मानवीय सहयोग तथा अन्य सहयोगका क्षेत्रहरू बजारिकरण वा सहरीकरण भएका छन । विवाहमा पार्टीप्यालेस र बजारबाट किनियका सामानहरुलाई महत्व दिन थालियसँगै स्थानीयस्तरका सामाग्रिहरुको उपयोग हुन छाडेको पाईन्छ । जसलेगर्दा मागी विवाहमा विगतमा भन्दा वर्तमानमा बढि खर्च हुने गरेको पाइन्छ । विवाहमा प्रयोग हुने रीत र कोशेलिहरु आफैले आफ्नै स्रोत र साधनद्वारा वनाईयको हुनाले त्यसले आफ्नो जातीय संस्कारको छुट्टै महत्व राखेको हुन्थ्यो तर वर्तमानमा भने ति वस्तुहरुको निर्माण तथा प्रयोगमा वजारीकरण हुन पुगेको पाइन्छ ।

**६ वैज्ञानिकरण तथा प्रविधिको प्रयोग**

वैज्ञानिकरण तथा प्रविधिको प्रयोगको कारणले विवाह गरिने स्थानहरुमा आएको परिवर्तन, विवाहमा निम्ताईने विधिमा आएको परिवर्तन आदि हुनुमा अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदाताबाट प्राप्त हुन आउँछ । विज्ञानप्रविधिले विस्व समुदायलाई साँघुरो तथा व्यक्तिको दैनिकिलाई सहज वनायतापनि कतिपय संस्कारहरुमा असर नगरेको चाँहि होईन । विगतमा विवाहमा निम्ता दिनको लागि सुपारी पठाउने चलन वा तामाङ समुदायभित्र कोसेली दिएर समेत निम्ता दिने प्रचलनमा परिवर्तन आइ कार्ड तथा नेट ईन्टर्नेटको प्रयोग गरी विभिन्न माध्यमले सुचना प्रेषण गरिने हुँदा निम्तादिने पुरानो चलनमा परिवर्तन आएको पाइन्छ ।

**७ सामाजिक-आर्थिक तथा राजनैतिक परिवर्तन**

सामाजिक-आर्थिक तथा राजनैतिक कारणले मागिविवाहमा दाईजोमा आएको परिवर्तन तथा विवाहमा गरिने खर्चमा आएको परिवर्तन आदि हुनुमा अध्ययनक्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदाताबाट प्राप्त हुन आउँछ । व्यक्तिमा आएको आर्थिक परिवर्तनले गर्दा विवाहमा अनावश्यक खर्च गर्ने परिपाटिमा विकास भएको छ जसलेगर्दा घरगाउँमा आफ्नै रितिथितिमा सम्पन्न हुने विवाह पार्टिप्यालेशमा आयातित विधि वा प्रक्रियामा वजारका स्रोत र

साधनद्वारा हुनाले विवाहका मौलिक पक्षमा असर परेको पाइन्छ। यसका अतिरिक्त तामाङ समुदायमा नभएको दाइजो प्रथा व्यक्तिमा आएको आर्थिक परिवर्तनले गर्दा दाइजो स्वरुप जिन्सी सामान वा नगद समेत दिने गरेको पाइन्छ । सामाजिक परिवर्तन अन्तर्गत समाज परिवर्तनको कुरा आउने हुँदा पहिलाको जस्तो समाज नहुनु अर्थात मिश्रित समाज हुनुले कतिपय अन्य समुदायका संस्कार संस्कृतिहरुलाई तामाङ समुदायले प्रयोगमा लिने गरेको पाइन्छ जसको उदाहरणको रुपमा हिन्दु धर्ममा आस्थावान समुदायको सिकोवाट यस क्षेत्रका तामाङ समुदायले विवाहमा जग्गे वनाउनु रहेको लाई लिन सकिन्छ । राजनैतिक परिवर्तनवाट देशमा धर्मनिरपेक्षता सम्बन्धी कुरामा राज्यले उदार भावना लिनुले वर्तमानमा एउटै समुदाय वा जातिभित्र विभिन्न धर्मको अनुसरण तथा प्रयोग गरिनु सँगै अध्ययन क्षेत्रमा पनि पाइन्छ । जस्तै क्रिश्चियन धर्मको अनुशरण गरेसँगै आफ्नो जातिभित्रका संस्कार र संस्कृतिमा ह्रास पुग्नु र त्यसको असर विवाहमा पनि देखिएको पाइन्छ ।

**८ पुस्तान्तरण सम्बन्धी ज्ञानमा कमी**

परिवर्तनको सबैभन्दा सापेक्षिक कारणमा यस कारणलाई लिईन्छ । जसको कारणले मागी विवाह कार्यका विधि र प्रक्रियामा आएको परिवर्तन हुनुमा अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदाताबाट प्राप्त हुन आउँछ। पुस्तान्तरण सम्बन्धी ज्ञानमा कमी हुनुमा पनि विभिन्न कारण रहेको पाइन्छ । संस्कारगत कार्यमा वर्तमान पिँढिले त्यसभित्रको प्रचलन विधि र प्रक्रिया भन्दापनि मनोरन्जनको पक्षलाई वढावा दिनु, संस्कारगत कार्यमा अनावश्यक र झन्झटिलो महसुश सँगै ति विधि र प्रक्रियामा जानकार हुन नचाहनु जस्ता पक्षले गर्दा मागिविवाहका चरणगत कार्य तथा विधिमा परिवर्तन आएको पाइन्छ। जसको ज्वलन्त उदाहरण अध्ययन क्षेत्रमा लामा काम जानेको व्यक्ति नहुनु, ताम्वाहरुमा पनि सबै प्रक्रिया र विधिहरुको ज्ञान नहुनु, विवाह कार्यका वखत भनिने ति खँदिला र मार्मिक अर्थयुक्त वाक्यांशहरु जुन जातीय पहिचान र चिनारीका स्रोत मानिन्छन तिनमा ज्ञान नहुनु आदिलाई लिन सकिन्छ । जसद्वारा विभिन्न विधि प्रक्रियामा लोप हुन थालेको पाइन्छ ।

**९ संस्कारगत कार्यमा उपस्थितिमा कमी**

परिवर्तनको कारणमध्ये संस्कारगत कार्यमा उपस्थितिमा कमीलाई पनि लिन सकिन्छ । जसवाट अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदाताबाट प्राप्त हुन आउँछ । यसकारणले गर्दा कतिपय कार्यहरूमा पुस्तान्तरण हुनसकेको छैन भने कतिपय अवस्थामा

संस्कारगत कार्यमा मानवीय कार्यहरूलाई बजारिकरण गरिएको पाइन्छ । यथार्थमा हेर्ने हो भने समाजमा हुने सामाजिक कार्यमा न्युन उपस्थिति हुदै जाँदा मानवीय सहयोगको निम्ति बजारिकरण हुने अवस्था आउने देखिन्छ । विगतमा संस्कारगत कार्यमा समाजका सबै व्यक्तिहरू ज्युँदाको जन्ती र मर्दाको मालामि भन्ने सामाजिक मान्यतावाट यकआपसमा सहयोग र सहकार्यवाट सामाजिक कार्य सु-सम्पन्न हुने गरेकोमा वर्तमानमा त्यस्ता कार्यमा उपस्थिति न्युन देखिनुले कतिपय संस्कारगत पक्षहरुमा लोप भएको पाईन्छ । जसले पुस्तान्तरणमा समेत असर पुगेको देखिन्छ ।

**१० संस्कारगत कार्यमा रहेको भौगोलिक भिन्नता**

केही संस्कारगत कार्यहरु प्रचलनमा नरहनुवाट यससम्बन्धी कारणलाई लिन सकिन्छ । जसको कारणले अध्ययन क्षेत्रको मागी विवाह संस्कृतिलाई प्रभाव पारेको कुरा उत्तरदाताबाट प्राप्त हुन आउँछ । जस्तो वर्षेडाङ तामाङ जातिभित्रको यक संस्कारका रुपमा अन्यत्र प्रचलनमा रहेको पाइन्छ तर यही कुरा अध्ययन क्षेत्रमा प्रचलनमा नहुनुले यो के हो ? कसरी हुन्छ ? भन्ने अवस्था रहेको पाइन्छ । जसवाट भावि पिँढीहरूमाथि पनि यसको प्रभाव पर्ने हुनाले मागी विवाहभित्रको यो कार्य हराउने देखिन्छ ।

# अध्याय : छ

# अध्ययनको सारांश, मुख्य प्राप्ती र निष्कर्ष

## ६.१ सारांश

यस अध्ययन नेपालमा रहेका विभिन्न जनजातिहरू मध्ये तामाङजाति सँग सम्बन्धित मागीविवाह संस्कृति मा आधारित छ । स्वदेश तथा विदेशमा समेत रहेका तामाङ जातिहरूको मागीविवाहका संस्कारित पक्ष अध्ययन गरी परिवर्तनका कारणहरूलाई पहिचान तथा परिवर्तनका पक्षहरूको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यसरी अध्ययन अनुसन्धान गर्नेक्रममा समग्र तामाङजाति समुदायको मागी विवाह संस्कृतिको अध्ययनका विधि, प्रक्रिया र पद्धतिहरूको विषयमा विभिन्न अध्ययनबाट प्राप्त कुराहरूलाई मुख्य आधार मानी सोही सम्वन्धिका कुराहरूलाई अध्ययनक्षेत्रमा प्रतिस्थापन गरिएको छ भने विगत र वर्तमान अवस्थामा परिवर्तन र सोका कारणहरूको सम्बन्धमा अध्ययनक्षेत्रमा रहेका जानकारव्यक्तिहरु (ताम्वा, बूढापाका र बुद्धिजीवीहरू सँग) छलफल, प्रश्नोत्तर र कुराकानि बाट आएका कुराहरूलाई समावेश गरिएको छ । उद्देश्यमूलक अनुसन्धानको लागी भने अध्ययनक्षेत्रका घरधुरीका नमुना घरधुरीमा रहेका जनसंख्या अन्तर्गतका विभिन्न सुचाङ्कहरुलाई विषयवस्तुअनुसार तालिकीकरण एवम् व्याख्याविश्लेषण गरिएको छ ।

अध्ययनक्षेत्र काठमाण्डौ सहरदेखि नजिक रहेतापनि विकासको अवस्थामा भने सोचेअनुसार रहेको पाइदैन भने यसमापनि विकसित क्षेत्र र अर्ध - विकसित क्षेत्र रहेको पाइन्छ । यसरी काठमाण्डौ जिल्लाभित्र नागार्जुन नगरपालिकामा अवस्थित यसक्षेत्रमा वर्तमानमा भने बाहिरका विभिन्न जिल्लाहरू बाट समेत बसाइसराइ गरी आउनेगरेको विभिन्न तथ्याङ्कको माध्यमबाट थाहा हुन्छ । फलस्वरुप वर्तमानमा विभिन्न जातजातिका मानिसहरूको बसोवास रहेता पनि जनजातिमा सबैभन्दा धेरै तामाङ जातिका मानिसहरूको संख्या रहेको देखिएको छ । यहाँ रहेका मानिसहरूको मुख्य पेशा कृषि रहेता पनि वर्तमानमा रोजगार, व्यापार तथा ज्याला मजदुरी लगायतका आयमूलक पेशाहरू वर्तमानमा अँगालेको देखाएकोछ । यसक्षेत्रमा रहेका तामाङ जातिको समग्र आर्थिक

अवस्थामा मध्यम अवस्था रहेको छ भने शैक्षिक अवस्था मा विगतको भन्दा वर्तमानमा उल्लेख्य वृद्धि भएको छ। काठमाण्डौ रिङरोडदेखि करिव १२-२५ किलोमिटर टाढासम्म रहेको यसक्षेत्रमा भने काठमाण्डौ शहरबाट आएका र अन्य  जाति समुदायका विभिन्न संस्कार तथा संस्कृतिलाई भने अनुशरण तथा अवलम्बन गरिएको पाइन्छ ।

## ६.२ मुख्य प्राप्ती

यसरी विभिन्न संस्कार/संस्कृति मध्ये अध्ययनक्षेत्रमा रहेका तामाङ समुदायको मागी विवाह संस्कृति अन्तर्गतका कुराहरूमा परिवर्तनका मुख्य पक्षहरू निम्नानुसार छन् ।

**१) विवाह तथा मागीविवाह सम्बन्धी धारणामा परिवर्तन**

- विवाहकै सन्दर्भमा पुरानो पिँढी र नयाँ पिँढीमा रहेको धारणागत फरकपनसँगै पुरानो पिँढीमा अति प्रचलित मागीविवाह तथा भागीविवाह वर्तमान पिँढीमा प्रेमविवाह बढी प्रचलनमा रहेको छ भने त्यसमा पनि अन्तर्जातीय प्रेमपछि विवाह पनि रहेको छ ।

- विवाहमा झै मागीविवाहमा पनि पुरानो पिँढी र नयाँ पिँढीमा रहेको धारणागत फरकपनसँगै मागीविवाह का विगतका विधिविधान तथा प्रक्रियाहरूमा झन्झटिलो महसुस भएबाट पुस्तान्तरणमा कमी आएको छ। जसबाट मागीविवाह गर्नेको सङ्ख्यामा कमी आएको छ ।

**२) मागीविवाह सम्पन्न गर्न लाग्ने समयसीमा तथा विधिविधानमा परिवर्तन**

विगतमा धेरै लामो गरी हुने मागीविवाहमा सम्पूर्ण विधि तथा विधान हुने गरेको तर वर्तमानमा कम समयमै मागीविवाह हुनेगरेको पाइन्छ भने कतिपय संस्कारगत कार्यहरूमा विधिमात्रै पुर्याय जस्तो पाइन्छ।

**३) मागीविवाहको उमेर, उमेरअन्तर र रोजाइ / खुशीमा आएको परिवर्तन**

पुरानो पुस्तामा वाल्यकालमा नै पोङ लगाई, उमेरअन्तर धेरै भएपनि र अभिभावकको खुशी र रोजाईमा समेत हुनेगरेको मागीविवाह वर्तमानमा उमेर पुगेपछि, कम उमेरअन्तर वा बराबरी उमेर समेतमा र दुवैको राजी खुशीमा हुनेगरेको पाइन्छ ।

**४) मागीविवाहमा वर वा वधू छनौटमा आएको परिवर्तन**

मामाफुपू-चेलाचेली बिच वा सजातियमा मात्र हुने विगतको मागीविवाह वर्तमानमा भने मामापफुपू-चेलाचेली विच हुने विवाह ज्याँदै कम हुनुका साथै अन्तर्जातीय प्रेमलाई पनि मगनी गरी विवाहमा परिणत गरेको पाइन्छ ।

**५) बहुविवाह र पुनःविवाह सम्बन्धी आएको परिवर्तन**

विगतमा हुनेगरेको बहुविवाहका घटनाहरूमा वर्तमानमा कमी हुनुका साथै पुनःविवाह गर्ने अवस्थामा कानुनवमोजिम रही मागीविवाह समेत वर्तमानमा गर्ने गरेको पाइन्छ ।

**६) विवाह गर्ने स्थान, विवाहमा हुने खर्च र विवाह सम्पन्न गराइने माध्यममा आएको परिवर्तन**

विगतमा मागीविवाह विशेषगरी घरबाट (गुम्वाबाट समेत) कमखर्चमा हुने र लामा, ताम्वा तथा मामाको भूमिकामा सम्पन्न गराइने विवाह वर्तमानमा पार्टी प्यालेस, मन्दिर लगायत अन्य ठाउँबाट बढी खर्चमा पण्डित तथा अन्य व्यक्तिको भूमिकामा समेत सम्पन्न हुनेगरेको पाइन्छ ।

**७) मागीविवाहमा बजाइने बाजा, लगाइने पोशाक र सिँदुरपोतेमा आएको परिवर्तन**

विगतमा डम्फुसेलोको तालमा हुने नाचगान, लगाइने आफ्नै जातको परम्परागत पोशाक र सिँदुरपोते नहुनेमा वर्तमानमा भने विभिन्न बाजागाजाको साथमा नाचगान, परम्परागत पोशाकको सट्टा कोटपाइन्ट र टाई लगायत अन्य पोशाकको प्रयोग र विवाहमा सिँदुरपोतेसमेत हुनेगरेको पाइन्छ ।

**८) मागीविवाहमा प्रयोग हुने लमी, लगिने रीत र कोसेलीहरू र विवाह गरिने स्थानहरूमा आएको परिवर्तन**

विगतमा लमीको काम ताम्वाले, तोकिए बमोजिमका रीत र कोसेलीहरू र वरपरका क्षेत्र तथा स्थानबाट मात्र गरिने विवाह वर्तमानमा विना लमी वा लमी आफन्तजनबाट, आफूले सक्दो वा कम मात्रामा र अन्य टाढाका जिल्लाहरू वा विदेशबाट समेत गरी विवाह हुनेगरेको ।

**९) मागीविवाह अन्तर्गतका संस्कारगत कार्यहरूमा प्रयोग हुने मुख्य शब्दावलीका वाक्यांशहरू, निम्ताउने तरिका र दाइजोको कुरामा आएको परिवर्तन**

विगतमा विवाह कर्मकाण्डमा भनिने मुख्य शब्दावलीका खँदिला र सुहाउँदा वाक्यांशहरू, आफन्त इष्टमित्र वा छरछिमेकको लागि बिहेको निम्तो गर्ने परम्परागत तरिका र विना दाइजो ( तर छोरीको लागि दिइने बस्तुभाउ, भाँडावर्तन र लुगाफाटो ) गरी गरिने विवाह वर्तमानमा भने ति परम्परागत वाक्यांशहरूको प्रयोग नभई सामान्य कुराहरूमात्रै, निम्ताउने तरिकामा कार्ड वा नेट इन्टरनेटको प्रयोग र दाइजोस्वरूप गरगहना, जिन्सी सामानहरू र पैसा पनि लिनेदिने गरेको जस्ता कुराहरू हुने पाइन्छ ।

**१०) विवाहमा ल्हो, खाम र स्वभाव सम्बन्धी कुराहरू मा आएको परिवर्तन**

विगतमा मागीविवाह क्रममा लामाद्वारा हुनेवाला बेहुलाबेहुली को ल्हो, खाम र स्वभाव हेरी विवाह जुर्ने / नजुर्ने र विवाह हुने भए तिथिमिति तय गरिने विभिन्न कार्यहरूमा वर्तमानमा भने ल्हो, खाम र स्वभाव भन्दापनि हुनेवाला जोडीको शिक्षा, वानिव्यवहार, पेशा लगायतका कुराहरूको आधारमा दुवैपक्षको सहमतिमा विवाह साईतको दिन पारी विवाह हुनेगरेको पाइन्छ ।

यि विभिन्न कुराहरूमा देखिएको परिवर्तनहरूमा परिवर्तनका मुख्य कारणहरू समग्ररुपमा निम्नानुसार रहेका छन् ।

१) आधुनिकीकरण ।

२) पश्चिमीकरण तथा देखासिकी र नक्कल ।

३) सामाजिक, आर्थिक तथा राजनैतिक परिवर्तन ।

४) वसाइसराई ।

५) ईशाइकरण ।

माथि उल्लेखित परिवर्तनका कारणहरूमा कुनै कारणहरू सकारात्मक परिवर्तनका रुपमा रहेका देखिन्छन् जसले संस्कार/संस्कृति भित्रका कार्यहरूलाई समयसापेक्ष र यथोचित परिवर्तनमा सहयोग पुर्याएका देखिन्छन् भने कतिपयले जातिभित्रको मौलिक पक्षमा ह्रास पुर्याएको देखिन्छ ।

## ६.३ निष्कर्ष

नेपालमा रहेका विभिन्न जातजातिहरूमा विभिन्न किसिम र माध्यमद्वारा विवाह कार्य सम्पन्न हुने गरेका पाइन्छन् । विगत र वर्तमानमा भएका र हुने गरेका विभिन्न विवाह मध्ये तामाङ जातिभित्रको आफ्नै मौलिक संस्कार र संस्कृतिमा हुने गरेको मागिविवाह पनि एक हो । अध्ययन क्षेत्रमा विगतमा भएका र वर्तमानमा समेत प्रचलित मागि विवाह संस्कृति अन्तर्गतका विभिन्न चरणगत कार्यका आधारमा तिनीहरूमा आएको परिवर्तन र परिवर्तनका कारणहरू मा कतिपय परिवर्तन यथोचित र समयसापेक्ष रहेको पाइन्छ भने केहीमा मौलिक संस्कृतिलाई नै परिवर्तन गर्न खोजेको पाइन्छ । जुनकुरालाई निम्नानुसार निष्कर्षका रुपमा उल्लेख गर्न सकिन्छ ।

- शिक्षा तथा चेतनाको विकास सँगै व्यक्तिमा आएको धारणाको विकासबाट मागिविवाह संस्कृति का कतिपय अनावश्यक अर्थहीन कार्यहरूमा स्तरीय विकास भएको देखिन्छ ।

- अन्य धर्म तथा संस्कार संस्कृतिको असरबाट आफ्नो मौलिक पक्षलाई बिर्साएर अन्य धर्म,संस्कार र संस्कृतिका विविध कार्यलाई मागिविवाह संस्कृतिमा समेत अनुसरण गर्दै गएको देखिन्छ ।

- पश्चिमीकरणको प्रभाव तथा असरमा अनुसरण र नक्कल गर्ने बानीमा विकास भई मागिविवाहको संस्कारगत कार्यमा खर्चिलो हुँदै गएको देखिन्छ ।

- बजारिकरण तथा शहरीकरण ले आफ्नो मौलिक तथा स्थानीय संस्कृतिमा आधारित मागिविवाह संस्कृतिमा प्रतिकुल असर पुगेको देखिन्छ । जसबाट स्थानीय परिचय तथा स्थानीय जातियतामा आधारित मागिविवाह संस्कृति विचलित बनेको देखिन्छ ।

- बसाइँसराइको कारणले धार्मिक सामीप्यता तथा सहिष्णुताको भावनामा विकास गराएतापनि आयातित धर्म संस्कृतिको असर स्थानीय संस्कृतिमा देखिनुले जातीय पहिचान सङ्कटमा परेको देखिन्छ । जसको प्रत्यक्ष असर मागिविवाह संस्कृतिमा पनि रहेको पाइन्छ ।

- पुस्तान्तरण सम्बन्धी ज्ञानको कमीबाट आफ्नो जातीय संस्कार संस्कृतिका विभिन्न कार्यहरूको बारेमा नयाँ पिँढीमा ज्ञान नहुनाले आफ्नो संस्कार र संस्कृति के कस्तो थियो ? भन्ने कुरामा अनविज्ञ जस्तै बन्दै गएको अवस्था पाइन्छ । जसबाट कालान्तरमा आफू को हो र आफ्नो धर्म संस्कृति के हो भन्ने नै थाहा नहुने अवस्था नहोला भन्न सकिन्न । जसको परिणाम मागिविवाह संस्कृतिमा पनि नहोला भन्न सकिदैन ।

- आधुनिकीकरणले सभ्य र विकसित हुने मान्यता राख्ने भएपनि कतिपय अवस्था र कारणले गर्दा आधुनिकताको नाममा मौलिकपक्ष हराउँदै गएको कुरा मागिविवाह संस्कृतिमा पनि  देखिन्छ। जसले गर्दा पहिचानयुक्त विशेषताहरूमा आधुनिकताको नाममा विभिन्न विकृति सिर्जना भएको देखिन्छ।

- संस्कारगत कार्यमा उपस्थितिमा कमी हुनु भनेको व्यक्ति आफ्नो मौलिक संस्कारका ज्ञानबाट पर भाग्नु जस्तै हो किनभने आपसी सहकार्य र सहयोगमा सम्पन्न हुने संस्कारगत कार्यमा सामूहिक भावना हराउँदै गई व्यक्तिवादी तथा बजारवादी भावनाको विकास भएको पाइन्छ। जसले गर्दा मागि विवाह संस्कृतिमा पनि पहिचानयुक्त विशेषता मेटिँदै गएको देखिन्छ।

- सामाजिक, आर्थिक र राजनीतिक परिवर्तनले देश, समाज हुँदै व्यक्तिमा पनि सोही अनुरूप परिवर्तन हुने कुरालाई नकार्न सकिदैन। जसको प्रतिकुल असर मागिविवाह संस्कृतिमा पनि रहेको पाइन्छ। फलस्वरुप  सामाजिक व्यवस्था र अवस्था, राजनीतिक उद्देश्य, र अर्थतन्त्रद्वारा समाजका विविध पक्षमा परिवर्तन भएसँगै मागिविवाहका कार्य, पद्धति र व्यवस्थामा समेत परिवर्तन हुनुले सांस्कृतिक पाटोमा विखण्डन ल्याएको पाइन्छ।

- वर्तमानमा भने जातीय मुक्ति ,एकता र पहिचानका लागि भनेर विभिन्न संघ तथा संस्थाको माध्यमबाट जातीय हित ,संरक्षण र प्रवर्द्धनमा सामूहिक एकता, सहअस्तित्व र सदभाव कायम राखी सामूहिक पहिचानयुक्त विभिन्न संस्कारगत कार्यहरूको थालनी सँगै त्यहीअनुरूपको विधान तथा विधिलाई समुहका सबैले पालना गर्नेगरी मागिविवाह अन्तर्गतका संस्कृतिलाई पनि सामूहिक मान्यता बनाई सोहीअनुरूप प्रयोग गर्न थालिएसँगै सोसम्बन्धी कुराहरू पनि पाइन्छन्। जसले गर्दा पहिचानयुक्त सामूहिक मौलिक पक्ष भने सुरुवात भएको  पाइन्छ।

यसरी माथि उल्लेखित कुराहरूमा परिवर्तन अपरिहार्य र निश्चय मानिए तापनि समयसापेक्ष र यथोचित परिवर्तनलाई आत्मसाथ गर्दै आफ्नो मौलिक विशेषतायुक्त कुराहरूलाई संरक्षण र सम्वर्द्धन गर्न सके मात्र जातीय तथा राष्ट्रिय पहिचान प्राप्त गर्न सकिन्छ। जसबाट भावि सन्ततिहरुका लागि पनि आफ्नो पहिचान र अस्तित्व खोजिमा जटिलता नआउने देखिन्छ।

# सन्दर्भ ग्रन्थ सूचि


अधिकारी, रेशमराज र घिमिरे, हरीहर (२०५८); *नेपाली समाज र संस्कृति,* काठमाडौ : विधार्थि पुस्तक भण्डार ।

आचार्य, वलाराम (२०६५); *सामाजिक विश्लेषणको सैद्वान्तिक ढाँचा,* काठमाडौः सनलाइट पव्लिकेशन ।

आचार्य, वलाराम (२०७५); *नेपाली समाजको गतिशिलता,* काठमाडौ :नेशनल बुक सेन्टर ।

उपाध्याय, प्रकाश र अन्य (२०६७); *समाजशास्त्रका सैद्वान्तिक दृष्ट्रोकोण,* काठमाडौ : दिक्षान्त प्रकाशन ।

ओभ्का, नेत्रकुमार (२०७३); *समाजशास्त्रमा सैद्वान्तिक दृष्ट्रिकोणहरु,* काठमाडौ : देउराली प्रकाशन प्रा.लि. ।

केन्द्रिय तथ्यांक विभाग (२०७९) ; राष्ट्रिय जनगणना २०७८को प्रारम्भिक नतिजा, काठमाण्डौं : केन्द्रिय तथ्यांक विभाग ।

गोले, मोहन (२०७२); *तामाङको मौलिक संस्कृति,* ललितपुर : आदिवासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

चापागाई, निनू (२०६७); *सांस्कृतिक रुपान्तरण* काठमाडौ : खोजि प्रखाशन गृह प्रा.लि. ।

डेशेन, मेरि र वन्त, प्रत्युष (२०१७); *नेपालको सन्दर्भमा समाजशास्त्रिय चिन्तन,* काठमाडौ : हिमाल किताब प्रा.लि।

ढकाल, माधवप्रशाद र कोइराला, मातृकाप्रशाद (२०६८); *शिक्षाका आधारहरु,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

तामाङ, परशुराम (२०५१); *तामाङ जाति,* काठमाण्डौ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

तामाङ,परशुराम(२०७५); *तामाङ वंशावलि,* काठमाण्डौ : शैलुङ वुक्स प्रा.लि. ।

तामाङ, मोक्तान दुपवाङ्गेल (२०१३); *तामाङ संस्कृति-हिजो आज र भोलिको सन्दर्भमा,* ताप्लेजुङ : उर्भ्किला थेबे क्षितिज थेबे ।

तामाङ, रविन्द्र (२०५४); *तामाङ रिमठिम,* काठमाडौ : प्रतिभा समुह ।

तामाङ, रविन्द्र (२०५६); *पचास वर्ष,* काठमाडौ : शैलुङ बुक्स प्रा.लि. ।

तामाङ, रविन्द्र (२०७२); *तामाङ रिमठिम* काठमाडौ : शैलुङ बुक्स प्रा.लि. ।

तामाङ,रविन्द्र(२०७४); *तामाङ थर,* काठमाण्डौः शैलुङ वुक्स प्रा.लि. ।

तामाङ,राम बहादुर दोङ(२०७७); *तामाङ ब्रेलसाङला ह्वाई,* भारत : बुद्दछिरिङ तामाङ ।

तामाङ, सन्तोष कुमार वैध (२०७६); *विकासको पथमा तामाङ जाति,* काठमाडौः को को म्हेन्दो समाज, भोजपुर ।

तामाङ, सिङमान(ख्युङवा) (२०७६); *तामाङ जाति इतिहाँसदेखि वर्तमानसम्म,* काठमाडौ : स्वयम् लेखक ।

तामाङ, सिताराम(२०६०); *तामाङ उद्‌गम इतिहाँस र राष्ट्रियता,* काठमाण्डौ : प्रतिभा प्रकाशन ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (२०७७); *अनुसन्धान पद्दति,* काठमाडौ : पैरवि बुक्स हाउस प्रा.लि. ।

नागार्जुन नगरपालिका(२०७८) *नागार्जून नगर वडा ८ प्रोफाइल,* नागार्जुन नगर कार्यपालिकाको कार्यालय ।

प्रभात, विष्णु (२०६८); *समाज संस्कृति र नैतिकता,* काठमाडौ : कल्पवृक्ष प्रकाशन ।

पाण्डेय, मधुसुदन (२०६०); *नेपालका जनजातिहरु,* काटमाडौः पैरवि प्रकाशन ।

मिश्र चैतन्य (२०६७); वदलिँदो नेपाली समाज, काटमाडौःफाईन्प्रिन्ट ।

मोक्तान, धावा वाङ्गेल (२०७५)*; तम्बाला कइरन,* काठमाडौः सोसियो कल्चर रिसर्च सेन्टर प्रा.लि. ।

राष्ट्रिय मानव अधिकार आयोग (२०७५); *आदिवासि तथा जनजाती सम्वन्धि महासन्धि,१९८९ कार्यान्वियन अवस्था प्रतिवेदन ।*

लामा, मुकेश (२००८); *वार्ह ल्हो पाँच खाम र ल्होसार,* स्वयम् कृतिकार ।

विष्ट, डोर बहादुर (२०६४); *सबै जातका फुलवारी,* काटमाडौः हिमाल किताब प्रा.लि. ।

शर्मा, कमलराज (२०५७); *नेपाली समाज र संस्कृति समाजशास्त्रिय तथा मानवशास्त्रिय दृष्ट्रिकोण* काठमाडौः पैरवि

शर्मा, जनकलाल (२०७७); *हाम्रो समाज एक अध्ययन:* काठमाण्डौःसाझा प्रकाशन ।

शर्मा, शरदचन्द्र (२०४५); *नेपाल र यसका निवासि,* काठमाडौ : संचार मन्त्रालय मुद्रण तथा प्रशारण विभाग ।

शर्मा, नगेन्द्र (२०५२); *नेपाली जनजीवन,* काठमाडौ : साझा प्रकाशन ।

## अनुसूची – १ पारिभाषिक तामाङ शब्दावली सूची विवरण

| तामाङ – नेपाली | तामाङ – नेपाली |
|---|---|
| लामा- बुद्धधर्म सम्बन्धी ज्ञाता पुरोहित | ताम्वा- पुर्ख्यौली ज्ञान भएको व्यक्ति |
| गान्वा- बूढो माननीय व्यक्ति | वोन्वो- धामी / झाँक्री काम जान्ने व्यक्ति |
| व्रेल्वा/ व्रेल्साङ-विवाह | पोङ-सगुन |
| डाङ- कोसेली | छ्योत-चढाउनु |
| रुइ-हाड/थर | भुम्वा/वुम्वा-कलश |
| डम्फु-तामाङ जातिको मुख्य बाध साधन | सेलो-तामाङ भाषा, भाका र लयमा गाइने गीत |
| कोकोम्हेन्दो-टोटोलाको फुल | म्हुइम्हेन्दो- चाँदीको फुल |
| म्हारम्हेन्दो- सुनको फुल | फो ल-कुल देवता |
| चरतम्-हुइ/थरको कुरा | रेम- सगुन |
| साङसेरगम- धुपद्वारा पुजा | छेसेरगम- पानीद्वारा पुजा |
| आस्याङ-मामा | लमी-विवाहमा मध्यस्थकर्ता |
| कर्जेल पोङ- मगनी पोङ | तामाङ रिमठिम -तामाङ संस्कृति |
| खाम-स्वभाव | ल्हो-जन्मवर्ष |
| स्वाँगे- दाजुभाइ | दोवारी निवारी- दुरान |
| तम् प्रत्पा-वाकदान | म्हेमे- पुर्खा |

फो-थासी(पेटकाटी)विवाह- दिदी भन्दा पहिला बहिनीको विवाह हुनु

## अनुसूची – २ निर्मित प्रश्नावली

का.जि.नागार्जुन नगरपालिका वडा नं.८ भिमढुङ्गा स्थित तामाङ समुदायमा तामाङ जातिको मागी विवाह संस्कृतिमा आएको परिवर्तनको सम्बन्धमा अध्ययन गर्न तयार प्रश्नावली ।

१. उत्तरदाताको नाम, थर ..............................................................................

२. ठेगानाः स्थाई ......................... जिल्ला ....................... गा.पा./न.पा .................वडा नं.

: अस्थाई ......................... जिल्ला .................... गा.पा./न.पा ................. वडा नं.

३. उमेर .............४.लिङ्ग ..............५.भाषा (घरमा वोलिने) .........................................

६. धर्म .....................

### जनसांख्यिकीय पक्ष

| क्र.सं | सदस्यको नाम | लिं. | उमेर | घरमूलीको नाम | वैवाहिक अवस्था | विवाह गर्दा उमेर | शिक्षा | मुख्य पेशा | धर्म | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

**सङ्केतहरु**

**लिङ्गः**(पु)पुरुष (म)महिला

**वैवाहिक अवस्थाः**(वि.)विवाहित (अ.) अविवाहित (विदु/विधु) विदुर/विधुवा (स.वि) सम्वन्धविच्छेद (पु.वि.) पुनःविवाह (ए.वि/व.वि) एकलविवाह/वहुविवाह (छु.ब.) छुट्टिएर बसेको

**शिक्षाः**(अ.)अनपढ (सालेप)साधारण लेखपढ (प्रा.शि.) प्राथमिक तह सम्मको शिक्षा (नि.शि.)निम्न माध्यमिक तह सम्मको शिक्षा (मा.शि.) माध्यमिक तहसम्मको शिक्षा (उ.शि.)उच्च शिक्षा (स्ना.शि.)स्नातक तहसम्मको शिक्षा (स्ना.को.शि.) स्नातकोत्तर तहसम्मको शिक्षा (वि.वा.) विद्यावारिधि

**पेशाः**(कृ.)कृषि (प.पा.)पशुपालन (व्या.)व्यापार (स.जा.) सरकारी क्षेत्रमा जागिर (अ.जा.)अन्य क्षेत्रमा जागिर (वै.रो.) वैदेशिक रोजगार (अ.)अन्य

**धर्मः**(हि.)हिन्दु (बौ.) बौद्व (कि.) क्रिश्चियन (अ.)अन्य

१७) तपाईंलाई थाहा भएअनुसार तपाई यहाँ कहिलेदेखि बस्दै आउनुभएको हो ?

क) वर्ष थाहा भएमा ..........वर्षदेखि        ख) वर्ष थाहा नभएमा............. पुस्तादेखि

१८) तपाईंको विवाह भएको भय कहिले र कुन ठाउँबाट विवाह गर्नुभएको हो ?

............................ ठाउँबाट .............................. वर्ष अघि ................ वर्षको उमेरमा

१९) तपाई विवाहित हो भने कुन प्रकारको विवाह गर्नुभयो ? र तपाईंलाई मनपर्ने विवाह कुन हो ?

........................ विवाह र मनपर्ने विवाह ...........................................हो ।

२०) तपाईंको समाजमा कस्ता -कस्ता विवाह हुने गरेका थिए छन् ?

क) पहिला ..................................................................................................

ख) अहिले ..................................................................................................

२१) विवाहमा पहिला र अहिलेमा के-के कुराहरूमा भिन्नता छ ?

...................................................................................................................

२२) पहिले र अहिले विवाह गर्ने उमेरमा परिवर्तन छ ? छ भने कारण के होला ?

...................................................................................................................

२३) तपाईंले कस्तो प्रकारको विवाह गर्नुभयो ?

क) सजातीय        ख) अजातीय

२४) तपाईंको समुदायमा विवाहमा मामा, ताम्बा, गान्बा र लामाको भूमिका के-के कुराहरूमा पाइन्छ ?

क) मामाको ..................................................................................................

ख) ताम्बाको ..................................................................................................

ग) लामाको ..................................................................................................

घ) गान्बाको ..................................................................................................

२५) तपाईंको समुदायमा मागी विवाह संस्कार कस्तो छ ?

क) पहिलेको जस्तो        ख) केही परिवर्तन        ग) पुरै परिवर्तन

२६) मागी विवाहमा पहिला र अहिले के-के कुरामा भिन्नता छ ?

..........................................................................................................................................

२७) विवाह गर्दा स्वाँगे बार्ने चलन छ कि छैन ?

क) छ　　　　　　　　　ख) कहिँकतै छ　　　　　　　　　ग) छैन

२८) आजकल विवाह कहाँ गएर हुने गरेको छ ?

क) घरमै　　　ख) गुम्बामा　　　ग) पार्टी प्यालेसमा　　घ) मन्दिरमा　　ङ) अन्य

२९) मागी विवाह मा केटी माग्दा कसरी को मार्फत भएर कुरा चलाइन्छ ?

क) आँफै गएर　　　ख) ताम्बाको मार्फत गएर　　　　　ग) अन्य कोहीलाई भन्न लगाएर

३०) फुपुमामा चेलाचेली विवाह गर्ने सम्बन्धमा तपाईंको धारणा कस्तो छ ?

क) अमिल्दो　　　ख) सहमत　　　　ग) अपूर्ण सहमत　　　　घ) पुर्ण सहमत

३१) तामाङ जातिमा प्रायः आफ्नै वरपरको गाउँघरको  कुटुम्बसँग विवाह गर्ने चलन लाई के भन्नुहुन्छ ?

क) ठिकै　　　　　　　ख) राम्रो　　　　　　　　　　ग) नराम्रो

३२) मागी विवाह गर्दा रीत  पुर्याएर गर्नुपर्छ?

क) पर्छ　　　　　　　　　ख) पर्दैन　　　　　　　　　　ग) केही पर्छ

३३) छोरी माग्नु पहिला सगुन पोङ लिएर जाने चलन छ कि छैन ?

क) छ　　　　　　　　ख) कहीँकतै छ　　　　　　　　　ग) छैन

३४) छैन भने किन नभएको होला?

क) खर्च हुने भएर　　　　　　ख) झन्झटिलो हुने भएर　　　　　ग) थाहा नभएर

३५) केटी पक्ष सकारात्मक भएपछि कर्जेल पोङ लाने चलन छ कि छैन ?

क) छ　　　　　　　　ख) कहिँकतै छ　　　　　　　　ग) छैन

३६) कर्जेल पोङ खाइसकेपछि केटी अन्तै भागेर विवाह गरेको खण्डमा पोङ फर्काउने चलन छ कि छैन ?

क) छ　　　　　　　　ख) कहिँकतै छ　　　　　　　　　ग) छैन

३७) वेहुलि लिन जाँदा चारदाम पोङ लाने चलन छ कि छैन ?

क) छ　　　　　　　　ख) कहिँकतै छ　　　　　　　　ग) छैन

३८) जनै सुपारी गर्ने चलन छ कि छैन ?

क) छ　　　　ख) कहिँकतै छ　　　　ग) छैन

३९) छ भने यो चलन कसरी आएको हो?

क) देखासिकिमा　　　　ख) राम्रो लागेर　　　　ग) प्रभावमा

४०) विवाह मा निम्तो कसरी पठाईन्थ्यो / पठाईन्छ ?

क) पहिलाः　सुपारी दिएर　　मौखिक रुपमा भनेर　　पत्र पठाएर

ख) अहिलेः　सुपारी दिएर　विभिन्न माध्यमले खवर सम्प्रेषण गरेर　निमन्त्रणा कार्ड पठाएर

४१) विवाहमा दाइजो लेनदेन चलन छ कि छैन ?

क) छ　　　　ख) कहिँकतै छ　　　　ग) छैन

४२) छ भने कति दिनुपर्छ र छैन भने किन नभएको होला ?

..............................................................................................................................

...........................................................................................................

४३) विवाहमा लगाइने पोशाक मा के- के परिवर्तन भएका छन् ?

..............................................................................................................................

...........................................................................................................

४४) विवाहमा बजाइने बाजा कुन हो र अहिले कुन - कुन बाजा बजाउने पाइएको छ ?

..............................................................................................................................

...........................................................................................................

४५) तामाङहरू सिँदुरपोते गर्छन् कि गर्दैनन् ?

क) गर्छन्　　　　ख) कहिँकतै गर्छन्　　　　ग) गर्दैनन्

४६) मागी विवाहमा अनुमानित खर्च कति हुन्छ ?

.....................................................................................................................

४७) बर्षे डाङ गर्ने चलन छ कि छैन ?

क) छ                    ख) कहिँकतै छ                    ग) छैन

४८) छैन भने किन नभएको होला?

क) थाहा नभएर                    ख) झन्झटिलो हुने भएर                    ग) खर्च हुने भएर

४९) अन्तर्जातीय विवाहलाई समाजले स्विकार्य गर्थ्यो / गर्छ कि नाई ?

क) पहिला ...............................................................................................................

ख) अहिले ...............................................................................................................

५०) तपाईंको विचारमा यसरी मागी विवाह संस्कारमा आएको परिवर्तन के कारणले जस्तो लाग्छ ?

क) पश्चिमी सभ्यताको असर  ख) सहरीकरण  ग) विश्वव्यापिकरण  ग) हिन्दुकरण  घ) शिक्षा र चेतनाको विकास  ङ) बसाइसराइ  च) पुस्तान्तरणमा ह्रास  छ) अन्य....................................................

५१) तामाङहरू जन्म महिना र जन्म वर्षमा मागी विवाह नगर्नुको कारण के हो ?

...............................................................................................................

५२) रीत भात र चारदाम सम्बन्धी धारणा कस्तो छ ?

क) उचित          ख) अनुचित          ग) व्यर्थ          घ) फजुल          ङ) एक परम्परा

धन्यवाद ।